अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

# भिक्षु ज्ञानपूर्णिक महास्थविरको

# रचना - संग्रह

सम्पादिका:

**अनागारिका उप्पलवण्णा (उत्पलवर्णा)**

Dhamma Digital

Downloaded from http://dhamma.digital

अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

भिक्षु ज्ञानपूर्णिक महास्थविरको

# रचना संग्रह

सम्पादिका :

अनागारिका उप्पलवण्णा (उत्पलवर्णा)

Downloaded from http://dhamma.digital

प्रकाशक :

सन्ति सुखावास प्रकाशन समिति

चाकुपाट - २२, ललितपुर

[ © सर्वाधिकार रचनाकारमा सुरक्षित ]

बुद्ध सम्बत् : २५४८

नेपाल सम्बत् : ११२४

बिक्रम सम्बत् : २०६१

इस्वी सम्बत् : २००४

प्रथम संस्करण : १००० प्रति

मूल्य : रु. ४०/-

Dhamma.Digital

कम्प्यूटर लेआउट :

गोविन्द ह्यूमत, रामकृष्ण लामिछाने व सुरेन्द्रकुमार राजथला

मुद्रक :

न्यू नेपाल प्रेस

प्रधान कार्यालय :

१४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं ।

फोन: ४४३४८५०, ४४३४७५३; फ्याक्स: ४४३३९२९

व्यापारिक कार्यालय :

शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०; फ्याक्स: ४२५८६७८

Downloaded from http://dhamma.digital

# विषय-सूची


| क्रसं | विषय | पाना नं |
|---|---|---|
| १. | प्राक्कथन | क |
| २. | दुई शब्द | ज |
| ३. | प्रकाशकीय | ठ |
| ४. | त्रिरत्न गुणानुस्मरण | १ |
| ५. | एशियाई बौद्ध संस्कृति | ७ |
| ६. | आजको युगमा बुद्धको सम्झना ! | १२ |
| ७. | बुद्धोपदेश ब्रह्मचर्य | १७ |
| ८. | बुद्धधर्म र शान्ति स्तूप | २८ |
| ९. | शान्ति छाएको बुद्ध-जयन्ती ? | ३७ |
| १०. | त्रिविध भय दुःख-जराः | ४० |
| ११. | रोग व्याधिः | ४२ |
| १२. | मृत्यु-मरणः | ४४ |
| १३. | सुख र शान्तिको अचूकपथ | ५० |
| १४. | अहिंसा | ५९ |
| १५. | वर्तमान नेपाली बुद्धधर्मस्थिति | ६५ |
| १६. | नेपालको बुद्धधर्म | ७० |
| १७. | सिद्धार्थ गौतम बुद्ध-पुत्र : राहुल | ७२ |
| १८. | रक्षक नै भक्षक | ७८ |
| १९. | धेरै जान्दैमा धर्मधर बन्दैन | ८४ |
| २०. | धर्मद्वीप ! अनन्य शरण | ८९ |
| २१. | सर्वोत्कृष्ट संग्रह ? | ९६ |
| २२. | महासंघ दान | १०५ |
| २३. | हामी के बनौं ? | ११० |
| २४. | मानवता कि दानवता ? | ११३ |
| २५. | असल सन्तान पाउनु कसरी | ११७ |
| २६. | बुद्धधर्ममा द्वन्द समाधान विधि | १२४ |


Downloaded from http://dhamma.digital

# प्राक्कथन

अतीतकालमा दीपङ्कर तथागतका सम्मुख बुद्धत्वको प्रणिधान गरी तथागतबाट नियत भविष्यद् ब्याकरण प्राप्त गर्नु भए पछि शाक्यमुनि बुद्धले यस भद्रकल्पमा कलियुगको प्रथम पादमा सम्यक् सम्बोधि ज्ञान प्राप्त गर्न सक्षम बन्नका लागि आवश्यक गुण, योग्यता, दक्षता, क्षमता, शक्ति, विविध चक्षु, ज्ञान, प्रज्ञा र अनुभव हासिल गर्न कै लागि तदनन्तर बोधिसत्त्वको रूपमा चार असंख्येय र एक लाख कल्पसम्म अनेकौं जन्महरू ग्रहण गर्दै दश पारमिता, दश उपपारमिता र दश परमार्थ पारमिताहरू पूरा गरी लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्याहरू परिपूर्ण गरी २५९३ बर्ष अघि बोध गयामा पिपल बृक्षमुनि सम्यक् रूपमा ध्यान गर्दै सम्यक सम्बोधि ज्ञान लाभ गरी बुद्ध बन्नु भयो। त्यस पछि देव ब्रह्मा मनुष्य सहितका लोकका उपर असीम करुणा राख्तै त्रिलोकमा निरन्तर ४५ बर्षसम्म विचरण गर्दै शाक्यमुनि तथागतले स्थान, समय र पुद्गल विशेषका योग्यता, क्षमता, पुण्य, संस्कार, प्रणिधान र सदाकांक्षालाई सुहाउने गरी लोकलाई विभिन्न प्रकारले दुःखबाट मुक्ति दिलाउन इहलोकमा सुख शान्ति र परलोकमा सुगति लाभलाई सुनिश्चित गराउने सुगम मार्ग देखि जाति जरा ब्याधि मरण भयादिबाट सदा सर्वदाको लागि विमुक्ति दिलाउने निर्वाणसम्म मै पुऱ्याउने गम्भीर धर्मोपदेश समेत दिनु भएको हुँदा बुद्धधर्मलाई सजिलोमा अति सजिलो मान्न सकिन्छ भने सूक्ष्ममा अति सूक्ष्म, कठीनमा अति कठीन र गम्भीरमा अत्यन्त नै गम्भीर मानिन्छ। अविद्यामा फंसी तृष्णाका वशिभूत रही लोभ द्वेष र मोह जस्ता अकुशल धर्महरूबाट आक्रान्त सर्वसाधारण प्रमादी लोकजनहरूको गति अपायगतितिर नै बढी उन्मुख रहनु



Downloaded from http://dhamma.digital

अस्वाभाविक होइन । तसर्थ सर्वसाधारण लोकजनका लागि निर्वाण धर्मलाई प्राप्तगर्न नसिकएसम्म अपाय गतिबाट निरन्तर बच्दै संसार चक्रमा विचरण गरी आर्य मार्ग र फल को अभ्यास र आचरण गर्न पाइने निश्चित आश्वासन पाइनु पनि अत्यन्त दुर्लभ रहेको हुन्छ । बुद्धधर्मले धनी गरीव, ठूला साना, शिक्षित अशिक्षित, सपाङ्ग अपाङ्ग, सबल निर्बल, बाल बृद्ध वनिता, दीन दु:खी, असहाय अनाथ जो सुकैले केही विशेष परिश्रम नगरीकनै र खास केही खर्च नगरीकनै केवल त्रिरत्न प्रतिको प्रगाढ, निश्चल, दृढ र परिशुद्ध श्रद्धा, आस्था र निष्ठाको भरमा जीवन भरका लागि प्राप्तगर्न सकिने त्रिरत्न शरणगमन कुशललाई जीवनको अन्तिम घडीसम्म स्मरण गरी सुरक्षित राख्न सकेमा पनि अपाय-दुर्गति-विनिपात-नरक गतिबाट मुक्त रहेर सुगति प्राप्तगर्न सकिने निश्चितताको आश्वासन दिने भएकोले यो धर्म र शासन सजिलोमा निकै सजिलो, सुगममा सान्है सुगम र सरल मानिनुमा कुनै आश्चर्यको कुरो र हुँदैन । अरूले सम्पादन गरेका महान् दान पुण्य कार्यलाई भित्री अन्त:स्करणदेखि निसंकोच रही हर्षित प्रमुदित भई साधुकार दिई अनुमोदन मात्र गर्ने पुद्गललाई पनि उक्त दानी सरहकै अपरिमित पुण्य फलको भागी बन्ने आश्वासन दिने बुद्धधर्म त्यसैले निकै सजिलो धर्म मानिन्छ । विश्व भरिका श्रद्धालु लोकजनमा त्रिरत्न शरणगमनलाई जीवन भरका लागि ग्रहण गर्दै त्रिरत्नको नित्य पूजा, अर्चना र उपासनामा बढी श्रद्धा र भक्ति दर्शाउने व्यवहारिक प्रवृत्ति अपेक्षाकृत बढी देखिनुको एउटा कारण यो पनि हो ।

वास्तवमा बुद्धले देखाउनु भएको मार्ग प्रज्ञाको मार्ग, निर्वाणको मार्ग हो । भवचक्र रूपी अनन्त दु:खमय संसारबाट सदाका लागि विमुक्ति प्राप्तगर्न निर्वाण प्राप्तगर्न उत्प्रेरित गर्नु नै बुद्धधर्मको मूल उद्देश्य र एक मात्र लक्ष हो । निर्वाण धर्मलाई विपश्यना ज्ञान-प्रज्ञाको सर्वोच्च स्तरको विकासले मात्र साक्षात्कार गर्नसकिने हुन्छ । शील समाधि र प्रज्ञाको मार्ग सजिलो भने पक्कै हुँदैन । निर्वाण मार्ग र फललाई प्राप्त



Downloaded from http://dhamma.digital

गराउने प्रज्ञाको विकास र लाभको साधना र मार्ग अत्यन्त कठीन, अत्यन्त सूक्ष्म र अत्यन्त गम्भीर हुन्छ। यसलाई साधक, योगी वा व्यक्ति आफैले आफैं पुण्य बल, बुद्धि, बर्कत, वीर्य, समाधि, ध्यान, साहस र उत्साहले नै पार गर्दै नाम रूप धर्मका त्रिलक्षण धर्म स्वभावलाई यथार्थ रूपमा जान्ने बुझ्ने र अनुभव गर्ने विपश्यना ज्ञान-प्रज्ञालाई सर्वोच्च स्तर सम्ममा विकसित गरी सम्पूर्ण क्लेशमलहरू र आश्रवहरूलाई जरा सहित निशेष रूपमा निरोध हुने गरी उन्मूलन गर्न सक्नुपर्छ। अनि मात्र निर्वाणलाई प्राप्त गर्न सकिने हुन्छ। यस्मा तथागत स्वयं पनि केवल पथ प्रदर्शक, उत्प्रेरक र मार्गदर्शक मात्र रहनु हुन्छ। धर्म र संघ पनि केवल मार्ग प्रदर्शक मात्रै रहन्छन्। हात समाएर निर्वाणमा पुऱ्याउने काम कसैबाट हुने व्यवस्था बुद्धधर्ममा पाईदैन। तसर्थ आफ्नै प्रयासद्वारा निर्वाणमा पुग्न, जोड दिने बुद्धधर्म कठीनमा अति कठीन छ, गम्भीरमा अति गम्भीर छ र सूक्ष्ममा अति सूक्ष्म छ। त्यसैले होला, बुद्धधर्मलाई प्रज्ञावान्हरूका लागि धर्म पनि भनिन्छ।

लोकजन माथि असीम मैत्री, करुणा र अनुकम्पा राख्ने बुद्धधर्मका अनुचर श्रमण, ब्राह्मण, भिक्षुहरू, धर्मकथिकहरू, ज्ञाताहरू, विज्ञहरू र विद्वान्हरूले धर्मको यही स्वभावलाई लोकजनलाई राम्ररी चिनाउन, बुझाउन, सम्झाउन र जीवनमा अकुशल कर्म-पाप कर्मबाट विरत रही सम्यक् दृष्टिलाई अंगाली यथासम्भव जति सक्यो बढी कुशल मूल पुण्य कर्मको साधना, आचरण र अभ्यासमा निरन्तर लागी अत्यन्त दुर्लभ र अनमोल रहेको मानव जुनीलाई कम्तिमा पनि वर्तमानमा सुख शान्ति र परलोकमा सुगति लोकमा पुग्न सकिने सम्मको धर्मको अभ्यासमा लगाई अन्तत्वोगत्वा निर्वाणलाई नै प्राप्त गर्ने लक्ष राखी निरन्तर सद्धर्मको अभ्यास, आचरण र साधनामा लाग्ने दिशा र मार्गमा आरूढ हुन श्रद्धालु लोकजनलाई आकर्षित, उत्साहित र उत्प्रेरित गर्ने महत् उद्देश्यले संसारको स्वभाव, मानवको लक्ष र बुद्धोपदेशित धर्मका विविध पक्षलाई अनेक प्रकारले विश्लेषण, विवेचना र व्याख्यान गर्दै समय समयमा



Downloaded from http://dhamma.digital

धर्मोपदेश गर्ने गराउने, धर्मको साकच्छा गर्ने गराउने, ग्रन्थहरू, लेखहरू र रचनाहरू लेख्ने लेखाउने र प्रचार प्रसार गर्ने गराउने कार्यलाई प्रोत्साहित गरिआएको पाइन्छ । मानव समाजबाट मानव जीवनबाट मानव मन मस्तिष्क र संस्कारबाट विकारहरू विकृतिहरू र विसंगतिहरूलाई हटाउन पनि यस प्रकारको सद्धर्मको प्रचार प्रसार कार्यहरू आवश्यक हुन्छन्, उपयोगी हुन्छन् र अपेक्षित हुन्छन् ।

बुद्धधर्मको यही उद्देश्य, आदर्श र परम्परा अनुरूप किशोरावस्थादेखि धर्ममा प्रव्रजित भई सम्पूर्ण आफ्नो जीवनलाई धर्ममा समर्पित गर्नु भएका प्रस्तुत संग्रह ग्रन्थका ग्रन्थकार धम्माचरिय, कम्मट्ठानाचार्य, धर्मदूत ओवादाचार्य, अग्गमहासद्धम्म जोतिक धज विशिष्ट विद्वान् भदन्त ज्ञानपूर्णिक महास्थविरज्यूले आफ्नो मातृभूमि नेपालका सद्धर्मका मुमुक्षुहरू उपर असीम मैत्री र करुणा राख्दै सर्व साधारण श्रद्धालु लोकजन समेतका अनन्त हित सुख कल्याणार्थ आधुनिक युगमा बुद्धधर्मको भण्डार र खास गरेर अभिधर्मका केन्द्र र विपश्यनाको महान् कर्मभूमि रहेको बौद्ध देश म्यान्मारमा मात्र पाइने अत्यन्त रोचक, ज्ञान बर्द्धक र गहन धर्म ग्रन्थहरू मध्येबाट छानी छानी आफ्नो मातृ भाषा र नेपाली भाषामा अनुवाद समेत गरी पालि मूल ग्रन्थहरू र अन्य ग्रन्थहरू समेतका अनुवादहरू समेत गरी हालसम्ममा चार दर्जन भन्दा बढी अनमोल ग्रन्थहरू प्रकाशनमा ल्याउनु भई सद्धर्मको ठूलो सेवा र नेपाली बुद्धधर्मावलम्बीहरूलाई ठूलो गुणोपकार गर्नु भएको छ । शासनधज धम्माचरियको उच्च स्तरसम्म म्यानमारमा बुद्धधर्मको अध्ययन गरी वर्तमान युगका महान् विद्वान् साधक विपश्यनाचार्य अग्गमहापण्डित ऊ. शोभन महाशी सयादो जस्ता विशिष्ट ध्यान गुरुका सन्निकटमा रही परियत्ति, प्रतिपत्ति र प्रतिवेध शासनको गहन साधना र अभ्यास गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि ख्याति प्राप्तगर्नु भएका भदन्तज्यूका अधिकांश ग्रन्थहरू त्यसैले निकै सद्धर्मप्रेरक, सूचनामूलक, सन्देशवाहक र उपयोगी रहेका पाइन्छन् । नेपालमा



Downloaded from http://dhamma.digital

बुद्धधर्मको प्रचार प्रसार र दिगो विकासमा र नेपाली बौद्ध वाङ्मयलाई सुसज्जित र सुसमृद्ध गर्नमा भदन्तज्यूको योगदान पनि प्रशंसनीय रहेको तथ्य जग जाहेर छ।

अहिले आएर लेखकले समय समयमा विभिन्न अवसरमा लेख्नु भएका विविध विषयका आफ्ना मौलिक लेख र रचनाहरूलाई संकलन गरी पुस्तकको रूपमा नेपाली समाजका सामु प्रस्तुत गर्ने जमर्को गर्नु भएर एउटा थप सराहनीय, उपयोगी र सामयिक काम गर्नु भएको देखिन्छ। प्रस्तुत पुस्तकमा संगालिएका २० रचनाहरूमा भदन्तज्यूले आफ्नो करीव पाँच दशकको धार्मिक जीवनमा अनुभूति गर्नु भएका वर्तमान विश्व, नेपाल र नेपाली समाजमा देखिएका विकारहरू विकृतिहरू र विसंगतिहरूको हृदय स्पर्शी झलकहरू र तिनका दिगो र स्थायी समाधानका निमित्त अवलम्बन गर्नुपर्ने धार्मिक र सामाजिक उपायहरूको सुझाउ र मार्ग समेत प्रतिबिम्बित रहेको पाश्नाले लेखकको धार्मिक व्यक्तित्व, अपार र गहन अनुभव र शान्ति प्रतिको दिगो र स्थायी शान्ति प्रतिको उहाँको चिन्तन चाहना, कामना र प्रतिबद्धता समेतलाई प्रतिनिधित्व गर्ने खालका छन् भन्दा अतिशयोक्ति हुने छैन। प्रस्तुत ग्रन्थमा संगालिएका रचनाहरू सद्धर्मप्रेरक विचारोत्तेजक, चेतनामूलक, सूचनामूलक र उपयोगी रहँदा अत्यन्त समसामयिक पनि पाइन्छन्। बुद्धको जन्मभूमि रहेको शान्ति क्षेत्र नेपालको जन जीवन, समाज र आचार विचार मनोवृत्तिमा हालसालै देखापरेको विकार र विकृतिको कारण आज हाम्रो देश पनि हिंसा, कलह, संघर्ष, अशान्ति र आतङ्कबाट पीडित हुनु परेको छ। नेपाल र नेपालीको यस्तो अवस्थाबाट चिन्तित हुनु भएका लेखकले बुद्धधर्मको शान्ति मार्ग अनुरूप वर्तमान द्वन्दको समाधान निकाल्न चाहेको भावनालाई प्रतिबिम्बित गर्ने सान्दर्भिक र सामाजिक लेखहरू समेत संग्रहित भएको प्रस्तुत पुस्तक पाठकहरूका लागि निकै अभिरूचीका विषय रहने कुराको अपेक्षा गर्न सकिन्छ।



Downloaded from http://dhamma.digital

त्रिरत्नको महान् गुण अनिशंसको स्मरण गर्दै अतीतका महान् बौद्ध विभूतिहरूले अभिव्यक्त गरेर गएका उद्‌गारहरूलाई समेती "त्रिरत्न गुणानुस्मरण" शीर्षक अन्तर्गत संग्रहित गरिएको यस पुस्तकमा "आजको युगमा बुद्धको सम्झना", "शान्ति छाएको बुद्ध-जयन्ती" "सुख शान्तिको अचूक पथ", "एशियाइ बौद्ध संस्कृति" जस्ता लेखहरूमा लेखनीय शान्ति चाहनाका भावनाहरू यथेष्ट मात्रामा प्रतिबिम्बित रहेको पाइन्छ भने "बुद्धोपदेश-ब्रम्हचर्य", बुद्ध धर्म र शान्ति स्तूप, "त्रिविध भय दुःख-जरा व्याधि र मरण" "धर्मद्वीप-अनन्य शरण", "सर्वोत्कृष्ट संग्रह," "रक्षक नै भक्षक", "धेरै जान्दैमा धर्मधर बन्दैन" भन्ने जस्ता लेखहरू सद्धर्मको गुण र विशेषताका विषयमा सही र पर्याप्त जानकारी दिने खालका पाइन्छन् ।

सच्चा अर्थमा बुद्धको धर्म मानववादी धर्म हो । यस पृथ्वी र चक्रवालका समस्त जीवनधारीहरू मध्येमा मानवलाई नै सर्व श्रेष्ठ मान्नु हुने बुद्धले त्यसैले मानवलाई नै सम्यकसम्बुद्धत्वको अधिकारी सिद्ध गर्नु भएको पाइन्छ । "जिएर मर्नु भन्दा मरेर जिउनु मनुष्यको लागि श्रेयष्कर छ", "मानव मनलाई निर्माणतिर दोहोऱ्याउने कि विनाशतिर दोहोऱ्याउने हो, त्यसको निर्णय पनि मानवले आफैंले गर्नु पर्दछ र गर्न सक्तछ", "मानवको शक्ति अपार छ, अपरम्पार छ" भन्ने सारयुक्त सन्देश दिने "हामी के बनौं", र "मानवता कि दानवता" शीर्षकका रचनाहरू छोटो भएर पनि अत्यन्त महत्वपूर्ण छन् भन्ने "बुद्धधर्ममा द्वन्द समाधान विधि" नामक लेखकको रचना वर्तमान सन्दर्भमा निकै अर्थपूर्ण, आवश्यक र सामयिक रहेको पाइन्छ ।

"बुद्ध प्रवेदित धर्म सार्वदेशिक, सार्वभौमिक, सार्वयानिक, सार्वभाषिक, सार्वजातिक, सार्वकालिक, पारलौकिक र असाम्प्रदायिक धर्म रहेको थियो, रहेको छ र रहिरहने छ" भन्ने प्रभावशाली शंखघोष गरी विशिष्ट बौद्ध विद्वान् लेखक भदन्त ज्ञानपूर्णिक महास्थविरज्यूले यस पुस्तक मार्फत बुद्धोपदेशित धर्मको सार्थकता, सर्वश्रेष्ठता र निरन्तर सान्दर्भिकतामा आफ्नो अटूट र गहन आस्था र विश्वास रहेको आत्म



Downloaded from http://dhamma.digital

विश्वासलाई सशक्त ढंगमा प्रभावशाली तरीकाबाट प्रस्तुत गर्दै आफ्नो परिपक्वता, योग्यता र धर्ममा दक्षता पनि नेपाली समाज छेउ प्रष्टयाउनु भएको पाइनुमा यस पुस्तकको अर्को विशेषता रहेको देख्न सकिन्छ।

आकारमा सापेक्षिकतामाः सानै भए पनि प्रस्तुत लेख संग्रहको पुस्तक सबै खालका, सबै स्तरका पाठकहरूका निम्ति रोचक, उपयोगी र संग्रहणीय रहने अपेक्षा मैले लिएको छु। भदन्तज्यूबाट यस्ता गहकिला पुस्तकहरू निरन्तर भविष्यमा पनि प्राप्त हुँदै जान सकोस् भन्ने सदाकांक्षा राख्तै लेखक श्रद्धेय भन्तेको आयु आरोग्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। साधुवाद।

चिरं तिट्ठतु सासनं ॥

विनीत
आर. बि. वन्द्य

"वन्द्य निवास"
प्यूखा टोल, का.म.पा. वडा नं. २४
काठमाडौं।
दिनाङ्क : २०६१।५।१२।७



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# दुई शब्द

नेपाल सुपुत्र भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ । वहाँको गौरब-गाथाले हामी पनि आफूलाई गौरवान्वित सम्झन्छौं । लोक अग्र, लोक जेष्ठ, लोक श्रेष्ठ भगवान् अरहत् सम्यक्सम्बुद्ध देवादि मनुष्य सम्पूर्ण लोकको शास्ता (गुरु) हुनुहुन्छ । आफू स्वयं पनि मानव रूपमा प्रकट हुनु भएका वहाँले देव ब्रह्मादिहरूलाई भन्दा पनि मानवलाई बढी प्रोत्साहित पार्नु हुन्छ । मानव जीवनलाई सर्वोत्कृष्ट महान जीवन सम्झनु हुन्छ; मान्नु हुन्छ । मानव जति माथि चढ्नसक्ने प्राणी वहाँले यो जगतमा अरू कसैलाई देख्नु भएको पाईदैन । सर्वज्ञ स्वयम्भूज्ञानधारी वहाँले "मनुष्यत्वलाई अत्यन्त दुर्लभ" मान्नु भएको छ जस्तै जान्नु पनि भएको छ । देव ब्रह्मादि अवस्थामा पुगेर तिनीहरूले यो विश्व जगतलाई ठोस सार केही पनि दिनसकेको पाईदैन । तरजब प्राणी मनुष्य रूपमा रहन्छ; मानवोपयोगी गुण पनि उसमा हुन्छ भने उसबाट जे जति यो जगतलाई कल्याण हुन्छ, सुख हुन्छ, आनन्ददायी फल हुन्छ; त्यस्को लेखा जोखा कसैले पनि गर्न सकिन्न । मानवगुणले मानवताले उसलाई सर्वोच्च शिखरमा पुऱ्याइ दिन्छ । सदा सर्वदाको लागि सम्पूर्ण दु:खबाट मुक्ति दिलाउनसक्ने अवस्थासम्म त्यो पुग्न जान्छ । जसरी बुद्ध स्वयं पुग्नु भएको थियो । वहाँका लाखौं करोडौं आर्यश्रावक शिष्यहरूले पनि त्यो अवस्था मानव जीवनमा रहेर नै हासिल गरी धन्य हुन पुगेका थिए, पुगेका छन् र पुग्नसक्नेहरू पनि खालि हुने छैनन् । जबसम्म यस धरतीमा बुद्धवचन, बुद्धोपदेश बुद्ध अनुशासन यथावत् विद्यमान



Downloaded from http://dhamma.digital

रहिरहने छन्, जबसम्म त्यसका अनुगामिहरू त्यस दिशातिर उन्मुख भई बाटो नबिराई गतिशील भएर निरन्तर अनुगमन, अनुशीलन, अनुपालन परिचालन गरिरहने छन्, सत्य निष्ठ भई, तबसम्म त्यस सुपरिणाम शुभ प्रतिफलबाट कोही पनि बिछोड र विमुख हुने छैनन् । मुख्यत: मानवले मानवतालाई बचाइराख्नु अत्यन्त जरुरी छ । तर जब मानवले मानवताको साथ छोडी दानव प्रवृत्तिलाई अपनाई बढावा दिने छन्; तब त्यो दानवताले मानवको सम्पूर्ण अस्तित्व नै मेटाइ दिने छन्, नष्ट भ्रष्ट ध्वस्त पारिदिने छन् । यो विश्व जगतलाई खरानीमा मिलाई दिने छन् । आजको यो विश्व जगत जुन बाटोबाट अगाडि बढिरहेको छ, त्यसलाई नियालेर हेर्दा त शनै: शनै: मानवताको ह्राश हुँदै दानवताले ठाउँ ओगट्दै आइराखेको स्पष्ट भान हुन्छ । जसको प्रतिफल स्वरूप मानवले मानवतालाई चिन्न छोडी सकेको छ । मानवको मूल्य र मान्यतालाई धूलोमा मिलाउने प्रयास जारि हुन गइराखेको छ । यो धरती आज धर्म, न्याय, शान्ति, प्रेम, करुणा, मैत्री आदि जस्ता मानवीय गुणहरूबाट टाढिँदै गई त्यसको सत्तामा अधर्म, अन्याय, अशान्ति, घृणा, द्वेष, व्यापाद, आघात, कोप, क्रोध, आक्रोश, ईर्ष्या, जलन, प्रतिशोध आदि दानवीय दुर्गुणहरूले ठाउँ ओगट्दै गइराखेको छर्लंग छर्लङ्गिन लागिपरेको छ । शुद्ध, स्वच्छ, निर्मल पानीको कर्णप्रिय शीतल कलकल ध्वनिको खोलो बग्नुको सत्तामा आजकाल रगतको रातो खोलो बगी सबैको मुटु छलछलाउन थालिएको छ । खल बलाउन थालिएको छ । ढलमलाउन खोजिएको छ ।

त्यसैले मानवीय मूल्य र मान्यतालाई कदर गर्नुहुने बुद्धलाई, आत्मविश्वास जगाई नोकरशाही प्रवृत्ति त्याग्न लगाई आत्म निर्भर हुन आत्मद्वीप आत्म प्रकाश आत्म शरण बन्न प्रेरित गर्नुहुने सम्यक्सम्बुद्धलाई हामी सबैले सही रूपमा चिन्नु पर्‍यो, आत्मसात गर्नु पर्‍यो । अपनाउनु पर्‍यो, वहाँको अमृत सन्देशलाई बुलन्द गर्नुपर्‍यो ।



Downloaded from http://dhamma.digital

मानवतालाई जोगाउने अभियान चलाउनु पर्‍यो । नत्र हामी सबै दानवताको अग्निज्वालामा होम्न पुग्नेछौं । हे मानव । सचेत होऊ; ब्युँझ । जाग । उठ । दानवतालाई अन्त्य गर । समाप्त पार ।

आज यस विश्व जगतमा मानवताको अत्यन्त खाँचो भइराखेको छ । मानवमा मानवता सुरक्षित रहेमा मात्र विश्वजगत वास योग्य हुनसक्छ, विश्वमा शान्ति ल्याउन सक्छ, शान्ति छाउन सक्छ, सच्चिदानन्दको अनुभूति लिएर रमाउन सक्तछ । अन्यथा अन्यथा नै हुनजाने छ । यो निश्चित छ ।

यस किसिमको मानवीय भावना जगाउन प्रेरित र प्रोत्साहित पार्दै यस "रचना संग्रह"को निमित्त प्राक्कथन लेखी यस पुस्तकको प्रतिष्ठा बढाइदिनु भएकोमा वहाँ कर्तव्यनिष्ठ, धर्मबन्धु, धर्म रसानुभवी श्री आर.बी. वन्धज्यू प्रति हार्दिक साधुवाद नदिई रहन सक्तिन ।

बर्षौं देखि यत्र तत्र सर्वत्र छरिरहेका रचनाहरू खोजि खोजी संकलन गरी माला गाँसेझैं गाँसेर पुस्तकको रूप दिलाई "रचना संग्रह" सम्पादन गरेर प्रकाशनमा ल्याउने धर्मकी बहिनी अनागारिका उप्पलवण्णा (उत्पलवर्णा) कत्तिको प्रशंसाभागी रहेकीछे वर्णन गर्नुपर्ने आवश्यकता नै पर्ला जस्तो लाग्दैन । वहाँको यो दूरदर्शी क्रियाकलापप्रति अत्यन्त अत्यन्त आभारी एवं कृतज्ञ छु । साँच्चिकै साधुवादकी पात्री वहाँ भइराखेकी छे । पाठक महानुभावहरूले यसको अवश्यमेव नै कदर गर्ने छन् र यस पुस्तकबाट अलिकति भए पनि लाभान्वित हुनसकेको खण्डमा वहाँ बहिनी अनागारिकाको प्रयास सफल मान्न सकिने छ ।

त्यस्तै यस पुस्तक प्रकाशनमा प्रकाशकीय आर्थिक भार वहन गरी गुण गर्न श्रद्धा व्यक्त गर्ने "सन्ति सुखावास प्रकाशन समिति" लाई त जति साधुवाद र कृतज्ञता प्रकट गरे पनि अपुग नपुग नै रहिरहने भयो ।



Downloaded from http://dhamma.digital

अन्त्यमा यस पुस्तक प्रकाशन कार्यमा दिलोज्यान दिइकन काय, वाक्, मनसा लागिपर्नु भएका "न्यू नेपाल प्रेस" का यस सम्बन्धित सबै प्रेस परिवारलाई सहृदय आभार एवं कृतज्ञता ज्ञापन गर्दै यो दुई शब्द कोर्नबाट बिदा लिन चाहन्छु । अस्तु !

सबैको मंगल होस् ! सबैलाई सुख मिलोस् !

**भिक्षु ज्ञानपूर्णिक**

**विश्व शान्ति विहार**
**मीन भवन**
**नयाँ बानेश्वर, काठमाडौं ।**
**दिनाङ्क : २०६१।६।१९।३ मा**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

धेरै वर्ष अघि देखि समय समयमा भिक्षु ज्ञानपूर्णिक महास्थविर ज्यूद्वारा रचित लेख रचनाहरू संकलन गरी यो "रचना संग्रह" प्रकाशमा ल्याउन पाउँदा "सन्ति सुखावास प्रकाशन समिति" लाई हर्ष लाग्नु स्वाभाविककै कुरो हो ।

श्रद्धेय भिक्षुज्यूले आफ्नो मौलिक विचारधारा पोखीलेख्नु भएका पुस्तकहरू विरलै देखिन्छन् । यस बारेमा वहाँसंग कुरा नउठेका पनि होइनन्; कहिलेकाँहीं चर्चा परिचर्चा पनि हुने गर्थ्यो । यस विषयमा वहाँको भावना थियो- "बुद्धशासनमा अत्यन्त दक्षता प्राप्त अनुभवी विद्वान विद्वान महास्थविरहरूले सारा त्रिपिटक भित्र आफै डुबी त्यसको मन्थन गरी अमृतको सार निकालेझैं निकाली प्रामाणिक रूपमा लेखिराखेका पुस्तक एवं ग्रन्थहरू नै यो धरतीमा छ्याप् छ्याप्ति छन्; ती ग्रन्थहरूको सही अध्ययन समेत हामीले कहिले गर्न सकिने हो ? त्यसलाई छाडेर त्रिपिटकको एउटा मात्र ग्रन्थ पनि मन्थन गर्न नसक्ने हामी जस्ता व्यक्तिहरूले यहाँको अलिकति त्यहाँको अलिकति सुनेर पढेर मनचाही कुराहरू टिपेर विद्वान रूप धारण गरी जुन रूपमा पुस्तकहरू लेख्ने गर्दछन्, त्यस किसिमको अर्काको बुद्धिको भरमा अल्झी आफ्नो बुद्धिले नभ्याएको बुद्धवचनलाई धक्का पुऱ्याउने अरूहरूलाई सही दिशाबोध गराउन नसकी गलत मार्ग निर्देशन दिने खालको भ्रम सृजना गर्ने अपरिपक्व बुद्धि र अनुभवहीन विचारधाराहरू अगाडी सारी केही लेख्ने मन ममा छैन । एउटा अक्षर एक शब्द तल माथि हुँदाखेरि त कत्रो भूल



Downloaded from http://dhamma.digital

कत्रो भ्रम र कत्रो हानी हुनसक्छ भने बुद्धवचनलाई नै बंग्याउन सक्ने कपोलकल्पित विचारधारा जोडी म केही लेख्न चाहन्न भन्नु हुन्थ्यो वहाँ ।

त्यसैले वहाँलाई प्रामाणिक रूपमा लेखिराखेका अनुभव प्राप्त साँच्चिको विद्वत्ताले परिपूर्ण धुरन्धर व्यक्तिहरूद्वारा लिखित ग्रन्थहरूको आफ्नो बुद्धि विवेकले भ्याए सम्मको भाषान्तरण गरी नेपालीहरूलाई बुद्ध-धर्म सम्बन्धी सही ज्ञान दिलाई आँखा खोल्ने काम मात्र गर्न चाहनु हुन्छ वहाँ । वहाँबाट अमूल्य अमूल्य पुस्तकहरू करीब ४-दर्जनभन्दा बढी भाषान्तरण भई प्रकाशित पनि भइसकेका छन् ।

अहिले आएर यो वहाँको बाध्यतावश रचना गरिराखेका मौलिक रचना संग्रह प्रकाशनमा ल्याउन पाइरहेको हाम्रो आफ्नो सौभाग्य जस्तो ठान्दछौं । किनभने यही नै वहाँको मौलिक रचना भएको हुनाले हो । यदाकदा लेखको रूपमा वहाँ केही लेख्नु हुन्छ, अरूहरूको अनुरोध अनुसार । आफै भने वहाँ कुनै पुस्तक लेख्न तयार नभएको कुरा उपर्युक्त वहाँका कथनहरूले प्रष्ट पारिसक्नु भएको छ ।

तसर्थ विरलै रूपमा प्राप्त यस "रचना संग्रह" बाट पाठक महानुभावहरूले जीवनोपयोगी केही कुराहरू हासिल गरी आ-आफ्नो जीवनलाई मानवोचित ढंगले अगाडि सारी अरूहरूको निमित्त पनि केही उपकार हुन सकिएको खण्डमा हामी अत्यन्त खुशी हुनेछौं । यही नै प्रकाशनको उपादेयता हो भनेर पनि सम्झनपुग्ने छौं ।

सबैको कल्याण होस् । सबैलाई शान्ति मिलोस् ॥

सन्ति सुखावास प्रकाशन समिति

दिनाङ्क : २०६१।६।१९।३ मा चाकुपाट-२२, ललितपुर ।



Downloaded from http://dhamma.digital

# त्रिरत्न गुणानुस्मरण

बुद्ध, धर्म र संघ यी तीन रत्नहरूको देन, यसको महत्व, यसको नमस्कार योग्य कारणहरू व्यक्त गर्दै आफ्नो ग्रन्थ "पाराजिककण्ड अट्ठकथा" को ग्रन्थारम्भमा बुद्ध-शासनको इतिहासमा शासन अभिवृद्धिको निम्ति अद्वितीय योगदान प्रदायक आचार्य भदन्त महाबुद्धघोष स्थविरले आन्तरिकभावपूर्ण नमस्कार दर्शाउनु हुन्छ :

**"यो कप्पकोटीहि पि अप्पमेय्यं,**
**कालं करोन्तो अतिदुक्करानि ।**
**खेदं गतो लोकहिताय नाथो,**
**नमो महाकारुणिकस्स तस्स ॥"**

अर्थात्- "जुन सत्त्वलोकको आश्रयदाता लोकनाथले सत्त्वलोकको हित एवं कल्याणको निम्ति कोटी कोटी कल्पसम्म पनि अप्रमेय चार असंख्य र एक लाख कल्पको समयसम्म अतिदुष्कर पञ्चमहान परित्याग आदि पुण्य कार्यहरू गरी शारीरिक पीडा कष्ट सहनु भयो, त्यस महाकारुणिक लोकनाथलाई म नमस्कार गर्दछु ।"

**"असम्बुद्धं बुद्धनिसेवितं यं,**
**भवाभवं गच्छति जीवलोको ।**
**नमो अविज्जादि-किलेसजाल-**
**विद्धंसिनो धम्मवरस्स तस्स ॥"**

अर्थात्-"बुद्धद्वारा सधैं सेवित जुन चारमार्ग, चारफल र निर्वाण - सहितको नव लोकुत्तर धर्मलाई, स्वभावत: साक्षात्कारगर्न नसकी जीवलोक



Downloaded from http://dhamma.digital

सुगति र दुर्गति जस्तो ठूलो सानो जन्ममा पुग्नुपरेको छ ; अविद्या आदि क्लेशजाललाई निरवशेष विध्वंशपार्ने त्यस उत्तम धर्मलाई म नमस्कार गर्दछु ।"

"गुणेहि यो सीलसमाधिपञ्ञ-
विमुत्तिञाणप्पभुतीहि युत्तो ।
खेत्तं जनानं कुसलत्थिकानं,
तमरियसंघं सिरसा नमामि ॥

अर्थात् - "जुन आर्यसंघ चतुपारिशुद्धिशीलादि शील, प्रथमध्यानादि समाधि, आर्यमार्ग प्रज्ञा, फलसमापत्ति, पाँच प्रत्यवेक्षणज्ञान आदि लौकिक लोकुत्तर गुणहरूले युक्तभएको छ, कुशल चाहना गर्ने जनहरूको पुण्यक्षेत्र त्यस आर्यसंघलाई म शिरले नमस्कार गर्दछु ।"

"दीघ, मज्झिम, अंगुत्तर अट्ठकथा" को ग्रन्थारम्भमा पुन: सोही आचार्य भदन्त महाबुद्धघोष स्थविर भन्नुहुन्छ; "शीतल हृदयी, संसारको अन्धकारलाई हटाउने ज्योतिपुञ्ज, करुणामय बुद्ध, बुद्धभाव समेत दिनसक्ने, अनुत्तर धर्म, मारशैन्य मथनकर्ता, सुगत औरसपुत्र संघ, शिरले नमस्कार गर्न सुयोग्यपात्र; वस्तुत: त्रिरत्न नि:सन्देह सुखप्रदायक नै हुन् । अत: मेरो मस्तक स्वत: यसरी नत हुन्छ :-

"करुणासीतलहदयं, पञ्ञापज्जोतविहतमोहतमं ।
सनरामरलोकगरुं, वन्दे सुगतं गतिविमुत्तं ॥"

अर्थात्-"करुणा अभिसिञ्चित शीतल हृदय भएको, प्रद्योतित प्रज्ञाज्योतिले मोहरूपी अन्धकारलाई हटाउनुभएको, देव मनुष्यसहित लोकको गौरवपात्र गुरु गतिविमुक्त सुगतलाई म वन्दना गर्दछु ।"



Downloaded from http://dhamma.digital

**"बुद्धोपि बुद्धभावं, भावेत्वा चेव सच्छिकत्वा च।**
**यं उपगतो गतमलं, वन्दे तमनुत्तरं धम्मं ॥"**

अर्थात्-"जुन मलरहित धर्मलाई भाविता एवं साक्षात्कारगरी बुद्ध पनि बुद्धभावमा पुग्नुभएको थियो; त्यस अनुत्तर (जोडी बिनाको) धर्मलाई म वन्दना गर्दछु।"

**"सुगतस्स ओरसानं, पुत्तानं मारसेनमथनानं।**
**अट्ठन्नम्पि समूहं, सिरसा वन्दे अरियसंघं ॥**

अर्थात्- "मारसैन्यलाई मथनगर्ने सुगतका औरसपुत्रहरू हुन्। ती आठ (८) आर्यपुद्गल समूह संघलाई म शिरले वन्दना गर्दछु।"

त्रिरत्नको महानता बाह्य आडम्बरमा होइन, यो आन्तरिक संवेदनशीलतामा र प्रत्यक्षीकरणमा रहेको छ। स्वानुभूतिद्वारा यसको साक्षात्कार हुन्छ। बुद्धश्रावकहरू यसका साक्षी स्वरूप हुन् भनी आर्यगुणालंकृत स्थविरहरूको प्रत्येक क्रियाकलापलाई मूल्यांकनगर्दै प्रस्तुतगर्न प्रयत्नशील आचार्य भदन्त धर्मपाल स्थविरले आफ्नो कीर्ति 'थेर-गाथा अट्ठकथा' को ग्रन्थारम्भमा त्रिरत्नप्रति श्रद्धोन्नत हुँदै भन्नुहुन्छ :-

**"महाकारुणिकं नाथं, ञेय्यसागरपारगुं ।**
**वन्दे निपुणगम्भीरं-विचित्रनय-देसनं ॥"**

अर्थात्-"ज्ञेयसागरबाट पार जानुभएको, निपुण गम्भीर विचित्रनय देशनागर्ने महाकारुणिक नाथलाई मेरो वन्दना छ।"

**"विज्जाचरणसम्पन्ना, येन निय्यन्ति लोकतो।**
**वन्दे तमुत्तमं धम्मं-सम्मासम्बुद्धपूजितं ॥"**



Downloaded from http://dhamma.digital

अर्थात-"जुन धर्मको कारणले विद्या र चरणसम्पन्न पुरुषहरू यस लोकबाट बाहिर निस्कन्छन्, सम्यक्सम्बुद्धद्वारा पूजित त्यस उत्तम धर्मलाई मेरो वन्दना छ।"

**"सीलादिगुणसम्पन्नो, ठितो मग्गफलेसु यो।**
**वन्दे अरियसंघं तं, पुञ्ञक्खेत्तं अनुत्तरं ॥"**

अर्थात्-"जुन आर्यपुद्गल शीलआदि गुणले सम्पन्नभई मार्गफलमा स्थितभए, बिना जोडीको पुण्यक्षेत्र त्यस आर्यसंघलाई मेरो वन्दना छ।"

बुद्ध त्यो महापुरुष हो, जसको महाकरुणा असीम छ। आफ्नो हातमा आएको परमसुख त्यागेर दुःखमय जीवन व्यतीतगरी परहितचर्यामा लाग्नु बुद्धबाट नै हुनसक्छ। त्यो गुण बुद्धलाई दिने धर्म नै हो। धर्मले नै यो संसारमा दुष्कर्म र पापलाई पन्छ्याउन सक्तछ। त्यही धर्म धारणगरी आठ आर्यपुद्गलसमूह विशुद्ध, निर्मल र स्वच्छ भए। शीलादि गुण-धर्मले परिपूर्ण भए। अतः यी त्रिरत्न नै पूजनीय हुन् भन्नेभाव प्रकटगर्दै "अभिधानप्पदीपिका" शब्दकोष ग्रन्थकार सद्धर्म चिरस्थितिकामी मौद्गल्यायन स्थविरले भावविभोर हुँदै त्रिरत्न प्रणाम गर्नुहुन्छ :-

**"तथागतो यो करुणाकरो करो।**
**पयात-मोसज्ज सुखप्पदं पदं ॥**
**अका परत्थं कलिसम्भवे भवे,**
**नमामि तं केवल वुक्करं करं ॥**

अर्थात् - "महाकरुणाको आधार हुनुभएको जुन तथागतले हातमा पर्नलागेको लोकुत्तर सुखदिने निर्वाणलाई त्यागी दुःखको



Downloaded from http://dhamma.digital

कारण अथवा क्लेशमलस्थान संसारमा अतिदुष्कर कार्य गरी परार्थचर्या गर्नुभयो, त्यस तथागतलाई म नमस्कार गर्दछु।"

"अपूजयुं यं मुनिकुञ्जरा जरा,
रूजादि मुत्ता यहिमुत्तरे तरे ।
ठिता तिवट्टम्बु निधिं नरा नरा,
तरिंसु तं धम्ममघप्पहं पहं ॥"

अर्थात्- "जरा, व्याधि आदि भयउपद्रवबाट मुक्तभइसकेका, मुनिकुञ्जर (बुद्ध) हरूले जुन १० प्रकारका धर्मलाई आचार्यस्थानमा राखी पूजागरे; पवित्रधर्मरूपी नाउमा सदाचरणद्वारा चढी देवमनुष्यहरूले त्रिलोकरूपी समुद्र पारगरे; दुष्कर्म अथवा पापलाई हटाउने त्यस धर्मलाई म नमस्कार गर्दछु।"

गतं मुनिन्दो रससूनुतं नुतं ।
सुपुञ्ञक्खेत्तं भूवने सुतं सुतं ॥
गणम्पि पाणिं कतसंवरं वरं ।
सदा गुणोघेन निरन्तरं तरं ॥

अर्थात्-"मुनिन्द्र भगवानको औरसपुत्रको रूपमा रहेको, प्रशंसनीय एवं पूजनीय, राम्रो पुण्यबीज रोप्ने क्षेत्र, त्रिलोक प्रख्यात, क्लेश-पानी न चुहुने, प्राणप्रिय प्रातिमोक्षसंवरशील सम्पन्न, देव मनुष्य अभिलषित शीलादि गुणसमूहले सधैं आप्लावित त्यस आठ (८) आर्यपुद्‌गल समूह संघलाई म सधैं नमस्कार गर्दछु।"

सर्वथा अन्धकारलाई हटाउनसक्ने क्षमता कसैमा छ भने त्यो बुद्ध नै छ। संसाररूपी हिलोबाट कसैले कसैलाई उतार्न सकिन्छ भने त्यो पनि तथागत नै हुन्। यस्तो दुष्कर क्रियाकारी तथागत बुद्धको



Downloaded from http://dhamma.digital

प्रमाणबाट नै यो संसारले भयउपद्रवबाट छुट्कारा पाउन सकिनेछ। यो अन्तर्दृष्टि प्रस्तुतगर्दै "अभिधर्मकोश" जस्तो अमूल्य एवं प्रसिद्ध ग्रन्थरत्नका रचनाकार आचार्य वसुबन्धु बुद्धलाई ग्रन्थारम्भमा सर्वप्रथम अभिवादन चढाउँदै श्रद्धा प्रकट गर्नुहुन्छ :

"यः सर्वथा सर्वहतान्धकारः,
संसारपंकाज्जगदुज्जहारः ।
तस्मै नमस्कृत्य यथार्थशास्त्रे,
शास्त्रं प्रवक्ष्याम्यभिधर्मकोशम् ॥"

अर्थात्- "जसले सबै अन्धकारलाई सर्वथा विनाश गर्नुभयो, जसले संसार-पंकबाट जगत्‌को उद्धार गर्नुभयो, यथार्थवादी उनी शास्तालाई म अभिधर्मकोश नामक शास्त्र प्रवचनपूर्व, नमस्कार गर्दछु।" ■



Downloaded from http://dhamma.digital

# एशियाइ बौद्ध संस्कृति

संसारमा हामीले धेरै प्रयासगर्ने तर परिभाषा दिनपर्दा अलमलिनपर्ने विविध शब्दहरू मध्ये एक सभ्यता हो, अर्को हो संस्कृति । साधारणतः परम्परागत पूर्खा पूर्खाहरूद्वारा अंशको रूपमा पाइआएता पनि क्रमशः युग अनुसार परिवर्तित तथा परिवर्द्धित भइआएको विचारपक्ष धारणापक्ष र रुचिपक्षलाई अभिसंस्कारित जसले गर्छ, त्यसैलाई संस्कृति भन्दछन् । अतः युगको अपेक्षानुसार सभ्यताको विकास संगसंगै संतुलित भइ यो परिवर्तन भइरहने छ ।

प्रत्येक व्यक्तिको विचारधाराले पुरानोपन त्यागदै नयाँपन लिंदै आइरहेको छ । यस्तै देश ग्राम र त्यहाँको परिस्थिति अनुसार विचार धारा अनुसार आफ्नो रूप धारणगर्दैछ । बसोबास र त्यहाँ त्यहाँको परिस्थितिले झन् त्यस्को रूपलाई विविध प्रकारले बनाउँदै गईरहेको थियो र बनाउँदै गईरहेको छ पनि । अमेरिकी संस्कृतिमा अमेरिकी विशेष अपनत्व भए रसियाको संस्कृतिमा अर्कै, फेरि रसियाको अर्को भए चीनको झन् अलग्गै । अतः यस्को अपवाद हाम्रा देश मात्रै बन्न सक्दैन । हाम्रो नेपालको पनि आफ्नै संस्कृति छ । तर विश्वको जुनसुकै भूभागमा बसेता पनि आखिर सबै मानिस भएको हुनाले सबैको संस्कृतिमा मानवीयपक्षमा एकरूपता पनि हुन्छ । बौद्ध संस्कृतिको दृष्टिकोणबाट हेर्दा हाम्रो नेपाल र अरू अरू देशका अथवा विश्वका संस्कृतिमा व्यक्तिको भेद पाउँन सकिन्न । हो, देश काल परिस्थितिद्वारा बौद्ध संस्कृतिमा केही देशानुरूप कालगत



Downloaded from http://dhamma.digital

क्रमानुकूल हावापानी माटोघाटो अनुसार बनेको संस्कृतिमा अन्तर नभए त्यो आखिर जीवनसित गतिशील संस्कृति पनि त हुनसक्दैन । तर बौद्ध संस्कृतिको आफ्नै विशेषता छ, त्यसले जहाँ स्थानीय संस्कृतिमा प्रभुत्व राख्दैन त्यहीं आफ्नो बहुजन हितकारी जन कल्याणकारी उद्देश्यलाई पनि बिर्सदैन । जस्को निमित्त बौद्ध संस्कृति संकुचित नभई विस्तृत भयो । जुन जाति, वर्ण, लिंगद्वारा उत्पन्नहुने संकीर्णता अबौद्ध संस्कृतिमा पाइन्छ, त्यो बौद्ध संस्कृतिमा छैन । सबै जाति, सबै वर्ण, सबै लिंगका व्यक्तिहरू बुद्धधर्ममा प्रवेशगर्दा सबैले समान अधिकार पाउँछन् । चाहे त्यो व्यक्ति शुद्रवर्णको किन नहोस्, यदि त्यस्ले सर्वप्रथम भिक्षुत्व लिइराखेको छ भने उसलाई अरू अरू भिक्षुहरूले आदर प्रकट गर्नुपर्दछ, गौरव प्रदर्शन गर्नुपर्दछ । म ब्राह्मण म क्षत्रीय भन्ने भावना त्यहाँ हुनसक्दैन । सबैमा एकता रहन्छ । त्यो हामीलाई उपालीको जीवनीबाट र बुद्धदेशित वसल सुत्त (=चण्डाल सूत्र) बाट अवबोध हुनसक्छ ।

बौद्ध दर्शनको अन्य विशेषता हो करुणाभाव । सबै प्रति दया मैत्री र सहिष्णुता कायमराख्नु बुद्धको अमृतोपदेश हो । बुद्ध भन्नु हुन्छ, जुन भिक्षुले एकचुटिक जत्तिको अल्पसमय मात्र पनि सत्त्वप्राणिहरू प्रति मैत्रीभाव राख्दछ , त्यस्ले ग्रहण गरेको राष्ट्रको पिण्ड उऋण हुन्छ । दक्षिणापथवासी भिक्षु पूर्णलाई बुद्धले उपदेश गर्नुहुँदै सोध्नु भएको थियो- पूर्ण, दक्षिणापथका मानिसहरू अति असभ्य क्रोधी, सहिष्णुता रहित छन्, तिमी त्यहाँ जाँदा तिमीलाई उनीहरूले गाली दिए तिमी के गर्छौ ?

पूर्णले जवाफ दियो "भन्ते, म थान्छु, यिनीहरूले मलाई गालीसम्म दिए हात, खुट्टा, लट्ठी आदिले पिटेका छैनन्, कुटेका छैनन्,



Downloaded from http://dhamma.digital

प्रहार गरेका छैनन् । यिनीहरू धेरै राम्रा व्यक्तिहरू हुन् ।" यस्तै क्रममा बुद्धले सोध्दै जानुहुन्छ र अन्तिम अवस्थामा बुद्धले सोध्नुहुन्छ 'पूर्ण यदि तिनीहरूले तिम्रो ज्यानै लिए, तिम्रो प्राणै हराई दिए, तिमी के गर्छौ ?"

पूर्णको जवाफ हो- "भन्ते, म यिनीहरू प्रति क्रोध गर्दिन। द्वेष राख्दिन । मैत्रीचित्त राखि आफ्नो जीवन त्यागगर्ने छु नै । बुद्ध त्यो प्रत्युत्तर देखि अत्यन्त प्रसन्न भई साधुकार दिंदै भन्नु हुन्छ "साधु साधु पूर्ण, तिमी दक्षिणापथमा धर्मप्रचारको निमित्त योग्य छौ । अब पूर्ण, तिमी दक्षिणापथमा बुद्धधर्म प्रचारार्थ जाऊ ।

हामीलाई थाहा छ, यही पूर्णका चारित्रिकगुण भएका भिक्षुहरूबाट बौद्ध संस्कृतिको व्यापक प्रचार र प्रसार संसारभर हुनसक्यो ।

बुद्धधर्म एक ठाउँबाट अर्को ठाउँमा प्रवेशगर्दै गयो, साथसाथै संस्कृति पनि अनुशरण गर्दै रह्यो । तर आफ्नो संस्कृति जमाउनलाई त्यसले कतै हिंसा वा विग्रह गरेको देखिंदैन । बरु, जहाँ जहाँ प्रवेशगरे, त्यहींको सभ्यता र संस्कृति संगसंगै मिलिजुली बौद्ध संस्कृति स्थापना गरियो । जनताले बौद्ध संस्कृतिलाई आफ्नै संस्कृति माने र यसको विकासार्थ योगदान दिनुमा कतै केही असर बांकी राखेन ।

राजा अंशुबर्माकी छोरी भृकुटी तिब्बतमा पुगिन् । त्यहाँ बौद्ध संस्कृति स्थापना गरिन्; तर तिब्बतीय संस्कृतिमा आफ्ना प्रभुत्व जमाई बलात् त्यसको स्थापना गरेकी थिइनन् । त्यहाँको संस्कृति संगसंगै आफ्ना संस्कृति मिलाई उनीहरूमा पुराना अविकशित र दुर्बल संस्कृतिलाई विकसित एवं बलियो पारिदिइन् र तिब्बतीहरूलाई सभ्य समाजमा लगाईदिइन् । एकता स्थापित



Downloaded from http://dhamma.digital

गराइदिइन् । परिणामत: तिब्बती जनताले बौद्ध संस्कृतिलाई आफ्नै संस्कृति माने ।

साहित्य, संगीत, नृत्य, मूर्ति र चित्रकलादि क्षेत्रमा पनि बौद्ध संस्कृतिद्वारा एशियाइ जनजीवनमा जुन एकताको सम्बन्ध जोडियो त्यसकै फल एशियाइ आचार विचार समानता, रुचिएकरूपता हो । यस सांस्कृतिक संयम कति प्रेमपूर्वक भयो त्यसको उदाहरण स्पष्ट छ । जुन बेला भारतमा बौद्ध-धर्मको प्रचार एवं प्रसार शिखरमा पुगीरहेको थियो, त्यस बेला आधुनिक युगमा जस्तो क्षणभरमा विश्वब्यापी रूपमा प्रचार प्रसार हुने साधनहरू केही थिएनन् । यस अभावलाई मानवीय श्रद्धाको र प्रेमको बलले पूर्तिगऱ्यो । चिनियायात्री ह्वेन सांग, इत्सिंगहरू अनेक दु:ख, कष्ट र पीडा झेलि आफ्ना प्राण समेतको ख्याल नराखी भारतको भ्रमणमा भारत आइपुगेको, त्यहाँको साहित्यको अध्ययन गरेको अनि त्यस संस्कृतिलाई आफ्ना संस्कृति मानेको एवं त्यही बीज रोप्न फेरी चीन फर्केको यसको ज्वलंत उदाहरण हो ।

नृत्य र संगीतमा पनि एशियाइ एकदेशसंग अरू देशको संस्कृतिमा जुन समरूपता पाइन्छ, त्यसको कारण बौद्ध संस्कृति हो । थाइलैण्ड र बर्माको संगीत र नृत्यले एकअर्कोलाई त्यत्तिकै आल्हादित पार्दछ, त्यत्तिकै उत्तेजित पार्दछ, त्यत्तिकै रसिलो बनाउँछ । एकको धारणा अरूको धारणामा दूध र पानी मिलेझैं मिल्नजान्छ ।

चित्रको रेखात्मक सामंजस्य एवं रंग विश्लेषणको अभिन्नता जुन एशियाइ देशहरूमा छन्– त्यसको मूलश्रेय बौद्ध संस्कृतिलाई छ । अजंताका चित्रकार श्रीलंकाको महितल चित्रालयमा जांदा आफ्नै अनुरूप पाउँछ ।



Downloaded from http://dhamma.digital

एशियाइ मूर्ति, जसले सैकडौं कोस दूरमा रहेका मानवलाई पनि आफ्नै घरको अनुहारको जस्तो अनुभव गराउँछ, त्यसमा पनि बौद्ध संस्कृतिकै हात छ । अजन्ताको कलाकारहरूको बिशाल बिशाल बुद्ध-मूर्ति देखेर चिनियाहरूको १००० बुद्धको गुफाका मनलाई त्यत्तिकै शान्ति सुखको अनुभव गराउँद छ, जत्ति तिनीहरूको देशका मूर्तिहरूले गराउन सक्दछन् । साँचीको स्तुप हेरी श्रीलंकाको अनुराधपुरको स्तुप अनुभवगर्नु श्रीलंकाको अनुराधपुरको स्तुप देखि साँचीको स्तुपको याद आउँनु यसैको अर्को उदाहरण हो ।

वस्तुत: बौद्ध संस्कृतिले सारा एशियाइ जनजीवनमा जुन भाइचाराको स्नेहपूर्ण सम्बन्ध स्थापित गरिदियो, त्यसको श्रेय बौद्ध सांस्कृतिक-सेतुलाई छ । जुन सांस्कृतिक-सेतुद्वारा एशियाइ जनतामा एकशब्दको एकरसको एकस्वरको, एकलयको, एकतालको एकरेखाको, एकमूर्त रूपको सुखद जीवन एवं शान्त जीवनको साथसाथै विश्व-शान्तिको आकांक्षा जगाउनलाई बाटो बनाइदियो । अस्तु ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# आजको युगमा बुद्धको सम्झना !

वर्षेनी जस्तै यस पालि पनि हामीले भावी बुद्ध बोधिसत्त्व सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र वहाँको महापरिनिर्वाण दिवसको सम्झनामा २५४३- सौं बुद्ध-पूर्णिमा, पुष्पपूर्णिमा, बुद्ध-जयन्ती मनाउन लागिरहेका छौं। बुद्धलाई सारा विश्वले सम्झने अवस्था यो हो। यस समयमा बुद्धको महिमा सबैको मनमा छाइरहेको हुन्छ । वहाँको महानता झल्किरहेको हुन्छ । शान्ति दाता, शान्ति-मार्ग प्रणेता शान्ति-नायक, शान्तिका अग्रगामी, एशियाको ज्योति मात्र नभई वह अहिले विश्वज्योति समेत हुनपुग्नु भएको छ।

आधुनिक युगको लागि या त युद्ध कि त बुद्धको आवश्यकत विश्वभरले महसूस गरिरहेको छ। संहार चाहनेहरूको निमित्त युद्ध उपहार चाहनेहरूको निमित्त बुद्ध, महत्त्वपूर्ण भइरहेको छ । यदि मानिस मानिस भएर बाँच्ने हो भने त बुद्धको शिक्षा आजको आवश्यकता र माग हुनुपरेको छ । नत्र भने विश्वका नेत कहल्याइएका मानिसहरूको मन मस्तिष्कमा आधुनिक जमानाक प्रलयंकारी किराहरू किटाणुहरू पर्ने बित्तिकै यस ब्रह्माण्डम विध्वंशकारी आगो दन्किने सुनिश्चित छ । बाहिरको आगो त्यतिसाह्रो सन्तापदायक नभएता पनि आन्तरिक आगो राक्षसरूप धारण गरी जब सल्किने छ तब परालको आगो जस्तो त्यो आगो साराविश्वमै रन्किने छ। त्यसलाई बचाउने उद्धारकर्ता अरू कोही हुनै सक्तैन, मात्र बुद्ध र वहाँको शिक्षा बाहेक ।



Downloaded from http://dhamma.digital

खुल्ला मनमस्तिष्क तयारपार्न शुद्ध स्वच्छ दिल दर्शाउन काम क्रोध लोभ मोह तृष्णा ईर्ष्या मान अभिमान आदिलाई हटाउनु नितान्त आवश्यक छ । ती मानसिक विकृतिहरूलाई हटाउनसक्ने शिक्षा पन्छाउन पाइने तरीका बुद्धशिक्षामा मात्र सम्भव छ । किन कि त्यसमा बदलाको भावनालाई कथमपि प्रश्रय र प्रोत्साहन दिइराखेको पाइन्दैन । कारण बुद्ध-शिक्षा मैत्री करुणा र अविहिंसा प्राधान्य रहेको शिक्षा हो । जसमा शत्रुता वैरभाव अनि आघातबाँध्न छुट दिइराखेको हुँदैन । प्रतिघाट एवं प्रतिशोधको भावनालाई त्याग्ने बित्तिकै मनको जुन राक्षसी प्रवृत्ति हो त्यसले प्रश्रय पाउँनै सक्तैन । त्यसैबाट जुनसुकै किसिमको आगोको ज्वालालाई पनि शान्त र शमन एवं उपशमनपार्न अवश्यमेव सजिलो हुन्छ र सघाउ पुऱ्याउँछ ।

बुद्धको उपदेश अस्थायी शान्तिको लागि खालि क्षणिक रूपमा चित्त बुझाउने र राउण्ड टेबुल कन्फरेन्शगर्ने खालको मात्र होइन । वहाँको उपदेश त समस्याको जरो नै उखेलेर कहिल्यै पुनः बिउ उम्रन र निस्कन नसक्नेगरी ध्वष्टनष्ट पार्ने उपदेश हो । त्यसैले प्रत्येक व्यक्तिको आ-आफ्नो अस्तित्व महत्त्वपूर्ण छ बुद्धको शिक्षामा । कारण व्यक्ति व्यक्तिहरूको संगठनात्मक शक्ति नै समस्ति हुने भएकोले हो । कपडा बुन्नको लागि एक एक धर्को धागोको त्यतिकै महत्त्व रहेको हुन्छ । एक एक धागोको धर्को मिलेर जुटेर नै समस्तिगत रूपमा कपडा अस्तित्वमा आउँछ । त्यसैले धर्म व्यक्तिगत हुन्छ । बुद्धको शिक्षामा व्यक्तिको सुधारलाई प्राथमिकता दिइराखेको छ । प्रत्येक व्यक्ति सुध्रिएमा मात्र परिवार परिवार सुध्रिन्छ । परिवार सुध्रिएमा छर छिमेकी सुध्रिन्छ । छरछिमेकि सुध्रिएमा टोल सुध्रिन्छ । क्रमशः गाउँ, नगर, निगम, जिल्ला, अंचल, प्रदेश एवं देश सुध्रिन्छ । राष्ट्र राष्ट्र सुध्रिएमा नै विश्व सुध्रिन सक्छ । अन्यथा



Downloaded from http://dhamma.digital

शान्तिको नारा, वा सुधारको बोलबाला विकासको मूल फुटाउने कुरा, विश्वलाई स्वर्ग तुल्याउने प्रपोगण्डा दिवास्वप्न नै हुन जाने छ । कपोलकल्पित मात्र रहिरहने छ ।

आज जुन किसिमको वातावरण विश्वमा छाइरहेको छ, त्यसलाई राम्ररी नियालेर हेर्ने हो भने बुद्धले दिनु भएको शान्ति परमशान्तिको शिक्षालाई वास्तविक रूपमा अंगीकार गर्नसक्ने स्थिति समेत सृजना भएको देख्नपाईंदैन । धर्म धर्म बीच, व्यक्ति व्यक्ति बीच, सम्प्रदाय सम्प्रदाय बीच, समुदाय समुदाय बीच, संगठन संगठन बीच, शंका उपशंका, आशंका, अविश्वास, प्रतिस्पर्धा, गलत सोचाई, असहयोग, असहमति, सानो ठूलो उच्चनीच आदि प्रतिशोधात्मक, व्यापादग्रस्त, अभिमानपूर्ण, ईर्ष्यायुक्त, डाह र जलनले भरिएको स्थिति बढ्दै गइरहेको देखापर्न आउँछ । सद्भावना, सहिष्णुता, प्रेम, दया, कृपा, सहयोग, परोपकार, आस्था, निष्ठा, विश्वास, सहमति, मैत्री, करुणा, प्रसन्नता, प्रफुल्लितता, आपसी स्नेह, समता, समझदारीको भावना ढुंगेधाराका मूलहरू सुकेझैं सुक्दै गइरहेको पाइन्छ । यसले गर्दा बुद्धको सम्झना पनि वर्षको एकपटक सम्झिने करकापको सम्झना, देखावती सम्झना एवं सभा सम्मेलन पछिको अन्तिम घोषणा-पत्र जस्तो मात्र हुन गइरहेको छ । खास कार्यान्वयन केही पनि भएको देखापर्दैन ।

यसको खास कारण त बुद्धको वास्तविक महिमालाई सहीढंगले नबुझ्नाको कारणले पनि हुनसक्छ । बुझेता पनि बूझ पचाएर बस्नाले पनि हुनसक्छ । खालि नाराबाजीगर्ने होहल्ला मचाउने ध्वाँगफुक्ने स्वाँगगर्ने बानी बनिसकेकोले पनि हुनसक्छ । अनि प्रचारबाजी मै सबै ठीक हुन्छ भन्ने धारणाले ग्रसित भएको कारणले पनि हुनसक्छ ।



Downloaded from http://dhamma.digital

किनभने आजकाल गर्नुभन्दा बोल्नुमा नै मानिसमा दिलचस्पी बढिरहेको पाइन्छ । नेतागिरीको स्थापना त्यसैमा भइरहेको र सार्थकता पनि त्यसैमा देखापरिरहेकोले पनि हुनसक्छ ।

आज त "यथावादी तथाकारी, यथाकारी तथावादी" को जमाना "आउट् अफ् डेट्" भइसके जस्तो देखिन्छ । हुन पनि हो, यस्तो स्थिति भगवान् बुद्धले देखाउनु भएको अहिले २५।२६ सय वर्ष नाघिसक्यो । अहिलेसम्म त्यो कहाँ तिक्न सकिएको हुनसक्ला नि त । त्यतिको पुरानो सिद्धान्त र क्रियाकलाप पुरानो अतिपुरानो भइ नै सकियो । एकएक दशक भित्र त कस्तो कस्तो परिवर्तन आइसक्ने बेलामा त्यत्रो पुरानो २५।२६ सय वर्षको कुरा अहिलेसम्म यथावत् लागू कहाँ हुन सक्नु र ।

उहिलेको जमानामा राग, द्वेष, मोह, काम, क्रोध, लोभ, ईर्ष्या अभिमान आदिलाई हटाएर पन्छाएर निर्मूल पारेर सम्पूर्ण आश्रवक्षय गरी सन्तपुरुष बन्नुको कत्रो ठूलो महत्त्व । आज त्यस्तो महान सन्तपुरुषलाई आडम्बरमा झुल्सिएका लम्पट जीवनमा अल्झिएका व्यक्तिहरूले लाटो, सोझो, केही नजान्ने, सामाजिक रीति थिति थाहा नपाउने पाखे जस्तो ठान्ने भइसक्यो । बाँदर जस्तो चंचल भएर हिंडेमा कौवाले जस्तो टाउको हल्लाएर आँखा नचाएर व्यवहारगर्न सकेमा चलाख, चतुर, चंख, क्रियाशील, बुझक्कड, समझदार, मिलनसार, सामाजिक नाउँ पाउँने भइसक्यो । त्यसको बोलबाला चर्किने भइसक्यो ।

त्यसैले बुद्धको पालामा जस्तो आँखा आदि इन्द्रियहरू संयमगरी हात गोडाहरू नचालेर टाउको न हल्लाएर चुपचाप शान्त दान्त भई हिंडेको खण्डमा त्यो मान्छे त एकदम अनौठो खालको देखिने भइसक्यो । छाती फुलाएर, टाउको ठडयाएर, हात गोडा तड्काएर



Downloaded from http://dhamma.digital

आँखा साँखा जति चाह्यो त्यति नचाएर गर्बिलो भई हिंडे गएमा मात्र फुर्तिलो मान्छे स्मार्ट ब्वाई हुन पाउँने भइसकेको छ ।

यस्तो खाले परिवर्तन आइरहेको बेलामा बुद्ध प्रतिको साँच्चैको श्रद्धा, आस्था एवं निष्ठा जगाउन सकिने हो र । पुराना जमानामा मात्र भनेको जति मान्ने खालका मान्छेहरू हुन्छन् । आजकाल त्यसो भएर कहाँ हुन्छ र । छोराछोरीको हुकुम आमाबाबुले मान्नुपर्ने भइसक्यो । कसले आमाबाबुको कुरा मान्नु नि । आमाबाबुले छोराछोरीले भने जस्तो गर्नुपर्ने अवस्था आइसक्यो । कहाँ आमाबाबुले भनेको गरिरहनु नि ।

त्यसैले आजकालको वैज्ञानिक जमानामा बुद्धको सम्भना पनि युग सुहाउँदो वैज्ञानिक तौर तरीकाले हुनु परेको भएकोले वर्षेनी एकपटक भए पुगिहाल्छ । नयाँ नयाँ फेर्दै जानुपर्छ । जहिले पनि पुरानो खाले कहाँ हुन्छ र ! वर्षेनी एकपटक सम्भिराखेकोलाई नै ठूलो काम भइरहेको सम्भिदिनुपऱ्यो । त्यसैमा चित्त बुझाउनु पऱ्यो । नत्र त त्यो पनि अलप भएर जानसक्छ, होइन र ! अस्तु । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बुद्धोपदेश ब्रह्मचर्य

बौद्धहरूको सर्वमान्य मतानुसार ईसा पूर्व ६२४ (कुनै कुनै विद्वद्वर्गको विचारमा ई.पू. ५६३) बर्ष अगाडि नेपालको पश्चिमी तराई खण्डमा शाक्यहरूको राजधानी कपिलवस्तु थियो । राजा शुद्धोदन त्यहाँका शासक थिए । उनकी दुइवटी महारानीहरू थिइन्, महामाया देवी र महाप्रजापति गौतमी । महामाया देवीको गर्भबाट सिद्धार्थ गौतमको जन्म भएको थियो । बुद्ध हुनु भन्दा अगाडि वहाँलाई बोधिसत्त्व भनिन्थ्यो । १६-वर्षको उमेरमा वहाँको विवाह यशोधरा देवीसित भयो । १३ वर्षसम्म वहाँले राजकीय जीवन जिउनु भयो, सुख शयलमा बिताउनु भयो । चार प्रकारका निमित्तहरूले वहाँलाई ठूलो झट्का दियो । वहाँ संसारको वास्तविकता देखेर जुर्मुर्याउनु भयो । २९-वर्षको जगमगाउँदो उमेरमा भरखर जन्मेको पुत्र राहुल सहित सम्पूर्ण राजपाट सुख वैभव त्यागी बोधिसत्त्व सिद्धार्थ गौतमले गृहत्याग गरे । जसलाई बौद्ध भाषामा महाभिनिष्क्रमण भन्दछ । ६ वर्षको कठीन भन्दा कठीन दुष्कर साधना र तपस्या पछि पनि वहाँलाई आफूले खोजेको सही विमुक्ति निर्वाणको पत्तो लागेन । जसको माध्यमले वहाँले सांसारिक वास्तविक दुःखबाट आफू स्वयं पनि उम्की मुक्तभई अरूहरूलाई पनि उम्काउन र मुक्तगर्न चाहनुहुन्थ्यो । त्यस पछि वहाँले मध्यममार्गको अनुशरण गर्नुभयो । कारण कामारम्मण भोग विलासिताको निरर्थकता, हीनता, ग्राम्यता, अनार्यपन र पृथग्जन सेविता हुनु र शारीरिक अतियातनाको दुःखता, अनार्यपन र निरर्थकतालाई वहाँले प्रत्यक्षतः अनुभव गरिसकेका थिए । मध्यममार्ग



Downloaded from http://dhamma.digital

त्यो हो जसमा आर्य, उच्च, श्रेष्ठ, सम्यक् सच्चरित्रता, स्थिर, एकाग्र, समाधियुक्त मनस्थिति र सही संकल्प, ज्ञान, विवेक, बुद्धि र प्रज्ञाले बास गरिरहेको हुन्छ। त्यसै मध्यममार्गको सही परिचालन, अभ्यास र भाविताद्वारा वहाँलाई बुद्धगयाको पीपलको बोटमुनि ३५-वर्षको उमेरमा अरहत्तमार्गज्ञान र सर्वज्ञताज्ञानको लाभभयो, जसलाई सम्यक्सम्बोधिलाभ भन्दछन् । वहाँ बुद्ध कहलाउनु भयो; वृक्ष बोधिवृक्ष । सात सप्ताहसम्मको आफ्नो ज्ञानको रसास्वादन विमुक्तिसुखको वास्तविक अनुभव पछि वहाँले ऋषिपतन मृगदावन (सारनाथ) मा सर्वप्रथम आफ्नो ज्ञानको सार उद्घाटन गर्नुभयो । त्यसबेला देखि ऐतिहासिक रूपमा बुद्धोपदेशको थालनी यस संसारमा हुनथाल्यो। त्यस उपदेशलाई, पहिलो पटक यथार्थ रूपमा स्वीकारगर्ने व्यक्तिहरू त्यसबेलाका ख्याति प्राप्त त्रिवेदज्ञ पाँच ब्राह्मण पण्डितहरू नै थिए। त्यसपछि त्यो उपदेशलाई राजरंक, श्रेष्ठि गृहपतिहरू देखि लिएर समाजका शोषित पीडितजनहरूले समेत स्वीकारी शान्ति र समृद्धिको आश्वाद लिँदै आए।

भगवान् बुद्धले बोधिज्ञान लाभगरी बुद्धत्व प्राप्ति पछि र ऋषिपतन मृगदावनमा प्रथम उपदेश धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि केही समयभित्रै जब आफू समेतगरी ६१-जना अरहन्त श्रावकशिष्यहरू यस लोकमा जम्मा भए, आफ्ना उपदेश प्रचार प्रसारार्थ आह्वानगर्नु हुँदै–

**"चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजनसुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं आदिकल्याणं मज्झेकल्याणं परियोसानकल्याणं सात्थं सब्यञ्जनं केवलपरिपुण्णं परिसुद्धं ब्रह्मचरियं पकासेथ; मा एकेन द्वे अगमित्थ" ।**



Downloaded from http://dhamma.digital

अर्थात्- भिक्षुहरू हो ! (अब) तिमीहरू बहुजनहित र बहुजनसुखको लागि चारिकागर्न जाऊ; लोकप्रति अनुकम्पा राखी देव र मनुष्यहरूको अर्थ, हित र सुखको निमित्त, आदि, मध्य र अन्त्य तीनै अवस्थामा कल्याण हुने सार्थ, सव्यञ्जन कैवल्य परिपूर्ण ब्रह्मचर्यलाई प्रकाशगर; तर दुइजना एउटै बाटोबाट न जाऊ" भनेर श्रेष्ठ, पवित्र, उत्तम आचरण ब्रह्मचर्य प्रकाशनार्थ आफू स्वयं पनि चारिकामा हिंड्नुभई आफ्ना श्रावकशिष्यहरूलाई पनि चारिकार्थ पठाउनुभयो । यो क्रम वहाँ भगवान् सम्यक्सम्बुद्धले ४५ वर्षसम्म यथावत् जारी नै राख्नुभयो । यहाँसम्म कि महापरिनिर्वाणको अन्तिम अवस्था मरणशय्यामा रहेर पनि वहाँले आफ्नो त्यो अपरिमित प्रयासलाई जारिराख्न पछिहट्नु भएको थिएन । अन्तिम श्वास छुउञ्जेलसम्म पनि वहाँ थाक्नु भएन । यही हो वहाँको प्राणी मात्रको सेवाको लागि समर्पित जीवनको दृष्टान्त प्रमाण र महाकारूणिकताको ज्वलन्त उदाहरण । बुद्धशिक्षा यसैमा आधारित छ । तथागतका श्रावक शिष्यहरूले पनि आफ्ना जीवनका लक्षित आधार यसैलाई बनाई बुद्धोपदेश ब्रह्मचर्य रक्षार्थ र प्राणी मात्रको सेवार्थ समर्पण गर्दै आइरहेका कुरा बुद्धकालीन अवस्था देखि लेएर आजको वर्तमान युगसम्म पनि कायम नै भएर आइरहेको छ । ठाउँ ठाउँ प्रदेश प्रदेश राष्ट्र राष्ट्रका प्रामाणिक इतिहास यसको साक्षी प्रमाणको रूपमा विद्यमान छ ।

भगवान् बुद्धले आफ्नो सार उपदेश प्रचार प्रसारार्थ चारिकागर्न आफ्ना श्रावक शिष्यहरूलाई आह्वानगर्दा वहाँले '**धम्म**=धर्म' शब्द प्रयोग नगरी "**ब्रह्मचरियं**" शब्द प्रयोगगर्नु भएकोलाई प्रत्येक धर्मनिरपेक्षी विद्वज्जनले ध्यानपुऱ्याई विचार र चिन्तन मननगर्नु, निरीक्षण र परीक्षणगर्नु नितान्त आवश्यक देखिन्छ ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धको ८० वर्षको उमेरमा कुशीनगरका मल्लहरूको शालोद्यानमा भएको महापरिनिर्वाणपछि त्यस अवस्थामा त्यहाँ एकत्रित भएका सात लाख भिक्षुसंघहरू बीच तथागतका प्रमुख श्रावकशिष्यहरू मध्येमा जेष्ठतम हुनुभएका आयुष्मान महाकश्यप महास्थविरको नेतृत्वमा र मगध सम्राट अजातशत्रुको संरक्षकत्वमा ५०० (पाँचसय) प्रतिसम्भिदालाभी अरहन्त भिक्षुहरू सम्मिलित भई बुद्धोपदेशलाई "धम्म" र "विनय" मा संकलित गरी प्रथमसंगीति सम्पन्न भयो । ८४,००० धर्मस्कन्ध र नवांग बुद्ध-शासन प्रतिष्ठापित भयो ।

भगवान बुद्धको महापरिनिर्वाणको एकसय वर्ष (**वस्ससतपरि निब्बुते भगवति-चूलवग्गो**) पछि (तर यूआन्- चुआङ्द्वारा निर्दिष्ट परम्परा अनुसार ११० वर्षपछि) आयुष्मान रेवत महास्थविरको नेतृत्वमा कालाशोक राजाको संरक्षकत्वमा बैशालीको वालुकाराम (बालिकाराम) मा ७०० प्रतिसम्भिदालाभी अरहन्त भिक्षुहरू एकत्रित भई दोश्रो संगीति सम्पन्न भयो । बुद्धोपदेशको परिशुद्धता, स्थिरता र मौलिकता कायमराख्ने प्रयास यसमा रह्यो । विशेषत: विनय सम्बन्धी नियमहरूमा कडा निगरानी राखिएको थियो ।

त्यसपछि फेरि एक अर्को शताब्दी नाघे पछि अथवा बुद्ध महापरिनिर्वाणको २३६ वर्षपछि मौर्य सम्राट् देवानाम् प्रियदर्शी अशोक महाराजको पालामा वहाँको संरक्षकत्वमा आयुष्मान महामोग्गलिपुत्ततिस्स महास्थविरको नेतृत्वमा १००० (एक हजार) प्रतिसम्भिदालाभी अरहन्त भिक्षुहरू एकत्रितभई पाटलिपुत्रको अशोकाराममा तेश्रो संगीति सम्पन्न भयो । यसमा वितण्डावादीहरूलाई हटाई बुद्धोपदेशको मौलिकता, शुद्धता,



Downloaded from http://dhamma.digital

स्वच्छता कायमगरी परिमार्जनगर्न ठूलो प्रयास गरियो। "**धम्म**" लाई दुई पिटारी (पिटक) को रूपमा सुत्तन्त-पिटक र अभिधम्म-पिटक भनी "विनय" लाई एकपिटकको रूपमा राखी **तेपिटकं बुद्धवचनं**-अर्थात् त्रिपिटक बुद्धवचनभनी स्पष्टरूपमा सुत्त, विनय र अभिधम्मपिटक देख्नमा आउनुको साथै विशेष गरेर नौवटा अन्य राष्ट्रहरूमा बुद्धोपदेशको प्रचार र प्रसारगर्न "धम्मदूत मण्डल" हरूलाई पठाउने अत्यन्त दूरदर्शितापूर्ण कदम उठाइयो । जसमा **योनक** (बेक्ट्रिया) राष्ट्र पनि समावेश थियो । यसरी बुद्धोपदेशको **प्रभाव जम्बूद्वीप** (भारत) मा मात्र सीमित नरही सुदूर राष्ट्रहरूमा समेत पुग्न सफल हुनपुग्यो ।

थेरवाद [१] को शासनिक इतिहास क्रम अनुसार २९-१७ इ. पू. तिर वट्टगामणि अभयतिस्स राजाको संरक्षकत्वमा ताडपत्रारुढको रूपमा श्रीलंकामा चतुर्थसंगीति सम्पन्न भयो ।

---

[१ **थेरवाद** को अर्थ हो स्थविर अर्थात् वृद्ध, ज्ञानी पुरुषहरू र तत्त्वदर्शीहरूको मत वा सिद्धान्त । बुद्धका प्रथम शिष्यहरूको लागि "**थेर**" शब्दको प्रयोग गरिएको छ। बुद्ध-मन्तब्यको बिषयमा उनीहरूको मत नै सर्वाधिक प्रामाणिक मानिन्थ्यो । अत: '**थेरवाद**' को अर्थ "**प्रामाणिक मत**" पनि हुनगयो । थेरवादी भिक्षुहरू "**विभज्जवाद**" का अनुयायी थिए। अत: "विभज्जवाद" र "थेरवाद" दुबै एकै वस्तुका द्योतक हुन् । "**विभज्जवादको**" अर्थ हो विभाग गरेर, विश्लेषण गरेर, प्रत्येकवस्तुको राम्रो अंशलाई राम्रो र नराम्रो अंशलाई नराम्रो भन्नु । भगवान् बुद्धले सुभ-सुत्त (मज्झिम २।५।९) मा आफूलाई उपर्युक्त अर्थमा विभज्जवादी भन्नु भएको छ। स्थविरवादी (थेरवादी) भिक्षुहरूले पनि यही दृष्टिकोण राख्दथे। विभज्जवादको एउटा सूक्ष्म र तात्विक अर्थ पनि छ, जसको उपदेश भगवान बुद्धले दिनु भएको थियो । यस अर्थ अनुसार



Downloaded from http://dhamma.digital

यसको बीचमा पनि दुई अन्य संगीति क्रमशः देवानंपियतिस्स (२४७-२०७.इ.पू.मा) र दुट्ठगामणि (१०१-७७. ई.पू.मा) राजाहरूको समयमा भएका पाइन्छन् । तर तिनीहरूलाई अधिक महत्त्व दिइएको थिएन ।

थेरवाद परम्पराको पाँचौं संगीति अपर बर्माका मण्डलेमा ई.सं. १८७१-मा मिङ्डुङ् राजाको संरक्षकत्वमा आयुष्मान जागराभिवंस महास्थविरको नेतृत्वमा शिलापत्रारुढ रूपमा सम्पन्न भयो । विनय-पिटक सुत्तपिटक र अभिधम्म-पिटकलाई क्रमशः १११, ४१० र २०८ संगमर्मरको पाताहरूमा बर्मी अक्षरमा लेखाइयो । जुन अहिले पनि त्यहाँ यथावत् साक्षीको रूपमा विद्यमान छन् ।

वर्तमान अवस्थामा पनि १९५४-५६ मा पुनः अर्को छैठौं संगीति बर्माको रंगून शहरमा त्यस अवस्थाका प्रधानमन्त्री ऊ.नुको सक्रियतामा आयुष्मान् ञ्याउँयान् सयादो ऊ रेवत महास्थविरको अध्यक्षतामा पुस्तकारूढ रूपमा सम्पन्न भयो ।

दोश्रो संगीतिको पछि शनैः शनैः बुद्धोपदेशमा विभिन्न मतधारी आचार्यहरूको दबाब र प्रभाव पर्नठाल्यो । ब्राह्मणवादी सनातनी धर्माचार्यहरूले प्रवेश गर्नलागे । आ-आफ्ना वाद र सिद्धान्तहरू बौद्धवाद र सिद्धान्तको रूपमा घुसाउन लागे । मौलिकतामा आँच आउनठाल्यो । सम्राट् अशोकको पालासम्ममा १८-गण वा सम्प्रदायमा बुद्ध-धर्म विभेदहुन लागेकोथियो । पछि

---

मानसिक र भौतिक जगतका सम्पूर्ण अवस्थाहरूको स्कन्ध, आयतन र धातु आदिमा विश्लेषण गरिन्छ; किन्तु उनीहरूमा "अत्ता" (आत्मा) या स्थिर तत्त्व जस्तो कुनै पदार्थ प्राप्त हुँदैन ।]



Downloaded from http://dhamma.digital

गएर ब्राह्मणवादहरू पनि घुस्न सफल भए। जन्त्र, तन्त्र, मन्त्र र विद्याधरहरूको प्रभाव बढी हुन पुग्यो । महायान र हीनयानको खिंचातानी र प्रतिस्पर्धाले ठाउँ ओगटचो । आ-आपसमा ठूलो सानोको बोलबाला मच्चिनलाग्यो । मान मद हटाउन काम, क्रोध लोभ शमनगर्न दिइएको उपदेशमा मान, मद र अहंकारले जोड पकड्नथाल्यो । होडबाजी मच्चियो । समयको ताकमा रहेका वितण्डावादीहरूलाई यसले ठूलो हौसला दियो र यसमा विकार र विपन्नता आउँन थाल्यो । प्राकृतिक प्रकोप, आपसी होड्बाजी, विधर्मीहरूको घात प्रत्याघात, धर्म स्थापित राष्ट्रहरूमा आएका अनेकौं विपत्तिहरूले गर्दा यस धर्मका मौलिकता, शुद्धता, स्वच्छता र स्थिरता कायम राख्न त्यति सम्भव भएन र आफ्नो बसाइँसर्दै जानुपर्ने बाध्यता यसले पनि भोग्नुपऱ्यो। मौलिक बुद्धोपदेश जन्म-भूमि भारतबाट विलुप्त प्रायः हुनपुग्यो । महायान बुद्ध-धर्मको नाममा नेपाल, तिब्बत, मंगोलिया, चीन, जापान, मलाया, सुमात्रा, जावा, इण्डोनेशिया, वियतनाम, कोरिया आदि देशहरूमा विकास हुनपुगे जस्तै थेरवाद बुद्ध-धर्मको नाममा श्रीलंका, बर्मा, थाइलैण्ड, कम्बोडिया, लाओस् आदि देशहरूमा पलाउनलाग्यो। आज आएर ती ती ठाउँहरूमा पनि नाजुक स्थितिमा देखा परिरहेकाछन् । तर आज यूरोप, अमेरिका, फ्रांस, इंगलैण्ड, जर्मन, अष्ट्रेलिया आदि पश्चिमी मुलुकहरूमा यस धर्मले ठाउँ ओगट्दै गइरहेको चाहिँ सर्वविदित नै रहेको छ।

धर्म प्रादुर्भावको श्रोत प्राणीको सृजनकाल देखि लिएर चलिआइरहेको प्राकृतिक प्रकोप, आकस्मिक दुर्घटना, पारस्परिक वैमनस्यता, आघात, ईर्ष्या, द्वेष, मान मदादि जन्य सांसारिक दुःख, भय त्राशादिबाट छुटकारा दिने वातावरण तथा अवस्थाको खोजीबाट



Downloaded from http://dhamma.digital

भएको मान्नुपर्दछ । किन भने साधारणतया धर्मको उत्पत्ति नै खास रूपमा दुई कारणले भएको पाइन्छ; एक त भय, अर्को वरदान प्राप्ति कामना । यसको लागि बुद्ध-वचन यस्तो भन्दछ; "शत्रु भय उपद्रव विभिन्न विपत्ति अन्तराय, बाधा अर्चना प्रतिको भय, त्राश र घृणाको कारणले मानिसहरू पहाड, पर्वत, वन जंगल, वृक्ष, आराम मन्दिर, चैत्य, स्तूपादिको शरणलिन पुग्दछन् । तर तिनीहरू खास शरण होइनन् । तिनीहरूको शरणले दुःखबाट कतै पनि मुक्तहुन सक्तैनन् । "(धम्मपद गाथा-१८९)

तर के गर्नु । प्राणीको अन्धोपन र अज्ञानताको कारणलेगर्दा उनीहरू आजकोजस्तो वैज्ञानिकयुगमा पनि उतैतिर उन्मुख हुँदै अन्धाधुन्द दौडिरहेकाछन् । तिनीहरूलाई नै धर्म मानिरहेका छन्; शरण थानिरहेकाछन् । यही हो प्राणीको विडम्बना ।'

भय, त्राश र दुःखलाई सँधैको निमित्त उपशमगर्नु नै बुद्धोपदेशको मुख्यलक्ष्य रहेको छ । बुद्ध-वचनले त्यस कुरालाई इंगित गरिराखेंको छ -"जुन व्यक्ति बुद्ध, धर्म र संघको शरणमा जान्छ; जसले चार आर्यसत्यलाई सम्यक् प्रज्ञाले देख्छ; दुःख, दुःखोत्पत्ति कारण, त्यसको अतिक्रमण वा निरोध र त्यसको आठ अंगयुक्तमार्ग जसले दुःख उपशम र निरोधतिर अग्रसर गराइदिन्छ । यही शरण नै भयरहित क्षेम हो; यही नै उत्तम शरण हो; यस शरणले सम्पूर्ण दुःख प्रमुक्त हुन्छ । (धम्मपद गाथा १९०-१९२)

भगवान् बुद्धले सत्त्वप्राणीहरूलाई उन्नति वृद्धि समृद्धिको बाटोमा हिंडाउने, दुःख दारिद्रय, अवन्नति, र संकटको बाटोबाट हटाउने, सम्पूर्ण अवगुण दोष अपराधबाट मुक्त, र विशुद्धपारी सम्पूर्ण गुणउपकारले सम्पन्न गराइदिने भएकोले वहाँ शरणलिन योग्य छ ।



Downloaded from http://dhamma.digital

बुद्धोपदेशित धर्मको शरणमा जानुपर्ने पनि धर्मले धारण, पालन र अनुशरणगर्ने सत्त्वप्राणीहरूलाई सांसारिक भय, त्राश र दुःखकान्तार (संकटमय मार्ग) बाट निकाली पार गराई आदि, मध्य अन्त्य तीनै अवस्थामा शान्ति, श्वस्ति, सुख दिलाउनुद्वारा सत्त्वप्राणीहरूको भय, दुःख अन्तराय हटाई नाश पारिदिनुको कारणले हो ।

अलिकति शुद्ध, कुशल, पुण्यकर्मलाई पनि विपुल, विशाल, समृद्ध पुण्यफल दिलाउनसक्ने गरी सहयोग पुऱ्याई सत्त्वप्राणीहरूको दुःख दर्दलाई हटाई नाशपारी दिनसक्नाको कारणले संघ शरण योग्य भएको हो ।

भगवान् बुद्ध यो संसारमा प्रादुर्भाव हुनुभएको कुनै मत, सम्प्रदाय, सिद्धान्त वा वाद स्थापना गर्नहोइन भन्ने तथ्य उपर्युक्त कथनहरूबाट स्पष्ट भइसकेको छ । तसर्थ बुद्धको उपदेश शिक्षामा धर्म त्यो हो जस्मा आर्य अष्टांगिकमार्गको अनुशरण हुन्छ, भाविता हुन्छ - १. सम्यग्दृष्टि २. सम्यक्संकल्प ३. सम्यग्वचन ४. सम्यक्कर्मान्त ५. सम्यग्-आजीविका ६. सम्यग्व्यायाम अथवा उद्योग ७. सम्यक्स्मृति र ८. सम्यक्समाधि । चार सत्यको अवबोध हुन्छ; जस्तो कि - १. यो संसारमा दुःख छ २. त्यस दुःखको समुदय अथवा कारण छ ३. त्यस दुःखको निरोध अथवा अन्त छ र ४. त्यस दुःखनिरोधतिर लैजाने मार्ग छ ।

यस सांसारिक कार्य संचालन भइरहनुमा कारण छ, कारण कार्य समन्वयात्मक संसार यो हो । विना कारणको संसार यो होइन । मानसिक र भौतिक धातुतत्त्व सम्मिश्रित यो जीवन हो । त्यसको यथार्थज्ञान बुद्धोपदेशले दिलाउँछ । तसर्थ बुद्धोपदेशित धर्मले जीवन जिउने



Downloaded from http://dhamma.digital

पद्धति सिकाउँछ । स्वयं सुखले जिउने तथा अरूलाई सुखपूर्वक जिउन दिने । वास्तविक सुख आन्तरिक शान्तिमा हुन्छ र आन्तरिक शान्ति चित्तको विकार विहीनतामा हुन्छ । चित्तको शुद्ध, स्वच्छ र निर्मलतामा हुन्छ । चित्तको विकार-विहीन अवस्था नै वास्तविक सुख शान्तिको अवस्था हो । परिशुद्ध निर्मल चित्तको आचरण नै बौद्ध परिभाषा अनुसार धर्म हो । यही जीवन जिउने पद्धति हो ।

कारणहरूको परिणाम स्वरूप जुन कार्य सम्पादन हुन्छ, ती कारण नरहेमा त्यो कार्य हुन सक्तैन । यस नीति नियम अनुसार जब जब प्राणीको मन वा विज्ञान द्वेष, दौर्मनस्य, आक्रोश, ईर्ष्या, भय, लोभ, क्रोधादिले विकारग्रस्त हुन्छ, तब तब प्राणी आन्दोलित हुन्छ, द्रवित हुन्छ, व्याकुल हुन्छ । दुःखमा डुब्छ, सुखबाट वंचित हुन्छ । प्राणीको मन वा विज्ञान यस्ता यस्ता क्लेशहरूबाट विकारग्रस्त नहुँदा उनी आकुल व्याकुलताबाट विमुक्त हुन्छ । दुःखमा डुब्दैन । त्यस क्रियाबाट बच्दछ । त्यसैले विकारबाट टाढारहनसिक्नु नै जीवन जिउने सही पद्धति हो । त्यही शुद्ध-धर्म हो । शुद्ध-धर्मको स्वरूप साह्रै नै कल्याणमय मंगलकारी हुन्छ ।

Dhamma.Digital

लोभ, तृष्णा, राग, वासना, भय क्रोध, ईर्ष्या, मात्सर्य, अभिमान, अहंकार आदि मनोविकारको शिकार बनेर जब प्राणीले हत्या, चोरी, व्यभिचार, झूठ बेइमानी, छल-कपट, चुगली, ठगी, पर-निन्दा, व्यर्थका बकबास गर्छन्, कटु-कठोर विषालु शब्द प्रयोग गर्छन् । अनि तिनीहरू आत्म तथा पर-सन्तापका कारण बन्दछन् । मन विकारग्रस्त नभइकन कुनै पनि कायिक र वाचिक दुष्कर्म गर्नसक्दिैन । तर यो अनिवार्य हुँदैन कि मनोविकार उत्पन्न हुँदैमा कायिक वाचिक दुष्कर्म हुनै पर्दछ । आत्म-दमनद्वारा त्यस्ता कायिक वाचिक दुष्कर्मबाट बच्न सकिन्छ ।



Downloaded from http://dhamma.digital

यसबाट प्रत्यक्ष रूपमा अरूको हानी हुनजाँदैन । तर दूषित मनोविकारबाट ग्रस्टभई मनमनै छटपटी रहेमा मानसिक दुष्कर्म त भइरहेकै हुन्छ । यसबाट आत्मशान्ति गुमिरहन्छ; अप्रत्यक्ष रूपमा अरूको शान्ति पनि भंग भइरहन्छ । आ-आफ्ना दूषित मनको तरंगले नजिकको वातावरणलाई प्रभावित र दूषित नपारी छोड्दैन ।

जब जब प्राणीको मन बिकार-विमुक्त शुद्ध स्वच्छ र निर्मल हुन्छ, तब तब स्वाभाविक रूपमा स्नेह र सद्भावना जाग्दछ; मैत्री र करुणाले भर्दछ । त्यसबेला प्राणीमा सुख शान्तिको अनुभव हुने नै भयो; अप्रत्यक्ष रूपमा अरूहरूको सुखशान्तिको कारण पनि बन्ने भयो । आफ्ना स्वच्छ निर्मल चित्तको तरंगले नजिकको वातावरणलाई प्रभावितगरी त्यसलाई यथासक्य स्वच्छ राख्दछ ।

वस्तुतः बुद्धोपदेश नामक शुद्ध-धर्म प्राणीको सच्चरित्रता, विशुद्ध स्थिर मनोभावना तथा मानसिक एवं भौतिक धातु तत्त्वहरूलाई विभाजन र विश्लेषणगरी बुझेर सदाको निमित्त विकार-विहीन अवस्थामा रहनसकी प्रज्ञासम्पन्न भई मानवतालाई जोगाउने त्याग तपस्या, उदारता, मैत्री, करुणा, प्रसन्नता आदि श्रेष्ठ पवित्र आचरण ब्रह्मचर्यानुकूल आफूले पनि जीवन जिएर अरूलाई पनि जीवन जिउन सघाउनु हो । अस्तु । ■

"सबै प्राणी सुखी होऊन् ।"



Downloaded from http://dhamma.digital

# बुद्ध-धर्म र शान्ति स्तूप

बौद्ध वाङ्मयमा उल्लेख भए अनुरूप परमशान्ति लाभको निमित्त भगवान् गौतम तथागतले दीपंकर सम्यक्सम्बुद्धसम्मुख बुद्धत्वको निमित्त प्रणिधान गर्नुभएको थियो । उहाँबाट नियत भविष्यद्व्याकरण पछि बोधिसत्त्वको रूपमा रही चार असंख्य र एकलाख कल्प बिताई दानादि ३०-प्रकारका पारमिता, उपपारमिता र परमार्थ पारमिता गुणधर्महरू सम्पूर्णत: पूर्णगर्नु भएको थियो र आज भन्दा छब्बीससय वर्ष अघि लुम्बिनी नामक शालोद्यानमा शालवृक्ष मुनि महामाया देवीको कोखबाट जन्मिनु भएको थियो । २९-वर्षसम्म कपिलवस्तुमा राजकुमार सिद्धार्थ गौतमको रूपमा सुखसयलको जीवन बिताउनु भयो । त्यही उमेरमा सांसारिक अशान्तमय परिस्थितिलाई महसूसगरी गृहत्याग गरेर ६-वर्षको अवधिभित्र युगप्रचलित अनेकौं धर्म, सिद्धान्त, वाद, आचरणहरूको कठीन चर्यामा संलग्न भई केही ठोस सार उपलब्ध नभएपछि ती सम्पूर्ण मिथ्याधारणा र मान्यताहरूलाई तिलाञ्जली दिई त्यागी मध्यम प्रतिपदाको अनुशारणद्वारा सर्वज्ञताज्ञाम सहित अरहत्तज्ञान हासिलगरी सम्यक्सम्बुद्धत्व लाभ गर्नुभयो । अनि विश्वभरमा बुद्ध कहलाउनु भयो । वहाँ आज सबैको लागि शान्ति-नायक भगवान् बुद्ध हुनुहुन्छ । विश्वभर सही शान्ति-सन्देश फैलाउने वहाँ नै हुनुहुन्छ ।

जब जब शान्तिको नारा यो धरतीमा बुलन्द हुन्छ, तब तब भगवान् बुद्धको सम्झना विना त्यो नारा अधूरो र अपूरो रहेको



Downloaded from http://dhamma.digital

हुन्छ । भगवान् बुद्धले बुद्धत्व प्राप्ति पछि जे जति पनि धर्मको नाममा उपदेशदिनु भएका थिए, ती सारा उपदेश शान्तिको शीतल हावाले ठपठपाई रमणीय छायाले रमाउनु लगाई परम आनन्दको अनुभूति दिलाउने खालका थिए र छन् पनि । ज-जसले यस तथ्यलाई जाने बुझे र साक्षात्कार गरे ती सबैले अमृत शान्तिरस रसास्वादन गर्न पाएकोले हर्षविभोर भई गद्‌गद् भएर मानसिक धरातलमा मात्र त्यसलाई लुकाई छिपाई राख्नसकी उद्‌गारको रूपमा पोखाइराखेका बुद्ध, बुद्धश्रावक-श्राविकाहरूको उदान वाक्यहरूलाई नै यसको नमुनाको रूपमा लिनसकिन्छ । तसर्थ भगवान् बुद्ध प्रदत्त शान्ति एकक्षणको केही समयको मात्र शान्ति नभई सर्वकालिन सदा सर्वदा यथावत् कायम रहिरहने शान्ति हो ।

आजको विश्वमा फैलिरहेको आवाजको शान्ति खालि सतहमा रहेको शान्ति हो; नारामा सीमित रहेको शान्ति हो; केही क्षण वा समयको शान्ति मात्र हो; टेबुल कन्फ्रेन्शको शान्ति हो । अन्तर हृदयसम्म छुनसक्ने, अनन्त गहिराइमा पुग्नसक्ने, शुद्ध-स्वच्छ निर्मलताले प्रभावित परम शान्त परम पवित्र परमोत्तम अवस्थाको शान्ति होइन । किनभने जबसम्म यो धरतीमा प्रतिस्पर्धात्मक भावनालाई अगाडिसारी होडबाजी चलिरहन्छ, एक अर्का माथि ऊँच नीच भावनाले अभिप्रेरित भई थिचो मिचोगर्ने प्रवृत्ति हावी रहेको हुन्छ; भ्रातृत्व, सद्‌भावना, सहिष्णुता, सहानुभूति, मैत्री, करुणा दया माया आदि सद्‌गुणहरूको अभाव भइरहन्छ, तबसम्म कुनै पनि व्यक्ति, समाज, राष्ट्र प्रेमपूर्ण सह-अस्तित्वलाई जोगाएर बाँच्न सकिने हुँदैन र वास्तविक शान्तिको सृजना पनि हुनसक्तैन । नाराबाजीको शान्ति मात्र त्यो अवस्थामा रहिरहने हुन्छ । एक हातले धारिलो तलवार चम्काई अर्को हातले शान्तिको चाहना शान्तिको



Downloaded from http://dhamma.digital

कामना शान्तिको प्रार्थना गर्नु कहाँको त्यो सही सलामतको शान्ति हुन सक्ला र ! तसर्थ बुद्धको शान्ति र बाहिरको शान्तिमा आकाश र पातालको अन्तरजस्तै अन्तर रहिरहेको छ ।

बुद्धको शान्ति अशान्तिको सम्पूर्ण मूल जरोलाई उखेलेर फालिकन पाउनुपर्ने शान्ति हो । राग, द्वेष, मोह, अहंकार, ममंकार, मान, अभिमान, दाह, ईर्ष्या, क्रोध, जलन आदि अपवित्र, विकार ग्रष्ट अवस्थाबाट सदाको निमित्त मुक्ति पाइसकेको शान्ति बुद्धप्रदत्त शान्ति हो । त्यसैले त्यो शान्ति परम पवित्र, परम परिशुद्ध, परम श्रेष्ठ शान्ति हो । त्यस अवस्थामा पुग्न कस्तो हुनुपर्छ, कसरी त्यो त्यस अवस्थामा पुग्न सकिन्छ आदि इत्यादि कुरा गहनतम स्थितिमा रहेर सोच्नुपर्ने बुझ्नुपर्ने थाहा पाउनुपर्ने स्वानुभूतिमा उतार्नुपर्ने साक्षात्कार गर्नुपर्ने कुरा हो । त्यस अवस्थामा बुद्ध स्वयं पुग्नु भइसकेको थियो र वहाँका शिष्य श्रावकहरूले पनि त्यसलाई त्यसरी नै अनुभूतिमा उतारिसकेका भएको हुनाले वहाँहरूको उद्गार "**अहो सुखं ! अहो सुखं** !! भन्ने उदान कोरा नारामा सीमित नरही वास्तविकतामा परिणत भइसकेका उद्गार र उदानहरू थिए । यसरी उद्गार व्यक्तगर्ने क्षमताका अधिकारी विशुद्ध व्यक्तित्त्वधारी व्यक्तिहरूलाई भगवान् बुद्धले सत्कार योग्य पूजनीय व्यक्तित्त्वको रूपमा लिएर ती व्यक्तिहरूको जीवन अन्त पछि उनीहरूको शरीरावशेष अस्तिहरूलाई निधान गरेर स्तूप बनाउने आदेश स्वयं बुद्धले आफ्ना शिष्यहरूलाई ठाउँ ठाउँमा दिइराखेका उदाहरणहरू प्रशस्त देखापर्दछन् । त्यस मध्ये दुइ चारवटा उदाहरणहरू प्रस्तुतगर्नु सान्दर्भिक ठान्दछु ।

बुद्ध-धर्ममा सम्यक्सम्बुद्ध तथागतको पहिलो उपदेश सुन्ने सुअवसर प्राप्त पंचभद्रवर्गीयहरूको स्थान महत्वपूर्ण छ । त्यस



Downloaded from http://dhamma.digital

मध्येमा पनि सर्वप्रथम धर्म-अवबोध गर्नुहुने ज्ञातकौण्डिन्य सर्वोपरी देखिन्छ। बुद्धको सारगर्भित पहिलो उपदेश "धर्मचक्र प्रवर्तन सूत्र" र त्यस पछि पाँचौं दिनमा दिनुभएको "अनात्मलक्षण सूत्र" उपदेश सुनिसकेर परम शान्त अवस्था अरहत्तत्त्वमा पुगिसक्नु भए पछि वहाँ ज्ञातकौण्डिन्य प्रपञ्चरहित भएर एक्लै बाह्रवर्षसम्म छद्दन्त वनमा मन्दाकिनी पुष्करणीको तीरमा आठ हजार हात्तीहरूको सेवा ग्रहण गरी एकान्तवासमा रहनुभएको थियो । आफूले पाएको शान्तिरस निरन्तर रूपमा सेवनगरी बाह्रवर्ष बितिसक्दा आफ्नो आयुसंस्कारको विषयमा विचार गर्नुभयो। वहाँले आफ्नो जीवनको अन्त आइपुगेको थाहा पाउनुभो । त्यही ठाउँमा परिनिर्वाण हुने निश्चय पनि गर्नुभयो। तर परिनिर्वाण पूर्व बुद्धबाट अनुमति प्राप्तार्थ वहाँ अन्तिम बुद्ध-दर्शन गर्न राजगृह वेणुवनाराममा पुग्नुभो । त्यहाँ विशाल संघसभाको बीचमा आफ्नो नाउँ सुनाउँदै भगवान् बुद्धको चरण कमलमा ढोग्नुभो। "भन्ते ! त्यो मेरो पहिलो दर्शन थियो, अब यो मेरो अन्तिम दर्शन हो" भन्दै दशबल शास्ताको चरणकमलमा शिरले ढोगी प्रदक्षिणागरी कौण्डिन्य स्थविर बाहिर निस्कनुभयो । धेरै मानिसहरू रोइरहेका देखेर दैलोमा उभी ती जनसमूहलाई "शोक नगर्नुहोस् । विलाप नगर्नुहोस् । चाहे बुद्ध होस्, चाहे बुद्ध-श्रावक होस्, उत्पन्न भएका संस्कारहरू सबै भेदभिन्न हुन्न भनी भन्नसकिंदैन, सबै संस्कारहरू अनित्य नै हुन् भनी सम्झाउनुहुँदै सबैले हेर्दाहेर्दै आकाश मार्गद्वारा मन्दाकिनी पुष्करणीको तीरमा फर्कनुभो । शीतल पुष्करणीमा नुहाई, अन्तरवासक र उत्तरासंग पहिरी पर्णकुटीमा गई त्यहाँको शयनासनहरू यथास्थानमा राम्ररी राखी, रातको तेश्रो प्रहरसम्म फल समापत्ति ध्यानमै तल्लीन हुनुभयो। विहानको भोर हुँदाहुँदै वहाँ परिनिर्वाण हुनुभयो।.........



Downloaded from http://dhamma.digital

पाँचशय भिक्षुहरू पनि आकाशमार्गद्वारा त्यहाँ आइपुगे । रातभरी वहाँहरूले सज्झायन (स्वाध्यायन) गरे । अनुरुद्ध महास्थविरले उपस्थित देवगणहरूलाई धर्मोपदेश सुनाउनुभयो । धेरै देवताहरूले धर्मावबोध पनि गरे । अनि अर्को दिनको अरुणोदयको समयमा चिता निभाई, सुमनमकुलवर्ण जस्तो अस्थिधातु पानीको छान्नी भरी राखी, वेणुवनाराममा फर्की, भगवान् कोठाबाट बाहिर निस्कनु भएको बेलामा अस्थिधातु भएको पानीको छान्नी वहाँको हातमा दिनु भयो । भगवान्ले त्यसलाई लिनुभई पृथ्वीतिर हातपसार्दा पृथ्वीबाट बुब्बुलाकारको स्तूप निस्क्यो र सोही स्तूप मै वहाँले अस्थिधातु निधान गर्नुभयो । अर्थकथाचार्य बुद्धघोष महास्थविरले उल्लेख गर्नु भएको छ कि सो स्तूप वहाँको पालासम्म मौजूद नै थियो ।

त्यस्तै सारिपुत्र महास्थविर महामौद्गल्यायन महास्थविर हरूका परिनिर्वाण प्राप्त अवस्थाका घटनाहरू यत्तिका मार्मिक एवं मर्मस्पर्शी थिए कि व्यक्त गरेर साध्य छैनन् । ती महास्थविरहरूका अस्थिधातुहरू हातमा लिई बुद्धद्वारा व्यक्त निम्न कथनहरू र अस्थिधातु निधानको लागि दिनु भएको आदेशहरू छोट्करीमा यहाँ उल्लेखनीय ठान्दछु ।

संयुत्तनिकाय अट्ठकथा अनुसार सारिपुत्र महास्थविर कार्तिक पूर्णिमाको दिनमा परिनिर्वाण हुनुभयो भने ठीक दुइ हप्ता पछि कृष्णपक्षको उपोसथको दिनमा महामौद्गल्यायन स्थविर परिनिर्वाण भएको कुरा उल्लेख भएको छ ।

आनन्द र चुन्द स्थविरले सारिपुत्र स्थविर परिनिर्वाण भएको र वहाँको पात्र चीवर मात्र होइन वहाँका अस्थिधातुहरू भएको पानी छान्ने कपडा समेत देखाए पछि भगवान् बुद्धले हात पसारी



Downloaded from http://dhamma.digital

अस्थिधातुहरू भएको कपडा हातमा राखी भिक्षुहरूलाई यस्तो भन्नुभयो-

"भिक्षुहो ! जो त्यो भिक्षुले अघिल्लो दिनमा अनेक शय ऋद्धि-प्रातिहार्यहरू देखाई परिनिर्वाण हुने अनुमति लिए; त्यसैको यो शंखवर्ण अवशेष धातुहरू हुन् ।

भिक्षु हो ! यो भिक्षुले शतसहस्राधिक असंख्य कल्पहरूसम्म पारमी पूरागरेका थिए । भिक्षु हो ! यो भिक्षुले मैले प्रवर्तित धर्मचक्र अनुप्रवर्तन गर्नसक्थे ! भिक्षु हो ! यो भिक्षु बुद्ध-शासनमा दोश्रो स्थान पाएका भिक्षु हुन् । भिक्षु हो ! यो भिक्षु, भिक्षु सम्मेलन पूरा गर्ने भिक्षु हुन् । भिक्षु हो ! यो भिक्षु दशसहस्र चक्रवाडमा प्रज्ञामा म बाहेक असदृश हुने भिक्षु हुन् । भिक्षु हो ! यो भिक्षु महाप्रज्ञावान्, पृथुप्रज्ञावान्, हासप्रज्ञावान्, जवनप्रज्ञावान्, तीक्ष्णप्रज्ञावान् र निर्वेधप्रज्ञावान् भिक्षु हुन् । भिक्षु हो ! यो भिक्षु अल्पेच्छु, सन्तुष्ट, एकान्तप्रेमी, असंसर्गी, वीर्यवान्, अर्ति दिने तथा पापनिन्दक भिक्षु हुन् । यो भिक्षु लाभ भएका महान सम्पत्तिहरू त्यागी पाँचशय जन्मसम्म प्रव्रजित भएका भिक्षु हुन् । यो भिक्षु मेरो शासनमा पृथ्वी समान क्षान्ति हुने भिक्षु हुन् । यो भिक्षु सिङ्भाँचिएको साँढेसमान भिक्षु हुन् । यो भिक्षु चण्डालपुत्रझैं निहतमानी भिक्षु हुन् । भिक्षु हो ! यो त्यो भिक्षुका धातुहरू हुन् । हेर यो महाप्रज्ञावान्.... र पापनिन्दक भिक्षुका धातुहरू ॥"

यति भन्नुभई वहाँले फेरि यसो भन्नुभयो–

"मनोरम्य कामविषयलाई त्यागी जो पाँचशय जन्मसम्म प्रव्रजित भए सो सुसमाहित इन्द्रिय भएका वीतरागी सारिपुत्र परिनिर्वाण भइसके । अब उनलाई वन्दना गर ।"



Downloaded from http://dhamma.digital

"क्षान्तीबलद्वारा पृथ्वीसमान अकम्प्य भएका र चित्तको वशमा नबस्ने र अनुकम्पाराख्ने कारुणिक सारिपुत्र परिनिर्वाण भइसके। अब उनलाई वन्दना गर।"

"हातमा कपाल लिई निहतमानी भई जसरी चण्डालपुत्र नगरमा जान्छ, त्यस्तै गरी यो सारिपुत्र पनि निहतमानी भई विचरण गर्छन्। अब सो सारिपुत्र परिनिर्वाण भइसके। उनलाई वन्दना गर।"

"सिङ् भाँचिएको साँढे जसरी कसैलाई बाधा नदिई नगरमा हिंड्छ, त्यस्तै गरी हिंड्ने सारिपुत्र परिनिर्वाण भइसके। अब उनलाई वन्दना गर।" यसरी पाँचशय गाथाद्वारा भगवान्ले स्थविरको गुण वर्णना गर्नुभयो।

यसपछि भगवान्ले सारिपुत्र स्थविरको धातुको चैत्य बनाउन लगाई आनन्द स्थविरलाई राजगृह जाने संकेत दिनुभयो। राजगृह पुगिसकेपछि महामौद्गल्यायन स्थविर पनि परिनिर्वाण हुनु भयो। वहाँका धातुहरूको पनि स्तूप बनाउन लगाउनु भयो।

त्यस्तै भगवान् बुद्धले बाहिय दारुचिरियको शवलाई पनि दाहसंस्कार गर्न लगाई अवशेष अस्थि निधान गरी स्तूप बनाउन लगाउनु भएको थियो। यस्तै यस्ता अन्य उदाहरणहरू पनि छन्, जुन भगवान् बुद्ध जीवितरहनु भएकै बेलामा मिर्माण गराउनु भएका स्तूपहरू थिए। सिद्धार्थ गौतमले गृहत्याग गरी अनोमा नदीको तीरमा आफ्नो खड्गले आफ्नो केश काटी आकाशमा फालेको केश देवराज इन्द्रले लगी त्रयस्त्रिंशत् देवलोकमा चूडामणि चैत्यमा निधान गरेको थियो भन्ने कुरा पनि ग्रन्थमा उल्लेख भएको पाइन्छ।

भगवान् बुद्ध महापरिनिर्वाण भइसक्नु भए पछि वहाँको अस्तिधातु निधानगरी विशेषत: दशवटा स्तूपहरू ठाउँ ठाउँमा



Downloaded from http://dhamma.digital

निर्माण भएका थिएं। जस्तै- वैशालीका लिच्छवीहरूद्वारा वैशालीमा, कपिलवस्तुका शाक्यहरू, अल्लकप्पका बुलयहरू, रामग्रामका कोलियहरू, पावा नगरका मल्लहरू, कुशीनगरका मल्लहरू, वेठदीपका ब्राह्मणहरू, राजगृहका मागधिकहरूद्वारा आ-आफ्ना ठाउँहरूमा अस्तिनिधान गरी स्तूपहरू बनाइए। पिप्पलीवनका मौर्यहरूले अस्थि लिन नपाएकाले बुद्धको दाहसंस्कार गरिएको ठाउँमा रहेको गोल र खरानी बटुलेर लगी त्यही गर्भमा राखी स्तूप बनाए। जसलाई "**अंगार चेतिय**" भनियो। धातुविभाजन गरिदिने द्रोण ब्राह्मणले जुन नालि (मानु) ले अस्ति विभाजन गरिदिएका थिए त्यही मानु मल्लराजाहरूसंग मागेर लिई त्यसैलाई गर्भमा राखेर एउटा स्तूप बनाए। जसलाई "कुम्भ चेतिय" भनियो। यसरी भगवान् बुद्धको महापरिनिर्वाण पछि वहाँको शरीर दाहसंस्कारको अन्त्यमा १० - वटा स्तूप बने।

यी पवित्र अस्थिहरू यत्र तत्र छरिएर रहेमा भविष्यमा बिघ्नबाधा आउनसक्ने र खतरा सृजना हुनसक्ने देखी त्यस बेलाका संघस्थविर महाकश्यप महास्थविरको सुझाव र अनुरोध अनुसार मगधराज अजातशत्रुले नागहरूबाट रक्षा गरिएको रामग्रामको एउटा स्तूपलाई बाँकी छाडी अरू ७-वटा स्तूपहरूबाट पूजाको लागि चाहिने जति मात्र अस्थि त्यहीं त्यहीं बाँकी राखी अरू अस्थिहरू ल्याएर राजगृहमा सबै एकै ठाउँमा जमीनमुनि बडो जतनका साथ तह तह बनाई गाडेर त्यसमाथि एउटा ढुंगाको स्तूप बनाई यन्त्रहरू जडान गरी सुरक्षितका साथ राखे। (यसको पूरा र विस्तृत विवरण दीघनिकाय महावग्ग अट्ठकथामा उल्लेख गरिराखेको छ।)

पछि सम्राट् अशोकले त्यस ठाउँबाट अस्थि निकाली ती अस्थिहरू गर्भमा राखी जम्बूद्वीप (भारत) भर ८४,००० हजार



Downloaded from http://dhamma.digital

स्तुपहरू निर्माण गराए । श्रीलंकामा पनि ती अस्तिहरू उपहार स्वरूप पठाए । यसरी बौद्ध जगतमा स्तूपले ठूलो र महत्वपूर्ण प्रभावकारी ठाउँ ओगटेको र पूजा र शान्तिको अभिन्न अंगभई अद्यापि त्यो परम्परा बुद्ध-धर्म फैलिएका समस्त क्षेत्रहरूमा विद्यमान नै रहेका छन् । हजारौंको संख्यामा स्तूप चैत्यहरू निर्माण भए, भइरहेका छन् र भइरहने पनि छन्; जबसम्म बुद्धको अमृतमय शान्ति-सन्देश यो धरतीमा फैलिरहने छ ।

क-कसको स्तूप बनाउन योग्य छ भन्ने कुरा भगवान् बुद्ध स्वयम्ले यसरी महापरिनिर्वाण सूत्रमा बताइराख्नु भएको छ ।

"आनन्द ! स्तूप बनाउन योग्य व्यक्तिहरू यी चार प्रकारका हुन् । कुन कुन चार प्रकारका ? तथागत अरहत् सम्यक्सम्बुद्धको स्तूप बनाउन योग्य छ । प्रत्येक सम्बुद्धको, तथागतका आर्य श्रावकहरूको र राजा चक्रवर्तीको स्तूपहरू बनाउन योग्य छन् ।

आनन्द ! तथागत अरहत् सम्यक्सम्बुद्धको कुन अर्थलाभको कारणले स्तूप बनाउन योग्य छ ? आनन्द ! यो वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको स्तूप हो" भनी बहुजनले चित्त प्रसन्न पार्ने छन् । तिनीहरू त्यसमा चित्त प्रसन्नपारी शरीरभेदन पछि मरणोपरान्त सुगति स्वर्गलोकमा उत्पन्न हुनेछन् । आनन्द ! यही अर्थलाभलाई कारण बनाएर तथागत अरहत् सम्यक्सम्बुद्धको स्तूप बनाउन योग्य छ । त्यस्तै प्रत्येकसम्बुद्ध, आर्यश्रावक राजा चक्रवर्ती पनि स्तूप बनाउन योग्य छन् । आनन्द ! स्तूप बनाउन योग्य व्यक्तिहरू यी चार नै हुन् । अस्तु । ■



Downloaded from http://dhamma.digital

# शान्ति छाएको बुद्ध जयन्ती ?

वैशाख पूर्णिमा सम्पूर्ण शान्तिप्रेमी मानवमात्रको लागी स्मरणीय दिवसको रूपमा रहेको छ। किनभने यसै दिनमा शान्तिको सही प्रकाशछर्ने महामानव भावी-बुद्धको जन्म यस धरतीमा हुनगएको थियो । यस पवित्र दिनमा हामीले भावी बुद्ध बोधिसत्त्वले यो दिनलाई मानव मात्रको स्मरणीय दिन बनाउन के कस्ता मानवीय गुणहरू बटुल्नु भएको थियो र त्यसको निमित्त वहाँले के कति समय बिताउनु भएको थियो, कस्ता कस्ता अप्ठ्यारा समस्याहरूको सामना गर्नुपरेको थियो ? कसरी वहाँले ती असामान्य घनिभूत समस्याहरू-लाई सुल्झाउनु भयो, समाधानका बाटाहरू पहिल्याउनु भए ? आदि इत्यादि कुराहरूको मूल्यांकन हुनु अत्यावश्यक देखिन्छ । जसबाट हामीले पनि सिक्नुपर्ने पाठहरू सिकी मानव कल्याणतिर उन्मुख हुने जिज्ञासा पाउन सकौं। प्रेरित हुनसकौं। शान्तिको वास्तविक आस्वाद चाख्नसकौं ।

जबसम्म वास्तविक शान्तिको आस्वाद आफैले पाएको हुँदैन, तबसम्म शान्तिको नारा नारामै सीमित भएर रहिरहने छ, त्यसको खास अनुभूति हुनसक्ने छैन । त्यति मात्र होइन, सही शान्ति कसरी फेला पार्ने हो, त्यो पनि भुलभुलैयामै रुमलिरहने छ। निस्कने बाटोसम्म पनि भेट्टाउन सकिने छैन ।

आज विश्वभरमा नै एकातिर शान्तिको आवाज घन्किरहेको छ भने अर्कोतिर हिंसा, आतंक र बर्बरताको ज्वालाको मुस्लो



Downloaded from http://dhamma.digital

डन्किरहेको छ । कहीं कतै शान्तिको आभास पाउनसकेको छैन । सबै आ-आफ्नै धूनमा स्वार्थको धार घोट्दै चम्काउँदै तिखोपार्दै हिंडिराखेको छ । कसैले कसैको भावनालाई परिवेशलाई अवस्थालाई बुझ्ने प्रयास गरिराखेको पाईंदैन ।

सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि कुनै पनि यस्तो क्षेत्र छैन, जहाँ शान्तिको लागि कुनै वातावरण तयार पारिएको देखापरोस् । अझ आध्यात्मिक, नैतिक र धार्मिक क्षेत्रमा समेत बाह्य कुप्रभाव घुसी त्यहाँको वातावरण नै दूषित हुनपुगेको छ । धर्मको नाउँमा पनि शोषण, उत्पीडन, छलकपट, हिंसा, अत्याचार, भ्रष्टाचार चलिरहेको देखापर्दछ । यो कस्तो विडम्बना हो । आज भोलिको ।

यसो हुनुको खास कारण त धर्मको सही मर्म नबुझ्नाको कारणले नै हुनसक्छ । धर्मको वास्तविक रूपरेखा, अलोभ, अद्वेष, अमोह, मैत्री, करुणा, सद्भावना, सहिष्णुता, कायिक, वाचिक, मानसिक संयमता, अहिंसा, सत्य, दम, धैर्य, क्षमा, श्रद्धा, वीर्य, स्मृति, समाधि, नैष्कम्य, त्याग, उदारता, ज्ञान, विवेक, प्रज्ञा जस्ता अति अति महत्वपूर्ण मानसिक शक्तिको आन्तरिक अस्तित्वमा निहित रहेको छ । यदि ती मानसिक कुशलशक्तिहरूको प्रतिपक्षमा कामकार्य भइरहन्छ भने खालि कराएर चिल्लाएर नाराबाजी गरेर ध्वाँग फुकाएर स्वाँग मात्रै गरेर शान्ति पाउने प्रयास, सुख र अमन चैन कायमगर्ने धोको कहिल्यै पनि पूरा हुन सक्नेछैन । पूरा हुने कुरा त त्यसै छोडौं, नजिकसम्म पनि पुग्नसक्ने हुँदैन ।

यदि साँच्चैको आनन्द, सुख, शान्ति र अमन चैन नै यो धरतीमा स्थापनागर्ने हो भने आजको युगमा विश्वभरि चलिराखेका



Downloaded from http://dhamma.digital

जे जति नराम्रा दृष्प्रवृत्तिहरू छन्, दुष्कर्महरू छन्, दूषित वातावरणहरू छन्, एकअर्का प्रतिको द्वेष, विद्वेष, भय, आशंका, क्रोध, आक्रोश, ईर्ष्या, आघात, अश्रद्धा, अनविश्वास, अनपत्यारहरू छन्, ब्यक्ति ब्यक्तिमा निहित दुर्भावनाहरू छन् तिनीहरूलाई हटाई पन्छाई स्वच्छहृदयले माथि उल्लेखित बोधिसत्त्व चर्याहरूलाई अंगाली प्रयोगमा ल्याइन्छ भने हुनसक्छ यो धरती शान्तिको शीतलताले भरी आनन्द र सुखको पुस्करणीमा डुबुल्की मार्नसक्ने स्थितिको रूपमा रहनसक्ने होला ।

ती नै कुशल गुणहरूको पुञ्ज भएकोले भगवान् बुद्धको जन्म दिवस वैशाख पूर्णिमा शान्तिको प्रतिक पुष्पपूर्णिमा हुनगएको हो । बुद्ध स्वयं शान्तिको वास्तविक अनुभवकर्ता र सही शान्ति प्रदाता हुनपुग्नु भएको छ । वहाँलाई सारा विश्वले नै शान्तिको अनुपम अग्रनायक मानि आएको छ । त्यसैले साच्चिकै बुद्धलाई हामीले शान्तिको अग्रगामी हृदयदेखि नै मान्छौं भने वहाँले दिनु भएको शान्तिको सन्देशलाई वहाँ आफैले जन्म जन्मान्तरमा रातोदिन अभ्यास गर्दै गर्नु भएको बोधिसत्त्वको रूपमा रही आफ्नो हृदयमा परिभावित र अभिसिञ्चित गर्नुभएका ती अनुपम गुणहरूलाई हामीले किन आत्मसात् गर्न हिचकिचाउनु परेको नि ? विना वीज फल निस्कँदैन । विना फल स्वादचाख्न पाउँदैन । तसर्थ वैशाखपूर्णिमा बुद्धजयन्तीको पुनित दिनको महत्वलाई दिलैदेखि सम्भी सबैले भगवान् बुद्धको शान्तिमय उपदेशलाई अंगीकारगरी अशान्तिको आगोलाई निभाउनु सबैको दायित्व रहेको कुरा हामी सबैले बोधगरौं र त्यसै अनुरूप जीवन संचालन गरी शान्तिको छहारीमा आनन्द लिनसकौं । यही नै हाम्रो लागि सही बुद्धजयन्ती हुनेछ । ■



Downloaded from http://dhamma.digital

# त्रिविध भय दुःख

## जरा, व्याधि र मरणः

**जराः**

"भिक्षुहरू हो, जीर्णहुनु बुढोहुनु भनेको के हो ?"

"ती ती सत्त्वप्राणीहरूको ती ती सत्त्वनिकायं समूहमा जुन बुढोहुनु, जीर्णहुनु, दाँतझर्नु, कपालपाक्नु वा फुल्नु, छालाखुम्चिनु, जीवित नामक आयु रूपको हानिहुनु, चक्षुरादि इन्द्रियहरूको परिपक्वता (छिप्नु) छन्; भिक्षुहरू हो, यी (बुद्ध) उपदेशित स्वभावलाई जरा वा जीर्ण हुनु भनिन्छ।

जरा (बुढाबुढी हुनु) दुई प्रकारका छन्। स्थिति क्षणमा स्थिति भन्ने संस्कृत लक्षणलाई पनि जरा भन्दछ। दाँतझर्नु (कपालपाक्नु वा फुल्नु, छालाखुम्चिनु चाउरीपर्नु) आदिद्वारा सम्मत स्कन्धक्रम सन्ततिमा एकै जन्ममा समावेश भएको स्कन्ध (शरीर) हरूको गल्नु, कमजोरहुनु, पुरानोहुनु त्यो जरा यो क्षेत्रमा अपेक्षित छ। त्यो जरा स्कन्धहरूको परिपक्व हुने लक्षण भएको हो। मरणतिर पुऱ्याउने कृत्य भएको हो। सुकोमल उमेरको विनाश हुने स्वभाव हो भनी ज्ञानमा अभिमुख भई प्रकट भएर आउँछ। संस्कार दुःख भएको कारणले र शारीरिक र मानसिक दुःखको आधार कारणवस्तु भएको कारणले दुःख भन्दछ।

विस्तृत रूपमा उल्लेख गर्दा- अंगप्रत्यंगहरूको शिथील र कमजोरहुनु, आँखा आदि इन्द्रियहरू निष्क्रिय भई विपरीतहुनु,



Downloaded from http://dhamma.digital

दुब्ल्याउनु, हाडनिस्कनु, मासुसुक्नु, छाला भित्रपस्नु, खुम्चिनु, दुर्बर्णहुनु, आयुको परिहानिहुनु, बलशक्ति हीनभई नष्टहुनु, स्मृति र प्रज्ञा विहीन हुनु, अरूहरूले बुढाबुढी आदि भनी अट्टहास, उपहास, अवहेलना गराउनपर्नु इत्यादि अनेकौं कारणहरू रहेका जुन शारीरिक दु:ख मानसिक दु:खहरू उत्पन्न हुन्छन्, वृद्धवृद्धाहुनु जरा ती दु:खहरूका आधार कारणवस्तु हो । आफ्ना छोराछोरी स्वास्नी (आदि) हरूको हप्काई डप्काई दाँट फटकार खानुपर्ने कारणले र फेरि एकपल्ट स्यानो बालकजस्तो भएर जानुपर्ने कारणले जीर्ण भएको व्यक्ति शरीर र मनमा उब्जने जुन दु:खमा पुगिन्छ । ती जम्मै दु:खहरू जीर्णहुनु- जराको कारणले नै हुन्छ । तसर्थ जीर्णहुनु- जरालाई दु:ख भन्दछ ।

जरा-भनेको वृद्ध वृद्धाहुनु कपालपाक्नु वा फुल्नु, दाँतझर्नु, छालाखुम्चिनु, ढाडझुक्नु, कानले नसुन्नु, बहिऱ्याउनु, आँखा दुर्बलहुनु आदिद्वारा प्रकटरूपमा देखा परिरहने एक जन्म भित्रको नामरूप स्कन्धहरूको परिपक्वहुनु, शिथीलहुनु कमजोरपर्नु स्वभाव नै हो । तर नाम (चित्त) परिपक्वहुनु, शिथील र कमजोरहुनु त प्रकटरूपमा देखापर्दैन । धेरै बुढेश कालमा पुगे पछि मात्र स्मृति नर हनु, बिर्सनु, फेरि एकपल्ट बालकजस्तो हुनु आदि मात्र नजिक बस्ने व्यक्तिहरूले जान्न पाइन्छन्, चाल पाइरहन्छन् । रूप परिपक्वहुनु, शिथील र कमजोर भएरजानु त एकदम स्पष्ट हुन्छ । त्यो पनि निकै उमेर ढल्के पछि मात्र प्रकट हुन्छ । सुकोमल उमेर छँदा त जीर्ण शीर्ण भएको त्यतिसाह्रो प्रकट हुँदैन । दश वर्ष भित्रको रूपमा र दश वर्ष पछिको रूप एकनास हुँदैन । विपरीत भएर आउँछ । बीस तीश वर्ष नाघेका रूपहरू अघि पछिजस्ता नभई विपरीत विपरीत भएर आउँछन् । त्यसरी अघि पछिजस्तो नभई विपरीत भएर आएको पनि



Downloaded from http://dhamma.digital

जीर्ण हुनु-जरा स्वभाव नै हो । तैपनि यहाँ त कपालपाक्नु आदिद्वारा प्रकट भएको जरालाई नै जरा भनी अपेक्षाराख्दछ ।

त्यो जरा पनि नामरूपहरूको स्थितिक्षण परम्परा मात्र भएको कारणले त्यसले मात्र त असह्यहुनु, दु:खहुनु छैन । तर जराको कारणले शरीरका अंगप्रत्यंगहरू दुर्बल भएर जान्छ, आँखा कमजोर हुन्छ, देख्न छोड्छ, कान बहिऱ्याउँछ, नाक र जिब्रो पनि कमजोर हुनजान्छ; सारा शरीर नै शिथील र कमजोर भएर जान्छ । रूपवर्ण लावण्य पनि विनाश भएर जान्छ । युवक युवतीको स्थिति पनि नष्ट भएर जान्छ । स्मृति र ज्ञान पनि निष्क्रिय भएर जान्छ । नवयुवक युवतीहरूले "ए बुढा, ए बुढी आदि भनी अनादर अगौरबपूर्वक भनेको बोलेको सहनुपर्छ । समाजमा प्रतिष्ठा नभएको स्थितिमा पनि पुग्नुपर्ने हुन्छ । त्यसरी विभिन्न विषयमा स्खलित भएकोलाई कारण बनाई शारीरिक र मानसिक दु:ख भोग्नुपर्ने हुन्छ । ती शारीरिक र मानसिक दु:खहरूको आधार कारण भएको त्यो जरा नामक वृद्धवृद्धा स्वभावलाई भयंकर दु:ख भनेर भगवान् बुद्धले उपदेश गर्नुभएको हो । त्यो जरा नामक वृद्धवृद्धा हुनुबाट त मानिसहरू डराइरहन्छ । वृद्धवृद्धा न हुनलाई नित्यप्रति खोज तलाश गरी चाकरी पुऱ्याइरहन्छ । तर पनि अन्त्यमा त कपालफुल्नु, दाँत झर्नु आदिद्वारा नराम्रोसंग जरा स्वभावतिर पुगि नै रहन्छ । तसर्थ यो जरालाई भयानक भएकोले दु:ख भनी विस्तारगरी भनिरहनुपर्दैन । यतिले नै स्पष्ट भइरहेको छ ।

**रोग-व्याधि:**

"भन्ते भगवन्, यो संसारमा रोग रोग भनी भनिरहन्छ । केलाई रोग भनी भन्दछ ?" एकजना भिक्षुले भगवान् बुद्धसंग सोध्यो ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले भन्नुभयो, "भिक्षु, रोग भनेको यो नाउँ रूपधर्महरूको नाउँ हो ।" यस कुराबाट स्पष्ट छ, रोग भनेको रूपधर्म हो, त्यो अनुभूति वेदना होइन । किनभने त्यो रोगको दण्डभोग्नु पीडाखप्नु स्वभाव मात्र वेदना हो ।

तसर्थ रोग भनेको केलाएर हेर्दा पोल्नु रोग हो, चीसोहुनु रोग हो, पोल्नु चीसोहुनुले पीडा दिइरहेकोले रोग भइरहेको हो । टन्किनु, ठिंगरिन्नपर्नु पृथ्वीधातुले पीडा दिइरहेमा रोग हुन्छ; बग्नु जकडिनु आपोधातुले पीडा दिइरहेमा रोग हुन्छ ।

अतः रोग भनेको रूप हो । पोल्नु चीसोहुनु रूप, घचेट्नु चल्नु रूप हो, ठोक्नु हान्नु अड्क्याउनु रूप हो । कस्सिनु टन्कनु स्वभाव रूप हो । जमाउनु ढिक्कोपार्नु स्वभाव रूप हो । ती रूपहरू जम्मै रोग हुन् । यो स्कन्ध शरीरमा ती रूपहरूले चक्र काटी पीडा दिइरहेको कारणले रोग भइरहेको हो । ती रूपहरू अनुकूले भइरहने बेलामा स्वस्थरहेको छ भनिन्छ । ती रूपहरू विपरीत भई एक न एक बढी भएर च्यापिने बेलामा रोग हुन्छ भनी भन्नुपर्दछ । त्यसैले रूपधर्म उत्पन्न भए देखी हामीमा रोगहुन्छ भनी चित्त बुझिराख्नु पर्छ ।

गिरिमानन्द सुत्त-मा निम्न प्रकारले विभिन्न रोगहरू दर्शाइएको छ । जस्तो कि--

चक्षु (आँखाको) रोग, श्रोत (कानको) रोग, घ्राण (नाकको) रोग, जिह्वा (जिब्रोको) रोग, काय (शरीरमा उत्पन्न हुने) रोग, सीस (टाउकोको) रोग, कर्ण (कानको नशा नशामा हुने) रोग, मुख (मुखमा हुने) रोग, दन्त् (दाँत दुख्ने) रोग, कास (खाँसी आउँने) रोग, सास (श्वास बढ्ने दमा) रोग, पिणास (पिनास), डहो (डाह हुने)



Downloaded from http://dhamma.digital

रोग, जरो (ज्वरो आउँने), कुच्छि (पेटमा दुख्ने) रोग, मुच्छा (मूर्छा), पक्खण्डिका (रक्तातिसार), सूल (शूल), विसूचिका (हैजा), कुट्ठं (कुष्ट रोग), गण्डो (हाँडे रोग), किलासो (दागै दागपर्ने रोग), सोसो (सुकेर जाने, टी.बी. रोग), अपमारो (मृगी रोग), दड्डु (दादुरा), कण्डु (लुतो), कच्छु (ठयौला), रखसा (नङ्ले कोरेर हुनेरोग), वितच्छिका (फोका उठ्ने रोग), लोहित पित्तं (रक्तवमन), मधुमेहो (प्रमेह), अंसा (बाद उठ्ने), पिलका (दण्डिफोड्), भगन्दला (भाण्डर), पित्तको कारणले हुने रोग, कफ्को कारणले हुने रोग, वायुको कारणले हुने रोग, पित्त, कफ्, वायु तीनै मिली हुने रोग, ऋतु मौसमको परिवर्तनले हुने रोग, कुफत आहारद्वारा हुने रोग, उपक्कम (अर्काको प्रयोगद्वारा हुने रोग), कर्मविपाकको कारणले हुने रोग, शीत, उष्ण, भोक, प्यास, भारा पखाला, पिसाबको रोग ।

अस्वस्थ्य भई ज्वरो आउँने त सबैको प्रत्यक्ष दृष्टान्त अनुभव भएकोले ज्वरो आउँछ, दुख्छ, खटिरा आउँछ, टाउको दुख्छ, यी जम्मै दुख मात्र हुन् । कुनै पनि सहज, सरल र सह्य छैन । कुनै टाउको दुख्ने मान्छेले भन्छ, "अहो . . . .टाउको दुख्ने जस्तो नराम्रो दुख त अर्को हुँदैन बा !" फेरी आँखा दुख्नेले भन्न थाल्छ, "तिम्रो टाउको दुख्नु, आँखा दुख्नु जत्तिको नराम्रो छैन क्या !" कान दुख्नेले भन्छ, "तिमीहरूले कान दुखेको सहनु परे पो !" यसरी केलाएर हेर्दा ब्याधि दुख कुनै पनि सह्य छैन । कसैलाई पनि सजिलो छैन । जम्मै जम्मै दु:ख मात्र हुन् ।

**मृत्यु – मरणः**

"भिक्षुहरू हो, मरण भनेको के हो ?" "ती ती सत्त्वप्राणीहरूको ती ती सत्त्वनिकाय समूहबाट जुन च्यूतहुनु,



Downloaded from http://dhamma.digital

च्यूतहुनुको भाव, भेदहुनु, लोपहुनु, मृत्यु वा मरणहुनु, कालक्रिया, स्कन्धहरूको विनाशहुनु, लाशलाई निक्षेपगर्नु, फाल्नु, जीवितिन्द्रिय नामक प्राणको उपच्छेदहुनु, एक एक गरेर टुक्रिनु हुन; भिक्षुहरू हो, ती उल्लेखित स्वभावलाई मरण भनी भन्दछ।"

मरण दुःखमा मरण दुई प्रकारका छन् । विनाशक्षण भंग भनेको संस्कृतलक्षण पनि मरण हो । यसलाई उद्देश्य गरी जरामरणलाई दुई (२) स्कन्धहरूद्वारा (रूपको जरामरणलाई रूपस्कन्धद्वारा र चार (४) नामस्कन्धहरूको जरामरणलाई संस्कार स्कन्धद्वारा, यसरी दुई स्कन्धहरूद्वारा) गणना गर्नुपर्दछ भनेर (भगवान् बुद्धले) उपदेश दिनुभएको हो। एकजन्ममा समावेश भएको जीवितिन्द्रियक्रमको उपच्छेद हुनु पनि मरण हो। यसलाई उद्देश्य गरी "सत्त्वप्राणीहरूमा जहिले पनि मरणनामक भयंकरभय भइरहन्छ" भनी (वहाँले) उपदेश गर्नुभएको हो । जीवितिन्द्रिय उपच्छेदहुनु नामक त्यो मरणलाई यहाँ अपेक्षित छ। नयाँ जन्महुनु जातिको कारणले मरणहुनु, मरण-प्रयोगको कारणले मरण हुनु, स्वाभाविक रूपले आफै मरण हुनु, आयुक्षयद्वारा मरण हुनु, कर्मशक्ति सकेर मरणहुनु यी नाउँ समूह पनि त्यो जीवितिन्द्रियक्रम उपच्छेदहुनु नामक मरणको नै नाउँ हो । त्यो मरणमा पुरानो जन्मबाट च्यूत हुनु चिप्लिनु लक्षण रहेको छ । सम्बन्धित सत्त्वसंस्कारहरूसंग अलग्याउने कृत्य रहेको छ। उत्पत्ति अवस्थाको गतिबाट छुट्टिने हिसाबले ज्ञानमा अभिमुख भई प्रकटहुन्छ। कायिक र मानसिक दुःखको आधार कारणवस्तु भएको कारणले दुःखभन्दछ भनी जानिन्छ । (**सब्बे भायन्ति मच्चुनो**) - भन्ने देशनानुरूप दोषबाट मुक्त न भएको प्रत्येक व्यक्ति मरण देखि डराउँछ ।



Downloaded from http://dhamma.digital

त्यसरी भयंकरभई अनिष्टस्वभाव भएकोले पनि मरण दुःख हो भनेर भन्नुयोग्य छ । त्यसैले निम्न कथन कथनीय छ-

"मरणान्त अवस्थामा पुगिरहेको अकुशलकर्मीले अकुशलकर्म, अकुशल कर्मनिमित्त, अकुशलको प्रतिफल अपाय गतिनिमित्तलाई निरन्तर देखिरहनाले र मरणान्त अवस्थामा पुगिरहेको कुशलकर्मी व्यक्ति प्रेमनीयवस्तुसित सम्बन्धित बिछोड्लाई सहन नसक्ने हुनाले जुन मानसिक दुःख हुन्छ;

अकुशलकर्मी कुशलकर्मी भनी विभेद नगरी सामान्यरूपले सम्पूर्ण व्यक्तिहरूमा पनि टाँस्नु, जोड्नुलाई टुक्र्याउने वायुले हृदय आदि मरणको खाल्डो क्षेत्रलाई झोस्नु सास्तिगर्नुलाई सहन गर्नुपरी टाँस्नु जोड्नुलाई टुक्र्याउनु आदिको कारणले उत्पन्न भएको वा टाँस्नु जोड्नुआदिहरूको विच्छेदको कारणले उत्पन्न हुने असहनीय अनुपचारणीय जुन शारीरिक दुःख पनि हुन्छ; यो मरण त्यो मानसिक र शारीरिक दुःखको आधार कारणवस्तु नै हो । तसर्थ मरणलाई दुःख भनेर नै उपदेश गर्नुभएको हो ।

**मरण** - भनेको एकजन्ममा एककर्मको कारणले प्रतिसन्धिदेखि निरन्तर उत्पन्न भइरहने प्राणनामक जीवित नामरूपको छेदन भेदन भएरजाने स्वभाव नै हो । त्यसलाई उद्देश्य राखी (**सब्बे भायन्ति मच्चुनो**) "सबै सत्त्वप्राणी मृत्युदेखि डराउँछ" भनी उपदेश गरिराखेको हो । जाति नै मूलकारण रहेको मरण, प्रयासद्वारा हुने मरण, स्वभावतः हुने मरण; आयु समाप्त भएर हुने मरण, कुशलकर्म समाप्त भएर हुने मरण भनेकाहरू पनि यो जीवित नामरूप छेदन हुनुको नै नाउँ हो । यो मरणहुनु भनेको पनि जीवित नामरूपको विनाशहुने भंग स्वभाव मात्र भएकोले असह्य दुःख त



Downloaded from http://dhamma.digital

होइन । तर - मरण हुँदा वर्तमान स्कन्धकाय सहित प्रिय व्यक्तिहरू, परिवारहरू, ज्ञातिबन्धुहरू, उपभोग्य चीजवस्तुहरू, यी जम्मैलाई छोडेर जानुपर्ने हुन्छ । अहिलेको दृष्टान्त संस्कारलाई त्यागेर जानुपर्ने रहेछ भनेर कल्पना र चिन्तनागरी प्रत्येक सत्त्वप्राणी मरण हुनुबाट अत्यन्त भयभीत हुन्छ । मरण पछि कस्तो जन्ममा पुग्ने होला भनी कल्पना र चिन्तना गरेर पनि भयभीत भइरहन्छ । त्यसरी भयभीत हुने भएकोले भयावह भएको कारणले (**दुक्खं भयट्ठेन**- भयावह स्वभावको कारणले दुःख भन्दछ भन्ने कथन अनुरूप) मरणलाई दुःख भनेर भगवान् बुद्धले उपदेश गर्नुभएको हो ।

अर्थकथामा दर्शाइराखेको त नराम्रो अकुशलकर्म भएको व्यक्ति मरणासन्न अवस्थामा आफूले गरिराखेको अकुशलकर्म, त्यस कर्म गर्दाखेरिको आरम्मणनिमित्त, उत्पन्न हुनुपर्ने अपायभूमिको आरम्मणनिमित्तहरू देख्नमा आउँने कारणले मानसिक दुःख भोग्नु-पर्दछ । कुशलकर्म भएको व्यक्तिले पनि प्रियव्यक्ति चीजपदार्थहरूसंग विछोड हुनुपर्नेलाई विचारगरी मानसिक दुःख भोग्नुपर्दछ । सबै सत्त्वप्राणीमा नै मरणासन्न अवस्थामा रोग वेदनाले तीब्ररूपले सास्ति गर्नेभएकोले सहन नसक्नेगरी भयंकर शारीरिक दुःख उब्जेर आउँछ । ती शारीरिक र मानसिक दुःखहरू मरण हुनुलाई आश्रयगरी उब्जेर आउँछन् । यसरी भयानक रहेको शारीरिक र मानसिक दुःखहरूको कारण भएकोले मरणलाई दुःख भनी उपदेश दिनुभएको हो ।

"लौ हेर त, पहिलो जाति (जन्म हुनु) दुःख कसैबाट अलग्ग हुँदैन । दोश्रो जरा दुःख, बुढाबुढी हुनुञ्जेलसम्म रहिरहेमा कसैबाट अलग्ग हुँदैन । अघि बेला नहुँदै मर्नुपरेमा कर्म खोट्टा हुनपुग्छ । यसको बीचमा रोग व्याधि भनेको दुःख केटाकेटीमा पनि हुन्छ;



Downloaded from http://dhamma.digital

बुढाबुढीमा पनि हुन्छ । यो अस्वस्थ हुने ज्वरो आउँने बुढो होस् या तन्नेरी, सबैमा हुन्छ । त्यस पछि मरण दुःख । प्यात्त मर्नेजस्तो मरण त त्यतिको प्रकट हुँदैन । मरण हुनलाग्यो भन्दा भर्खरको तीव्ररूपले रोगी भई, व्याधि उब्जी मरण हुनलागेको छ भने यो मरण हुनलागेको व्यक्ति सत्पुरुष, राम्रो मान्छे कुशलकर्मी भइरहेमा पनि "म त राम्रो असल मान्छे, सुगतिमा पुग्ने नै छ" भनी मनले सम्झन सक्तैन । "अहो . . . छोराछोरीहरूसंग अलग्गिनु पर्नेभो, मेरो नाति नातिनीहरूसंग छुट्नुपर्ने भो भनी सम्झी सम्झी मनमा खलबली मच्चिरहन्छ । धनसम्पत्ति भएका व्यक्तिहरू मध्येमा पनि "मैले जीवनभर कमाइराखेको सम्पत्ति, मेरा अंशहरू राम्ररी प्रयोगमा ल्याइने हो कि होइन, नष्ट भ्रष्ट पो पारिदिने हो कि; मैले जीवनभर कष्टगरी खोजिराखेका यी सम्पत्तिहरूसित छुट्नुपर्ने भो भनेर सम्झी शोक गरिरहन्छ । सत्पुरुष भएर के गर्ने ? आफ्नो सम्पत्तिबाट बिछोड भएर रहनमा उसमा चिन्ता भइरहन्छ । छोराछोरीहरूसित बिछोड हुनुमा उसमा शोक भइरहन्छ ।

अति प्रसिद्ध हाम्रा बुद्ध-शासन रक्षक सम्राट् धर्माशोकलाई नै हेरौं । वहाँको छोरो महेन्द्र महास्थविर शासन हितकारक अरहन्त, अनि छोरी संघमित्रा, शासनकारी अरहन्त भिक्षुणी, यी छोराछोरीहरूले शासन प्रचार गर्दैछन् । आफू स्वयंले जम्बुद्वीप नामक सम्पूर्ण भारतमा प्रशासन चलाई आफ्नो प्रभावले अभिभूत पारिरहेको सम्राट् वहाँले समेत मरणासन्न अवस्थामा वैद्यराजले "यो अमलाको चोक्ता खाइरहनु, मुखमा राखिछोड्नु" भन्दा वहाँलाई चोट् परेर कस्तो शोक भएको थियो ।

शोकले गर्दा विचराले "सम्पूर्ण भूमण्डलमा प्रशासन चलाई



Downloaded from http://dhamma.digital

आधिपत्य जमाएर आएको राजा, करोडौं सम्पत्ति त्यागी दान गर्नसक्ने राजा, यत्तिको ऐश्वर्यशाली म राजा-महाराजा सम्राट्ले अन्तिम समयमा अमलाको एक चोक्ता मात्रमा नै अधिकार जमाउन पाउँने भयो होइन त !" भनी मानसिक तौरले दुःखी भएर बस्नुपर्यो। अहिलेसम्म त एकचोक्ता अमला माथि भए पनि अधिकार रहेको छ, मरण हुने बित्तिकै त्यो अमलाको चोक्ता माथि पनि अधिकार रहनेछैन । कस्तो लाचारिता सम्राट् भएर पनि, कस्तो विडम्बना सत्पुरुष रहेर पनि !

लौ हेर अब, मरण दुःख कत्तिको भयंकर छ । सुरक्षाको व्यवस्था अघि देखि नै तयार पारेर राखिदैन भने त सबै सबैले यस्तै यस्ता दुःखपाउँने नै भइहाल्यो । त्यस कारण मरण दुःख नै हो । अवश्यमेव पनि दुःख नै हो । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# सुख र शान्तिको अचूकपथ

यो संसार अनौठो छ, गजबको छ विचित्र छ। यहाँ दिनहुँ सबै प्रकारका सयौं घटनाहरू घटिरहेका हुन्छन्, अनेकौं रूपाकृति लिएर। तर तिनीहरूलाई खास तौरमा विभेदगर्ने हो भने स्पष्ट अनुभूतिको आधारमा त्रिविध प्रकारले विभेद गर्नसकिन्छ, दु:खद, सुखद एवं मध्यस्थ रूपमा।

दु:खद घटनाहरू कसैलाई मनपर्दैनन्। सुन्न पनि चाहन्नन्। तै पनि तिनीहरूबाट बिल्कुल मुक्त पनि त हुनसक्तैनन्। त्यसैमा प्राणीहरू रूमल्लिरहेका हुन्छन्, अल्झिरहेका हुन्छन् बेरिरहेका हुन्छन्। छुटकारा पाउँन चाहेर पनि छुट्नसक्तैनन्। सुखद घटनाहरू सबैलाई प्रिय मनाप हुन्छन्, तर तिनीहरू क्षणिक मात्रको लागि हुन्छन्। मध्यस्थ घटना सामान्यत: अनुभवमा उतार्न सजिलो देखिंदैन। तसर्थ जीवनको प्रत्येक घडीमा घटीरहने घटनाहरू त दु:खद घटनाहरू नै हुन्छन् चाहेर पनि न चाहेर पनि। त्यसबाट कोहि पनि सांसारिक प्राणी बच्नसक्तैनन्, श्रमण ब्राह्मण, राजरंक, धनी गरीब, उँचनीच, विज्ञ मूर्ख जस्तोसुकै किन नहोस्।

किन होला। के हामीले आजसम्म यस विषयमा गम्भीर सोचाई र गहन अध्ययनगर्न सकेका छौं र ? यसको सकारात्मक उत्तर पाउनु भन्दा नकारात्मक उत्तर नै अघिसर्ला जस्तो हामीलाई लाग्छ। किन भने हाम्रो सम्पूर्ण जीवन नै त्यस दिशातिर उन्मुख भइराखेको छ, जहाँ कुनै किसिमको वातावरण नै छैन, जसबाट



Downloaded from http://dhamma.digital

हामीमा त्यो जिज्ञासा जागोस् जसले गर्दा कि हामीलाई त्यस विषयमा अध्ययनगर्ने उत्सुकता सजिलैसित उम्रेर आओस्।

आजको संसार प्रायस: भौतिकवादमा आधारित छ। पंच इन्द्रियद्वारा जे जति अनुभवजन्य कुरा हो त्यसैमा आज सुखको खोजीनीति भइराखेको छ। दर्शनजन्य सुख, श्रवण, घ्रायण, आश्वादन एवं स्पर्श जन्य सुख पाउनको लागि मानिस लगायत साराका सारा प्राणीहरू तँछाड् मछाड् डगुर्दैछन्, धावन गर्दैछन्, संसरण गर्दैछन्। त्यसैको निमित्त उनीहरूले पसिना बगाउँदैछन्। मुटु धुक्धुक्याउँदैछन्। लडीबुडी खेल्दैछन्। पाएँ पाएँ, पाउन आँटें पाउँन आँटें जस्तो भान त उनीहरूमा आउँदा रहेछन्, तर पूर्ण उपलब्धि चाहिं अझै निकै टाढा नै परिराखेका देखिंदा रहेछन्। मृगतृष्णालाई पानी सम्झी तिरमिरे घाममा पानीको प्यासले मरुभूमिमा डगुरिरहेका मृगहरू जस्तै। ती मृगहरूले पानी कहाँ पाउनु र, त्यहाँ त खालि बगिरहेको पानीको झलक मात्र छ, सूर्यको तापले निस्किराखेको बालुवाको राप मात्र छ, खास पानी कहाँ छ र। त्यसैले ती डगुरिरहेका मृगहरू एकातिर पानीको तिर्खाले दु:ख पाइराखेका हुन्छन् भने अर्कोतिर स्वाँ स्वाँ फ्वाँ फ्वाँ डगुर्दै थकावटले चूरभइकन दु:ख झेलिराखेका हुन्छन्। विवेकको ज्योति न जगाई त्यसै रूपमा डगुरिरहने उनीहरूको आखिरी स्थिति के होला त्यो सहजै स्पष्ट देखिन्छ।

त्यस्तै यस संसारका प्राणीहरू पनि पञ्चकाम विषयहरूको भोक र प्यासले छट्पटिरहेका छन्। त्यसैमा आशक्त र मूर्छित भई त्यसको रसास्वादन र त्यसबाट पाउँने सुखको तृष्णाले रातोदिन गुट्मुटिरहेका छन्। तै पनि कुनै सन्तोषको आभास रत्तिभर पनि



Downloaded from http://dhamma.digital

उनीहरूले आफ्नो अनुभूतिमा उतार्नसकेका छैनन् । मरीमेटी त्यसकौ निमित्त उनीहरूले विभिन्न क्षेत्रमा विभिन्न तरीकाले सुख अपनाउन खोजिरहेकाछन् । सुख त केही मात्रामा छन् त छ होला । तै पनि त्यो कुष्ठरोगीको आगोताप्नेखालको सुख देखिन्छ ।

प्राणीहरूमा कामसुखको भोक र प्यास तृष्णाले गर्दा उनीहरूको आँखा रमाइला रमाइला रूपमा रमाउँछन्, रूपलाई हेरिरहन चाहन्छन्, त्यसैमा उनीहरू आशक्त छन्, अनुरक्त छन् उनीहरूको कान कर्णप्रिय शब्दहरूमा रमाउँछन्, शब्द सुनिरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । नाकलाई पनि सुवासित गन्धहरू मनपर्छन्, वास लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । जिभ्रो पनि स्वादिलो स्वादिलो रसमा रमाउँछन्, स्वाद लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । सुखस्पर्श लिन शरीर तम्सिरहेका हुन्छन्, त्यसमा रमाउँछन्, सुखस्पर्श लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्तछन् । यी कुराहरू जम्मै प्राणीमात्रको प्रत्यक्षीकृत अनुभवजन्य कुरा हुन् । यी आँखा, कान, नाक, जिभ्रो र काय भन्ने शरीर रूप, शब्द, गन्ध, रस र स्पर्श भन्ने कामविषयमा अतिक्षुब्ध अतिलुब्ध भई हरहमेशा रमाइरहन्छन्, कुष्टरोगीको आगोताप्ने प्रक्रिया जस्तो ।

आफ्नो न राम्रो ब्यसन बानिब्यहोरा क्रियाकलापको कारणले आफ्नो असंयमता र खराब लट्ले गर्दा मानिसमा कुष्ठरोगजस्तो घृणास्प्रदरोग लागेकोहुन्छ । जति जति रोग बढ्दै बढ्दै जान्छ, त्यति त्यति नै शरीरका अंगप्रत्यंगहरू खुजल्याउन कन्याउन थाल्छन् । किन कि भित्रि तवरबाट रोगका कीटाणुहरू उठेर आउँछन् । भित्र कीटाणुहरू गतिशील भएर आउँदा अतिशय रूपमा कन्याउँछन्,



Downloaded from http://dhamma.digital

कन्याए पछि हातले कोर्नथाल्छ। त्यतिले मात्र सन्तोष हुँदैन, निको हुँदैन। अनि दन्केको आगोको छेउमा गई आगोताप्नजान्छ। त्यसले कीटाणुहरू हटेर केहीछिन साम्य भएजस्तो हुन्छ। कन्याउँदैन। केही क्षणको लागि शान्त मात्र हुन्छ। पटक्क रोग निकोहुने त होइन।

त्यस्तै प्राणीहरूको भित्री मनमा तृष्णाको वासना छुपिरहेको घुसिरहेको हुन्छ। जो मानसिक कुष्ठरोग नै हो। त्यसैले आँखाले रूप हेर्दा वा देख्दा हेरिरहन मनलाग्छ, कुष्ठरोग उठेर आएजस्तो। शब्द सुन्दा सुनिरहन मनलाग्छ। यो पनि रोग उठेर आएको जस्तै हो। गन्ध, रस, स्पर्शहरूलाई पनि यस्तै यस्तै अनुभव गरिरहन मनलाग्छ। ती पनि तृष्णारूपी कीटाणुहरू उठेर आएका नै हुन्। ती कीटाणुहरू उठेर आएपछि रूप हेर्छ, शब्द सुन्छ, गन्ध सुँघ्छ, स्वादिलो रस चाख्छ, सुखस्पर्शको अनुभवगर्छ। त्यो कन्याएको कुष्ठरोगलाई शान्तपार्न आगो तापेको जस्तो होइन र! एकदिन एकछाक यसरी भोक प्यासलाई तारिसकेपछि भयो आज त केही गर्दिन भो भन्दै सन्तोष भएको जस्तो भानलिन्छ। सुत्न जान्छ। आगो तापेर कुष्ठरोग शान्त पारेकोजस्तो। एकछिनको लागि तृष्णा शमन हुनगयो। तृष्णा खतम भयो त ? कहाँ हुने नि! झन् त बढेर आउँछ। जति कोर्यो कन्यायो आगो ताप्यो, त्यति त्यति नै कोर्नु कन्याउनु आगो ताप्नुपर्ने भएर आउँछ। त्यसैले यसको आदि अन्त छैन, हुँदैन। होइन त!

त्यसैले होला भगवान् बुद्धले कामविषय सम्बन्धी सुखलाई स्पष्ट झल्काउन उपरोक्त उदाहरणदिइ यथार्थता बोधगराउन खोज्नु भएको।

तसर्थ भौतिकवादमा आधारित भौतिकसुख वास्तविक एवं यथार्थ सुख होइन। विपर्यास धर्मस्वभावको कारणले मात्र प्राणीहरूले यसलाई स्वादिलो र रसिलो थानिराखेका रहेछन्।



Downloaded from http://dhamma.digital

सुखद घटनाहरू प्राणी मात्रले रुचाउँछन्। त्यसमा उनीहरूको चित्त रमाएका हुन्छन्। भुलिएका भुकिएका हुन्छन्। बुद्धको उपदेशको आधारमा खास सुखपाउँन मानिसमा आध्यात्मिक तत्वमा आधारित शुद्ध स्वच्छ र निर्मलताहुनु अत्यावश्यक देखिन्छ। ती विना वास्तविक एवं यथार्थसुख पाउँन गाह्रो मात्रै होइन असम्भाव्य पनि देखापर्दछ।

त्यो निर्मलता प्राप्तिको लागि र अनन्तकाल देखिको तृष्णारूपी कृष्ठरोगलाई सँधैंको निमित्त निकोपार्न त्यसैले तथागतले मध्यम प्रतिपदाको प्रतिपादन आचरणार्थ भावनार्थ वृद्धि वैपुल्यार्थ गर्नुभएको स्वभाव सिद्ध छ। अन्तर्चक्षु उत्पादनको लागि, ज्ञान उत्पादनको लागि, मानसिक विकार क्लेशशमनको लागि, विशिष्टज्ञान लाभको लागि सम्बोधिको लागि र निर्वाणको लागि।

ती मध्यम प्रतिपदा आठ प्रकारका छन्; जस्तैः सम्यग्दृष्टि, सम्यक्संकल्प, सम्यग्वचन, सम्यक्कर्मान्त, सम्यग्+आजीविका, सम्यग्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि।

"सम्यग्दृष्टि" भनेको सहीदृष्टि, यथार्थज्ञान हो। केमा सहीदृष्टि हुनु त नि ? सर्व प्रथम कर्म, कर्मफललाई जान्ने कर्मस्वकत्वज्ञान, दोस्रो विपश्यनाज्ञान, तेस्रो मार्ग र फलज्ञान, यी ज्ञानहरूमा क्रमशः सहीरूपमा ज्ञानहुनु सम्यग्दृष्टि हो। यो दृष्टि लाभहुनाले राग अन्त हुन्छ, द्वेष शान्त हुन्छ, मोह निर्मूल हुन्छ।

"सम्यक्संकल्प" ले काम, व्यापाद र विहिंसा जस्ता कुण्ठित कुत्सित मिथ्यासंकल्पहरू चिन्तन मनन नगरी विषय वासना सम्बन्धी सबै संकल्प त्यागी नैष्कम्य, मैत्रीपूर्ण अव्यापाद करुणापूर्ण अविहिंसा जस्ता उच्च प्रतिष्ठित प्रशंसनीय चिन्तन मनन गर्छ।



Downloaded from http://dhamma.digital

यसरी यस मार्गले राम्ररी सहीरूपमा विचार गर्छ, चिन्तन गर्छ । यो जीवन नाम र रूपको जीवन हो । यो बिलाएर जान्छ । त्यसैले अनित्य हो । विस्तारै विस्तारै जीर्ण हुन्छ, यदि त्यसो न भए यो स्थिर रहन्थ्यो; तर अब जीर्ण भएर आएको छ । यसमा स्थिरता छैन । सँधैं विनाशशील भएकोले अवश्यमेव दु:ख हो । केही सारत्व नभई स्थिरत्व नभएकोले अनात्म रहेछ भन्ने सहीविचार सम्यक्संकल्पद्वारा उब्जेर आउँछ ।

"सम्यग्वचन" झूठ बोल्नु, चुगली गर्नु, कडा बोलिबचन प्रयोगगर्नु र व्यर्थको कुरागर्नु जस्ता मिथ्या-वचन वचीदुश्चरित्र त्यागी सत्यनिष्ठ, कर्णप्रिय मैत्रीवर्द्धक लाभप्रदत्त कुरागर्नु हो । यो धर्म वा मार्ग अपनाउँदा कहिल्यै पनि नराम्रो बोलिवचन बोल्दैन । बोल्न मन नपरे चुप लागेर एकचित्त गरी बस्ने छ, तर नराम्रो वचन भने प्रयोग गर्दैन । कुरै गरे अनित्य, दु:ख, शील, समाधि र प्रज्ञा सम्बन्धी कुरागर्ने हुन्छ ।

"सम्यक्कर्मान्त" हिंसा, चोरी मिथ्याचार र व्यभिचार जस्ता मिथ्याकर्म कायदुश्चरित्र त्यागी अन्य प्राणीहरूको दीर्घायु हुने, निरोगी हुने, औषधोपचार गर्ने अस्पताल आदि खोल्ने, अरूहरूको सम्पत्ति सुरक्षा गरिदिने दानदिने, सरसफाइ गर्ने, बाटो घाटो बनाउने मरम्मतगर्ने विहार मन्दिरहरूको रेखदेख सफासुघर राख्ने आदि कामगर्ने हुन्छ । यसले नराम्रो काम कहिल्यै गर्दैन । विरत भएर बस्छ । कामै गर्नुपरे उपदेशदिने, ध्यान भावनागर्ने, धर्माचरणगर्ने धर्मको चिन्तन मननगर्ने कामगर्ने हुन्छ ।

"सम्यग्आजीविका" यसले अधर्म अन्याय र अत्याचारपूर्ण जीवन बिताउँदैन । पंचशील भंगहुने गरी कुनै कामगर्दैन । भिक्षु



Downloaded from http://dhamma.digital

श्रमण साधुसन्त भए भिक्षाटनद्वारा जीविका गर्ने हुन्छ। धार्मिकपूर्वक भिक्षाटन गर्छ। फूल फुल्याउने पुल पुल्याउने गर्दैन। दिए जय जयकार नदिए सराप पनि दिँदैन। छल कपट माया देखाइ भिक्षाटन गर्दैन। स्वाँग ध्वाँगगरी भिक्षा लिँदैन। गृहस्थ भए भने 'अहँ, हामीले अन्याय अत्याचार गरी जीविका चलाउँदैनौं, जे जति सम्पत्ति हुन्छन्, ती जम्मै छाडेर जाने छौं। अधार्मिक रूपले कमाएको सम्पत्तिले लालन पालन गरें भने पनि यो शरीर संधैं टिक्ने होइन; यस्तो शरीरलाई बचाउन अधार्मिक रूपमा सम्पत्ति स्याहारेर अधार्मिक रूपमा मरेर अत्याचारपूर्ण जीवनमापुग्ने बेला भोग्नुपर्ने दुःख कसले भोग्लान् र। यसै नाम र रूप नै होइन र। त्यसैले अधार्मिक जीवन बिताउँने छैनौं भनी सम्यग्जीवन बिताउँछ।

"सम्यग्ब्यायाम" को आफूमा नभएको नराम्रो क्रियाकलाप कुनै हालतमा पनि नहुन दिने, भएको नराम्रो काम फेरि नहुन दिने, नभएको राम्रो क्रियाकलाप उत्पादन गराई भएकोलाई पनि पूर्ण सिद्धित्वमा पुऱ्याउन अविरल रूपमा गतिशील भई प्रयत्नगर्ने स्वभाव हो। यसले उदयोगगर्दै लान्छ; बारबार प्रयास गर्दै जान्छ; जीवनमा सततः भावितागर्दै लानु, बहुलीकृतगर्दै लानु, दोहऱ्याइ तेहोऱ्याइ उदयोगगर्दै लानु यसको प्रकृति हो। नाम रूप धर्म माथि अनित्य, दुःख, अनात्म प्रकट हुनेगरी यसले फेरि फेरि उद्योग गर्दैजान्छ।

"सम्यक्-स्मृति" स्मरणगर्दै लाने, होशराख्दै जाने यसको स्वभाव हो। यसले अनित्य दुःख अनात्मलाई स्मरणगर्दै लान्छ। यो अनित्य दुःख अनात्म विषय अनन्तकाल देखि असंख्य जन्म देखि अविदयाले गर्दा न जानिएको स्वभाव हो। बिल्कुल अन्धोपन यस अविदयामा छ। यी नाम र रूप धर्महरू एकनाशले विनाश



Downloaded from http://dhamma.digital

भइरहेका यसले देख्तैन । यो विनाशलाई नै राम्रो थानी अल्झि आएको छ ।

अविदयाले नदेखिनेगरी छोपीराखे जस्तै तृष्णाले पनि लोभ्याइराखेको छ । अविदया र तृष्णाले हामीलाई सास्ति दिंदै छ । यो स्कन्धशरीरलाई श्रृष्टिगरेर यसले दुःख दिइराखेको छ । यी नाम रूप धर्मलाई कर्म संगसंगै उत्पन्न गराई यातना दिंदै छ । अपाय दुर्गतिमा पर्नुपर्ने पनि यी अविदया र तृष्णालेगर्दा नै हुन् । यसरी अतियातना र सास्तिदिने यी हुन् भन्दै जम्मैलाई स्मरणगर्दै हाम्रा यी स्कन्धशरीर अस्थिर र अनित्य रहेछन्, शारीरिक र मानसिक दुःखले भरेका रहेछन्, शरीर र मनले दुःखी नभई सुख पाउँदै छौं भनेता पनि एकैनाशले विनाशहुँदै गइरहेको यो दुःखधर्म रहेछ, हाम्रा स्कन्ध शरीरमा भित्र बाहिर सबैमा विचार विमर्श गरेरहेर्दा केही पनि सार तत्व पाउँन नसकी अनात्म स्वभावधर्म मात्रै रहेछ भनी यस प्रकार सम्यक्स्मृतिले स्मरणगर्दै लगिराखेको हुन्छ ।

"सम्यक्समाधि" यो स्थिर छ । यसले नाम रूप धर्म सबै अनित्य दुःख अनात्म नै रहेछ भन्नेलाई प्रत्यक्षत हेरिराखेको हुन्छ । एकाग्रतामा पुगी दृढतापूर्वक भाविता गरिराखेको हुन्छ । त्यसरी विपश्यनाज्ञान सम्यग्दृष्टि सहित आर्यअष्टांगिक मार्गलाई बारबार बृद्धिगर्दा राग घट्दै गएको, दोष बिलाउँदै गएको मोह सेलाउँदै गएको देखिन्छ । जति जति यसको अभिवृद्धि हुँदै जान्छ, पत्र पत्र भई खपिंदै आएका रागहरू यस विपश्यनाज्ञानद्वारा एकदम जोरतोरले प्रयत्नपूर्वक दबाउँदै लानाले कमहुँदै घट्दै गएको, अविदया र तृष्णा पनि बिलाउँदै सेलाउँदै गएको स्पष्ट झल्किन्छ र अन्तमा राग निर्मूल भएको दोष नष्ट भएको मोह जडैदेखि



Downloaded from http://dhamma.digital

उखेलिएको र आश्रवरहित अरहन्तत्वमा पुग्नसक्ने भएको समेत यसद्वारा स्पष्ट हुनआउँछ ।

वस्तुतः यसरी मध्यम प्रतिपदा आचरणले ज्ञानचक्षुको निर्माण हुनजान्छ । विपश्यना ज्ञानदेखि माथि चढेर मार्गफलज्ञानलाई पनि निर्माण गर्दछ । सम्पूर्ण क्लेशलाई शमनगर्ने चतुसत्य धर्मलाई विशिष्टज्ञानले बुझ्ने, त्यसैलाई कुनै त्रुटी विना सहीरूपमा जान्ने सम्पूर्ण दुःख शान्त भएको निर्वाणसम्म पुऱ्याइदिने यो आचरण हो । र यसैबाट पूर्णसुख र अनन्त शान्तिको स्वानुभूतिपूर्ण साक्षात्कार पनि हुन्छ । तसर्थ यो नै सम्पूर्ण दुःखशमन र दमनको सही मार्ग अचूक पथ हो । सुख लाभको सच्चा पद्धति हो ।

✿

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# अहिंसा

अहिंसा दुइ शब्द जोडेर बनेको शब्द हो । अ+हिंसा । "अ" प्रतिषेध अर्थवाची हो 'न' जस्तै; न हिंसा अहिंसा । हिंसामा हिंस धातु 'आ" प्रत्यय जोडिएको छ । हिंस धातुको अर्थ पालि व्याकरण अनुसार हिंसागर्ने अर्थमा व्यक्त छ ।

हिंसा भन्नाले पौरुषवचनद्वारा अरूलाई पीडादिनु दण्डादिद्वारा मार्नु पिट्नु, चोट पुऱ्याउनु, शारीरिक मानसिक यातनादिनु, सास्तिगर्नु, हानी नोक्सानी पुऱ्याउनु, हत्यागर्नु आदि जम्मै यसै भित्र समावेश भएका हुन्छन् । रगत चुसेर दुःखाइदिनु पनि हिंसा नै कहलाइन्छ । नाशगर्नु विनाश पारिदिनु पनि हिंसा नै हो । हात गोडा दण्डी आदि प्रयोगगरी हिर्काउनु, हान्नु, लात्मार्नु लछाडपछाड पार्नु, सिंगले हान्नु, गला घोट्नु, बन्दूक आदिले दाग्नु, बलात्कारगर्नु, जबर्जस्ति र अन्यायपूर्वक बल प्रयोगगर्नु, आतंकितपार्नु, हमलागर्नु, खुकुरी आदिले काट्नु, टाउको आदि छिनाउनु, बलिचढाउनु यी सबै नै हिंसा हुन् ।

आफूलाई पनि अरूलाई पनि कष्टपुऱ्याउनु दुःखदिनु हिंसाको स्वभाव हो । हिंसा, भइरहेको बेलामा पनि भइसकेको बेलामा पनि यसले हानी पुऱ्याइराखेकै हुन्छ ।

यी अमानवीय व्यवहार र क्रियाकलापलाई त्यागी जब मानिस दण्डविधान शस्त्रअस्त्र विधानबाट अलग्गिएको हुन्छ, मारकाट घात प्रत्याघातमा संलग्न हुँदैन, त्यसलाई अहिंसाको संज्ञा दिन सकिन्छ ।



Downloaded from http://dhamma.digital

"न हिंसतीति अहिंसा" "न हिंसयति एतायाति अहिंसा" अथवा "न हिंसनं अहिंसा" भन्ने विग्रह अनुसार जसले शरीर, वचन र मनले हिंसा गर्दैन, जसमा हिंसा गराइने कारण चेतना छैन अथवा जसमा हिंसा विरमण स्वभाव मात्र छ, त्यो व्यक्ति नै साँच्चिको अहिंसक भन्न सुहाउँछ, उसको चेतना र स्वभावमा अहिंसा पलाएको छ भन्न मिल्छ ।

अहिंसा गुणात्मक अथवा भावात्मक शब्द हो । यो अन्तस्करणमा पलाउने र प्रस्फुटित हुने सद्‌गुणपूर्ण शुद्धचरित्र हो । यसको विकासको लागि हामीले भित्री हृदयदेखि नै सच्चरित्रताको अभ्यास गर्नुपर्दछ । आफ्नो मनलाई दिगो र दरिलोपार्न दीर्घकालीन अभ्यास चाहिन्छ ।

रीस राग, ईर्ष्या क्रोध द्वेष, आक्रोश, बदलाको भावना, मान, अभिमान, आघात, कुण्ठा, म्रक्ष, शठता आदि यी मानसिक दुर्गुण र दुर्बलतालाई हटाई, पन्छाई; क्षान्ति, दया, क्षमा, धैर्य, वीर्य, मैत्री, करुणा, परोपकारिता, सद्‌भावना, सहिष्णुता, आत्मियता, भ्रातृत्व, बन्धुत्व, अपनत्व, त्याग, उदारता, सहनशीलता आदि मानसिक सद्‌गुणहरू र दृढ सन्तुलित मानसिक सक्षमतालाई सतत सचेत गराई त्यस दिशातिर निगरानी राखी उत्पादन गराउनुको साथै त्यसमा अभ्यस्त भएर पनि रहनु अति आवश्यक हुन्छ ।

यदि त्यस किसिमको मानसिकतालाई सबल पारेर सक्षम तुल्याइराखेको छैन भने कारण न जुधेसम्म त आफू अति नै क्षमाशील, दयावान्, मैत्रीपूर्ण, धैर्यधारी, प्रतिक्रिया रहित, सीदा साधा, सहनशील ठानिराखिने भएता पनि जब त्यस्तै कारण र घटनासित सामना गर्नुपर्ने हुन्छ, तब आफू पराजित भएर पनि आखिरमा बाध्यतावश हिंसाको



Downloaded from http://dhamma.digital

क्षेत्रतिर ढकेलिन पुगिन्छ र चाहि न चाहिकन पनि आतंक र बर्बरतालाई अपनाउनुपर्ने स्थिति आइपर्दछ। "यस्तो स्थितिमा मैले के नै गर्न सक्छु र! यस्तै परिस्थितिको सृजना भइहाल्यो क्यार!" भनेर गुनासो पोख्नु र बहाना पार्नु बाहेक अर्को केही उपायगर्ने बाटो सुल्झिंदैन। कमजोर मानसिकता र अनभ्यस्त सच्चरित्रताको परिचय नै यही हो।

त्यसैले मानव मात्रले यदि अहिंसालाई साकार तुल्याएर कार्यान्वयनगरी कार्यक्षेत्रतिर अगाडि बढ्ने हो भने २५०० वर्ष भन्दा अघि भगवान् बुद्धद्वारा अभिव्यक्त यी निम्न: कुराहरूलाई हरहमेशा चिन्तन मनन र अभ्यास गरिराख्नु नितान्त आवश्यक देखिन्छ।–

"हामी वैरीहरूको माझमा अवैरी भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं। वैरभावयुक्त मनुष्यहरू प्रति अवैरभाव जगाई हामी विहारगर्ने छौं।"

"हामी राग द्वेषादिले आतुर भइराखेका व्यक्तिहरू बीच आतुरता रहित भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं। आतुरभावयुक्त व्यक्तिहरू प्रति अनातुरभाव जगाई हामी विहारगर्ने छौं।"

"हामी ईर्ष्याभिभूत व्यक्ति मध्यमा ईर्ष्या रहित भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं। ईर्ष्याभावयुक्त व्यक्तिहरू प्रति ईर्ष्या विहीनभाव जगाई हामी विहारगर्ने छौं।"

"जबसम्म कसैले प्राणीहिंसा गर्दछ, तबसम्म त्यो व्यक्ति आर्य (श्रेष्ठ, पवित्र, उत्तम व्यक्ति) कहलाइँदैन। सबै प्राणीहरू प्रतिको अहिंसा नै "आर्य" भनाउनसक्ने गुण हो।"

"सुखापेक्षी सुखकामी सत्त्वहरूले आ-आफ्नो सुखको गवेषणगरी यदि दण्डद्वारा हिंसागर्दछ भने ती सत्त्वहरूले पछि सुखपाउँने छैनन्।"



Downloaded from http://dhamma.digital

"सुखापेक्षी सुखकामी सत्त्वहरूले आ-आफ्नो सुखको खोजिनीतिगरी यदि दण्डादिद्वारा हिंसा गर्दैनन् भने त्यसता सत्त्वहरूले पछि सुखपाउँने छन् ।"

"यो संसारमा साराका सारा प्राणीहरू दण्डदेखि तर्सिन्छन्; मृत्युदेखि भयभीत हुन्छन् । तसर्थ आफैले आफैलाई उदाहरणको रूपमा अगाडि राखी कसैको हत्या पनि नगर, घात पनि नगर ।"

"यो धरतीमा साराका सारा प्राणीहरूलाई आ-आफ्नो जीवन प्यारोलाग्छ । तसर्थ आफैले आफूलाई साक्षीराखी कसैको पनि हत्या न गर, घात पनि न गर ।"

यी माथि उल्लिखित बुद्धवचनहरूलाई जान्न बुझ्न सम्झन आफैलाई अगाडि साक्षीको रूपमा प्रस्तुत नगरिकन सम्भव छैन । जबसम्म अरूको दुःखदर्द मर्कापीडालाई आफैले प्रत्यक्ष अनुभव गरेको हुँदैन, तबसम्म अर्काको घाउ कति कष्टदायी छ भन्ने कुरा ख्यालै हुँदैन । गाई गोरुको घाउ कौवाले थाहा नपाउँने जस्तै ।

अर्काको घाउ र दुःखदर्दलाई त त्यसै त्यसै हावा मै उडाइदिन्छन् मानिस भनाउँदाहरूले । आफूलाई सियोले घोचेकोलाई असह्य सम्झने व्यक्तिहरूले अरूलाई खुकुरीले हान्नुलाई खेलवाड र हाँसीखेली सम्झन्छन् यी मानिस भनाउँदाहरूले । आफ्नो सानो तिनो समस्यालाई भने तीलको ताड सम्झने अरूको मारणन्तिक पीडा र वेदनालाई भने नगण्य ठान्ने बानिछन् यो संसारमा । किनभने आ-आफ्नो स्वार्थले उनीहरूलाई अन्धो तुल्याइराखेको हुन्छ । भुक्तभोगीले मात्र त्यसको मर्म बुझ्नसक्छ ।

त्यसैले भगवान् बुद्धले आफूलाई नै साक्षी स्वरूप अगाडि प्रस्तुत गर्नुपर्ने कुरा व्यक्तगर्नु भएको हो । यो कतिको महत्वपूर्ण



Downloaded from http://dhamma.digital

कुरो हो, सबैले बुझिदिनु पर्‍यो। जसले यसलाई बुझ्छ, महसूसगर्छ, त्यसैले हिंसाको वास्तविकता र अहिंसाको सत्यतालाई थाम्नसक्ने हुन्छ। त्यसैबाट अहिंसाको महत्त्वबोध हुनजान्छ। आजभोलि नाउँमा मात्र "अहिंसा परमो धर्मः" भइराखेको छ। तर वास्तविकता भने अर्कै भइराखेको पाइन्छ। यो सुल्टोको उल्टो स्वभावलाई यसरी धरतीका मानिस भनाउँदाहरूले कहिले सच्याउने हो ? कसलाई के थाहा !

आजको यो विश्वमा जुन किसिमको हिंसा, आतंक, बर्बरता र क्रूरताले आकाश छुन गइरहेको छ, त्यसलाई नियालेर हेर्नेहो भने आशा पलाउनुको सट्टामा निराशा पछ्याउनुपर्ला जस्तो छ। कारण ज-जसले यो धरतीमा अहिंसाको पाठ पढाउन र प्रतिष्ठा बढाउन खोजेका छन्, सत्यलाई अंगाल्न लागेका छन्; ती जम्मैलाई हिंसाले धरासायी पारिदिएका कुरा हाम्रो सामू इतिहास साक्षी छ। अहिंसाको सन्देश प्रचारक शिक्षा प्रदायक भगवान् बुद्धलाई अपवादको रूपमा राखी अन्य अहिंसाका पूजारी परमोपासकहरू हिंसाका शिकार भएको कुरा उनीहरूको रगतले सिञ्चित भई दाग परेको यो धरती अहिलेसम्म पनि साक्षीको रूपमा मौन धारणगरी विद्यमान छँदैछ। यो हो यो संसारको वास्तविक र सही अनुहार। यो अनुहार फेर्नसक्ने को हुनसक्ला यो ब्रह्माण्डमा ? व्यक्तिको रूपमा त फेला पार्नैसक्ने स्थिति छैन। हिंसक मनोवृत्तिलाई पुरै परिवर्तन नगरिकन यो सम्भव हुँदैन। यसको लागि उपाय के छ ? साधन के हो ? माध्यम कहाँ छ ?

आफै आफैमा न खोजिकन फेला पर्दैन। त्यसैले पनि भगवान् बुद्धको मार्गप्रदर्शन अति महत्वपूर्ण र प्रभावकारी रहेको छ –



Downloaded from http://dhamma.digital

"आफैले आफूलाई साक्षीराख्नु, उदाहरण अथवा नमूनाको रूपमा आफैलाई सर्वप्रथम अगाडि उभ्याउनु प्रस्तुतगर्नु।"

"अहिंसा परमो धर्म :" यथार्थतामा बदल्न सकून्।

"भवतु सब्बमंगलम्" सबै सबैको मंगल होस्, कल्याण होस्। ■



Downloaded from http://dhamma.digital

# वर्तमान नेपाली बुद्धधर्म स्थिति

हाम्रा अहिलेका ऐतिहासिक भगवान् गौतम बुद्ध बोधि प्रणिधान पछि चार असंख्य र एक लाख कल्पको समय बिताई दश पारमिता दश उपपारमिता दश परमत्थपारमिताको हिसाबले ३० प्रकारका पारमिता गुणधर्महरू परिपूर्णगरी अहिले बर्तमान अवस्थामा प्रचलित बुद्धसम्बत् अनुसार आज भन्दा २६२४ वर्ष अगाडि वर्तमान नेपालको भौगोलिक स्थिति अनुसार नेपालको पश्चिमी तराइभागको लुम्बिनी शालोदयानमा भावीबुद्ध बोधिसत्त्व सिद्धार्थ वैशाखपूर्णिमाकै दिन जन्मनुभएको थियो । लुम्बिनीमा विदयमान सम्राट अशोकको शिलास्तम्भमा कुँडिएको ब्राह्मीलिपीमा स्पष्ट शब्दमा भनिएको छ **"हिद बुधे जाते सक्यमुनीति"** .... .... **लुमिनीगामे** .... .... ॥ कपिलवस्तुका शाक्यराजा शुद्धोदन वहाँको पिताश्री हुनुहुन्थ्यो र महामाया देवी वहाँकी माताश्री । अनि महाप्रजापति गौतमी वहाँकी सानीआमा । बोधिसत्त्व जन्मेको सात दिन पछि महामायादेवी स्वर्गे भइन् । वहाँलाई सानीआमा महाप्रजापति गौतमीले आफ्नै दूध खुवाइ लालन पालन गरी हुर्काएकी थिइन् । आज भन्दा २६०८ वर्ष अघि ।

गृहत्याग गर्ला भन्ने डरले १६- वर्षको उमेरमा यशोधरादेवीसंग वहाँको विवाह सम्पन्न गरिदिएका थिए । २९ वर्षसम्म वहाँले सुखसयलको जीवन बिताउनुभएको थियो । वृद्ध, रोगी र मृतकको दृश्यले वहाँलाई गृहत्यागगर्न घचघच्यायो र भिक्षु



Downloaded from http://dhamma.digital

श्रमणको दृष्यले यसलाई ठोस आधार प्रदानगर्यो । छोरो राहुल जन्मेकै दिनको मध्यरात वहाँले छन्न सारथीलाई साथलिई कन्थक घोडामा चढी आजभन्दा २५९५ वर्ष अघि महाभिनिष्क्रमण गर्नुभयो । अनोमा नदीको तीरमा राजकीय जीवन परित्यागगरी श्रमणभेष धारणगर्नु भयो । तत्पश्चात् ज्ञानको खोजिमा आलार कालाम र उदकरामपुत्त जस्ता प्रत्यक्षदर्शी स्वानुभवी तपस्वीहरूकहाँ गई शीर्षस्थ ध्यान विधि लाभगर्‍यो । त्यो भन्दा माथिको ज्ञान दिलाउनसक्ने आचार्यहरू त्यसपछि वहाँले भेट्टाउन सक्नुभएन र उरुवेलवनमा रही ६ बर्षसम्म कठोर तपस्यामा तल्लीन हुनुभयो । शरीर मात्र जीर्ण शीर्ण भयो, वहाँले खोजेको ज्ञान लाभभएन । तपस्याको निरर्थकतालाई बुझी वहाँले आफ्नै चिन्तन मननद्वारा मध्यममार्गको पत्तालगाउनु भयो र त्यसैको माध्यमबाट वहाँले ३५ वर्षको उमेरमा वैशाख-पूर्णिमाको दिन प्रथमप्रहरमा पूर्वेनिवासानुस्मृतिज्ञान मध्यमप्रहरमा दिव्यचक्षुज्ञान अथवा च्युति उपपत्तिज्ञान र अन्तिमप्रहरमा आश्रवक्षयज्ञान प्राप्तगरेर सर्वज्ञताज्ञानका साथ अरहत्तमार्ग फलज्ञान नामक बोधिज्ञान लाभ पछि २५८९ वर्ष अघि सर्वज्ञबुद्ध हुनुभयो । सात सप्ताहसम्म बोधिवृक्ष वरीपरी विमुक्तिसुखको प्रत्यक्ष अनुभवगरेर बिताउनुभयो ।

बुद्धत्व लाभको आठौं हप्तापछि बुद्धगयाबाट यात्रा प्रारम्भ-गरी बाराणसीतिर लाग्नुभयो, आषाढ पूर्णिमाको दिन बाराणसीको नजिकको ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय, ब्राह्मण ऋषिहरूलाई पहिलो उपदेशको रूपमा धर्मचक्र-प्रवर्तन सूत्रको उपदेश दिएर आफूले पाएको ज्ञानको अनुभव साक्षात् तवरले तिनीहरूलाई पनि गराउनुभयो । यही क्रमले ४५ वर्षसम्मको आफ्नो अमूल्य उपदेशहरूद्वारा देवादिमनुष्यहरूलाई स्वर्ग मोक्षमार्गको



Downloaded from http://dhamma.digital

प्रदर्शन गर्नुहुँदै ८० वर्षको उमेरमा वहाँले मल्ल राजाहरूको शालवन कुशीनगरमा वैशाख-पूर्णिमाको दिन आजभन्दा २५४४ वर्ष अघि सम्पूर्ण संस्कारधर्म नाशवानहुन् भन्ने यथार्थतालाई प्रदर्शित गर्नुभई महापरिनिर्वाण प्राप्तगर्नु भयो ।

बुद्धका मौलिक उपदेशहरू सप्तत्रिंशत् बोधिपक्षियधर्मको रूपमा अद्यापि सुरक्षित छन् । ती हुन्– ४- स्मृतिप्रस्थान, ४-सम्यकप्रधान, ४-ऋद्धिपाद, ५-बल, ५-इन्द्रिय, ७-बोध्यङ्ग र ८-आर्यमार्ग । जस्लाई आर्य अष्टाङ्गिकमार्ग अथवा मध्यमप्रतिपदा भन्दछ ।

४- स्मृतिप्रस्थान भनेको - कायानुपश्यना वेदनानुपश्यना चित्तानुपश्यना र धर्मानुपश्यना हुन् ।

४- सम्यक्प्रधान भनेको- अनुत्पन्न+पापक अकुशल धर्महरूलाई उत्पन्न हुन नदिन प्रयासगर्नु, उत्पन्न पापक अकुशल धर्महरू प्रहाणगर्न प्रयासगर्नु, अनुत्पन्न कुशलधर्म उत्पन्न गराउन र उत्पन्न कुशलधर्म अझ बढी अभिवृद्धिको निमित्त प्रयासगर्नु ।

४- ऋद्धिपाद भनेको- छन्द ऋद्धिपाद, वीर्य ऋद्धिपाद, चित्त ऋद्धिपाद र विमंश ऋद्धिपाद हुन् ।

५- बल भनेको- श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल हुन् ।

५- इन्द्रिय भनेको- श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय हुन् ।

७- बोध्यङ्ग भनेको - स्मृतिसम्बोध्यङ्ग, धर्मविचयसम्बोध्यङ्ग



Downloaded from http://dhamma.digital

वीर्यसम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग, र उपेक्षासम्बोध्यङ्ग हुन् ।

८ आर्यमार्ग भनेको- सम्यगदृष्टि, सम्यक्संकल्प, सम्यग्वचन, सम्यक्कर्मान्त, सम्यग्आजीविका सम्यक्स्मृति र सम्यक्समाधि हुन् ।

दु:खसत्य, दु:खसमुदयसत्य, दु:खनिरोधसत्य दु:ख-निरोधगामिनिपटिपदा आर्यसत्य (मार्ग सत्य) यी चार सत्यको यथार्थ सही एवं सम्यग्ज्ञानलाई सम्यगदृष्टि भन्दछ ।

दु:ख भनेको (१) जन्म हुनु (२) बृद्ध बृद्धा हुनु (३) मरण हुनु (४) शोक-विलाप-शारीरिक पीडा- मानसिक पीडा हृदय जलन वा डाह (५) अप्रिय संयोग (६) प्रिय वियोग (७) इच्छालाई पूरा गर्न नसक्नु । विशेषत: जन्मनु, वृद्धवृद्धा हुनु, रोगी हुनु, मरण हुनु, शोक-विलाप शारीरिक र मानसिक पीडा खप्नु, हृदय जलन वा डाह भोग्न न पाए कति राम्रो ! भन्ने इच्छालाई पूरागर्न नसक्नु । (८) संक्षेपमा पाँच उपादानस्कन्ध (धारणगर्नु) नै दु:ख हुन् । उपादान- दरिलो पकड, सुदृढ रूपले समात्नु, मजबूत आशक्ति ।

५-उपादानस्कन्धहरू :- रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान ।

समुदय भनेको तृष्णा

(१) कामतृष्णा (२) भवतृष्णा र (३) विभवतृष्णा

निरोध भनेको तृष्णाको विल्कुल अभाव, निरोध, परित्याग पूर्णत: आलय रहित अवस्था, निर्वाण ।

आर्यमार्ग भनेको :- माथि उल्लेख भइसकेको छ । जसको संक्षिप्त ब्याख्या अहिले यहाँ हुँदैछ ।



Downloaded from http://dhamma.digital

(२) सम्यक्संकल्प : नैष्क्रम्यसंकल्प, अव्यापादसंकल्प, अविहिंसासंकल्प ।

(३) सम्यग्वचन : मृषावाद (झूठ बोल्नु) पैशून्यवचन (चुगली गर्नु, कुरा काट्नु) पौरुषवचन (कडा बोलि; गालि गर्नु) सम्प्रलाप वचन (निरर्थक, बेमतलबको कुरा गर्नु) बाट विरत रहनु ।

(४) सम्यक्कर्मान्त : प्राणीहिंसा, अदिन्नादान (चोरीगर्नु) काममिथ्याचार (व्यभिचार) गर्नुबाट विरत रहनु ।

(५) सम्यग्आजीविका : जीवन निर्वाहको लागि माथि उल्लिखित ४- वाकदुश्चरित्र ३-काय दुश्चरित्र यी ७ दुश्चरित्रहरूबाट विरत रहनु अथवा - सत्त्व, शस्त्र, मांस, विष, मादकपदार्थ बेचबिखनलाई मिथ्या आजीविका भन्दछ । त्यसबाट विरत रहनु ।

(६) सम्यग्व्यायाम : १) अनुत्पन्न पापक अकुशलधर्म उत्पन्नहुन नदिन प्रयास; २) उत्पन्न पापक अकुशलधर्म प्रहाण गर्न प्रयास; ३) अनुत्पन्न कुशलधर्म उत्पन्न गराउन प्रयास र ४) उत्पन्न कुशलधर्म अभिवृद्धिको निमित्त प्रयास ।

(७) सम्यक्स्मृति : कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यना, यी ४ धर्म माथिको स्मृति ।

(८) सम्यक्समाधि : प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान र चतुर्थध्यान प्राप्ति । यी आर्य अष्टांगिक मार्गको संक्षिप्त रूपरेखा शील, समाधि र प्रज्ञा ।



Downloaded from http://dhamma.digital

यसैलाई त्रिविधशिक्षा, त्रिविधशासन, त्रिविधदेशना, त्रिविधकथा, त्रिविधमार्गांग पनि भन्दछन् ।

त्रिविध सद्धर्म- परियत्ति, प्रतिपत्ति र प्रतिवेध ।

**नेपालको बुद्धधर्म**

नेपालमा अहिले प्रचलित बुद्ध-धर्म- १) थेरवाद २) वज्रयान र ३) महायान ।

तर सामान्य रूपमा भन्नुपर्दा वज्रयान भित्र पनि तन्त्रयान, मन्त्रयान र सहजयान भनेर छुट्याउने प्रचलन पनि नभएको होइन । नेपालमा थेरवादको पुनर्जागरण भएको समय ६५-७० वर्ष जति भइसकेको छ ।

खास रूपमा नेपाली बौद्धहरूको सोचाइ अनुसार वज्रयानलाई नै नेपालको पुरातन बुद्ध-धर्म भन्ने मान्यता छ ।

महायान भन्दा विशेषतः तिब्बती परम्परा अनुसार चल्ने बौद्धहरूलाई निर्देशित गरेको देखापर्दछ ।

यी तीनै परम्परालाई नेपाली बौद्ध श्रद्धालुहरूले आफ्नो धर्मको रूपमा स्वीकारी मान्दै आइरहेको पाइन्छ ।

आफ्ना बौद्ध संस्कार सम्बन्धी कुनै पनि क्रियाकलाप मनाउनुपर्दा यी तीनैलाई निम्त्याई कार्य सिद्धगर्ने परम्परा अघिसर्दै गइरहेको छ । यसमा कुनै किसिमको बाधा अर्चना देखापरेको पाईदैन । सामञ्जस्यता कायम भइरहेको छ । सहिष्णुता र सहानुभूतिपूर्णढंगले तीनै समूहको काम निर्विघ्न सम्पादन भइरहेको छ । आ-आफ्नो मूल्य र मान्यता अनुरूप चलिरहेको छ ।



Downloaded from http://dhamma.digital

ध्यानभावनाको क्षेत्रतिर दृष्टिदिएर भन्नुपर्दा तीनै परम्परामा कुनै किसिमको विभेद देखापरेको पाईदैन । विशेषत: विपश्यना भावनाको क्षेत्रमा ।

हाल नेपालमा विपश्यना ध्यानकेन्द्र दुइवटा छन्; एउटा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोल र अर्को धर्मश्रृंग विपश्यना केन्द्र, बुढानीलकण्ठ ।

यी दुबै केन्द्रहरूमा तीनै परम्पराका साधक साधिकाहरू मेलमिलापका साथ सहभागी भई साधनामा जुटेकाछन् । भावनाका र सास्वाद पाइराखेका छन् । कुनै प्रकारको मत भिन्नता देखापरेको छैन । खुशीको कुरा त अन्य अन्य धर्मावलम्बीहरू पनि यसमा झन् झन् सम्मिलित हुँदै गइरहेका नै छन् ।

यो त अति नै राम्रो प्रेरणास्प्रद र उत्साहजनक वातावरण नै भन्नुपरेको छ । यसबाट बौद्ध एकताको र धर्म एकताको आभास झल्किँदै गइरहेको छ । यस भावनालाई जीवित राखिराख्नु नितान्त आवश्यक छ । जसबाट धर्ममा एकीकरण र सौहार्द्रताको भावना प्रस्फुटित भइरहने छ । नेपाली बौद्धहरूको सुदृढिकरण पनि यसैबाट हुनसक्दछ । नेपालमा धार्मिक सहिष्णुता छ भन्ने पनि यसले मद्दत पुऱ्याइरहने छ । टेवा मिल्ने छ ।

भवतु सब्बमंगलं ।

✿



Downloaded from http://dhamma.digital

# सिद्धार्थ गौतम-बुद्ध-पुत्रः राहुल

कुमार राहुल, शाक्यपुत्र राहुलभद्र शिष्टत्व र भद्रत्वको महान प्रतीक हो, उहाँको प्रत्येक पाइलामा भद्रत्वको चिन्ह प्रतिबिम्बित भइरहेको छ। यदि हामीले बौद्धत्वले भरिएको सभ्यता र शिष्टाचारलाई अनुकरणगर्ने हो भने राहुलको शुद्ध र स्वच्छ आदर्श अपनाउनु नितान्त आवश्यक छ।

आज हामीले पाश्चात्य सभ्यतालाई मात्र उच्च ठानी आफ्नो देश, काल, परिस्थिति एवं हावापानी सुहाउँदो सभ्यतालाई बिर्सदै छौं। जुन साँच्चिकै उच्च र उत्कृष्ट संस्कृति हो; त्यसलाई हेय दृष्टिले हेरी तिलाञ्जली दिँदैछौं। जुन संस्कृति र सभ्यतालाई अंगालेर अतीतका ती मानवहरू सुसभ्य र सुसंस्कृत मानवका उँचाइमा पुगे, अनि फेरि जुन मार्गमा अगाडि बढी ऊनीहरूले आफ्नो जीवनपथलाई निष्कंटक पारेर गए, त्यही नै संस्कृति र सभ्यताप्रति आज हामी कत्तिको उपेक्षित ! के यो आमाको पछि नलागी सासुको पछिलाग्नुको ज्वलन्त प्रमाण होइन र ?

बौद्धसंस्कृति र आर्यसभ्यतालाई अंगालेर हामी हाम्रै पाराले अगाडि बढ्ने मौका पाउने हो भने बुद्धपुत्र राहुलले दिनुभएको आदर्श र बुद्धप्रदर्शित मार्गमा अगाडि नबढिकन हुँदै हुँदैन। आमा-बाबु, दाजु-भाई, दिदी-बहिनी, इष्ट-मित्र, बन्धु-बान्धव सब्रह्मचारी तथा गुरु आचार्यहरू प्रति बौद्धआदर्शले के कस्ता अभिव्यक्तिहरू अभिव्यक्त गरिरहेका छन्, त्यसलाई जान्न राहुल अनुकरणीय व्यक्तित्व हो।



Downloaded from http://dhamma.digital

राजकुमार गौतम सिद्धार्थ रमणीय वातावरणको खोजीमा उद्यान घुम्न गए। बाटोमा एकजना गेरुवावस्त्रधारी श्रमण भेटियो। शान्त दान्त मूर्ति। जाज्वल्यभई प्रसन्न मुखाकृति। निश्चल गम्भीर दृष्टि। संयमित इन्द्रियहरू। अन्तस्थलको भावात्मक प्रतिक्रियाले भरेको पाइला।

सिद्धार्थको मनमा लाग्यो, "यो एकजना भिक्षु।" खानु, पिउनु, लाउनु आदि सांसारिक जीवन निर्वाहको लागि अरू अरूको मुख ताक्नुपर्ने। आफ्नो भनेको केही नभएको जस्तो। एउटा गरीब। एउटा याचक। एउटा मगन्ते। तैपनि यसमा हीनताको भावना छैन। यसको अनुहारले, चहल पहल र भावभंगीमाले मानो म भन्दा पनि ऊ ठूलो जस्तो देखिन्छ। सुखी जस्तो देखिन्छ। कुनै केही पीडा कष्ट नभएको जस्तो देखिन्छ। एकजना पथिक र मप्रति यसमा कुनै भेदभाव भएको जस्तो देखिन्न। आहा! यसको दर्शनले मलाई कत्तिको शीतलता छाइदिएको आज! क्या आनन्द र शान्ति मिल्यो आज!! अघि अघिको दिनमा त ..........! अँ, ल....साँच्चै आत्म पर सबैलाई मैले दुःख हटाई सुख दिने हो भने.....! मैले पनि .......मैले ........ पनि किन आजै.........आज.......मध्य रातमै यसले जस्तै.....अँ,.........ल........यो जस्तै भएर नजाने !!........अहो! कस्तो प्रीति यो विचारमा समेत !....हो...पक्कै हो.......आजै.......आज.... मध्यरात......मै....म..........म.....मपनि .......जानै पर्छ, पर्छ।'

यही खुशियालीमा सिद्धार्थ, आजसम्मको शाक्य राजकुमार, उद्यानमा पुगे। त्यहाँ पनि उनले अति नै रमाइलो मनाए। दिनभरि नै उद्यान-क्रीडामा मग्न भए। आनन्दले विभोर भएर बसे। त्यसैबेला एकजना दूत हस्याँग फस्याँग गर्दै आइपुगे। खुशी हुँदै शुभ समाचार सुनाए :-



Downloaded from http://dhamma.digital

"कुमार । सरकारले पुत्ररत्न पाइबक्स्यो ।"

यसमा गौतम सिद्धार्थ अकमकियो । आफ्नो आनन्दमा आफ्नो शान्तिमा श्वेत छायामा एक्कासि कालो बादलले छोप्न आएको जस्तो लाग्यो । ग्रहण लागेको चन्द्रमाको कालो मुहार देखियो । अनायास सिद्धार्थको ओठबाट निस्क्यो :

"राहु जन्म्यो नि त राहु ।"

यही शब्द मुखमा र मुटुमा झुण्ड्याई दूत दरबारतिर फर्के । पुग्ने बित्तिकै राजा शुद्धोदनले नाति जन्मेकोमा सिद्धार्थको प्रतिक्रिया बुझ्न हटार मानेर सोधे:

"के भन्यो कुमारले ?"

महाराज । राहु जन्म्यो भनी कुमारले आज्ञा बक्स्यो ।'

त्यसैको आधारमा हजुरबाले नातिको नाउँ त्यही शब्दको परिधिले बाँधेर राख्ने निर्णय गरे ।

त्यसो भए मेरो नातिको नाउँ "राहु+ल" भयो ।

यसरी सिद्धार्थपुत्र, भावी चक्रवर्ती, ३२ लक्षण सम्पन्न राहुल संसारमा प्रादुर्भाव भयो; सिद्धार्थ, राजकुमार सिद्धार्थको निमित्त राहु बनेर ।

त्यही मध्यरातमा राहुले ग्रस ला कि भन्ने त्राशले त्रशित सिद्धार्थले राजदरवार त्यागी महान् अभिनिष्क्रमण गर्नुभयो । ६ वर्षको कठिन दुष्कर तपस्या पछि संसारको "अति" द्वयलाई फाली बुद्ध हुनुभयो; विश्वको ज्योति ।

महाराज शुद्धोदनको अभिलाषा परिपूर्तिगर्न गृहत्याग पछि ७ वर्ष बित्दा कपिलवस्तु पुग्नु भयो; वैशाख पूर्णिमाको दिनमा ।



Downloaded from http://dhamma.digital

सातौं दिनमा अंश माग्न आउँने राहुललाई हात समाउन लगाई विहारमा पुऱ्याउनु भयो । अनि सारिपुत्र महास्थविरको तर्फबाट बुद्ध-अंश पीतवस्त्र र कालो पात्र थमाइदिनुभयो । सिद्धार्थ-पुत्र राहुल आज देखि बुद्ध-पुत्र राहुल बन्यो ।

बुद्ध-शासनमा सर्वप्रथम विधिवत् श्रामणेर दीक्षा प्रथा बुद्ध-पुत्र राहुलदेखि शुरुआत भयो । अनि फेरि बुद्धको अंश ग्रहणगर्न आउने व्यक्तिहरूले आमा-बाबु आदि अभिभावकहरूको अनुमति विना बुद्ध-अंश पाउन नसक्ने नियम पनि त्यहीबेला देखि प्रारम्भ भयो ।

राहुल प्रव्रजित भएदेखी बुद्धले राहुललाई विभिन्न अवस्थामा विभिन्न तरीकाले मनोवैज्ञानिक दृष्टिकोण राखी अध्ययन र मननयोग्य थुप्रै उपदेश शिक्षा र दीक्षा दिनुभएको थियो । तर त्यसको उल्लेख यहाँ सम्भव छैन ।

पूर्ण शिक्षा-दीक्षा प्राप्त सौम्य, संस्कृत, सुशील, विनीत, सभ्य, भद्र राहुल मातृसेवक पनि थिए । शिक्षाकामी पनि थिए । विशुद्ध अंशियारी पनि थिए । सौम्य शिष्ट पनि थिए ।

विस्तारै राहुल ७ वर्षको उमेर देखी १८-वर्षको युवा राहुलको अवस्थामा पुगे । यौवनको प्राकृतिक प्रभाव राहुलमा पनि देखापर्न थाल्यो । गृहनिश्रित प्रेमको भावनाले ठाउँ ओगट्दै ल्यायो । त्यसैले बुद्धसंगसंगै भिक्षाटनमा जाँदा बुद्धको सौन्दर्यमा र आफ्नो सौन्दर्यमा तुलनागर्दै मुग्धहुने प्रसन्न हुने भएर आयो । एकदिन भिक्षाटनको अवस्थामा राहुलको त्यस किसिमको विचारमा मदमस्त हुँदै आइरहेको राहुललाई बुद्धले बाटैमा तय्ज्जु गर्नुभयो । १८-वर्षको



Downloaded from http://dhamma.digital

राहुलमा त्यस्तो तर्कना र कल्पना आउनु स्वाभाविक नै थियो । तर त्यस तर्कनाले उसको अन्तस्थलमा आन्दोलन मच्चिनु अगावै सतर्क गर्नुपर्ने कुरा बुद्धले महसूस गर्नुभयो । त्यसैले "महाराहुलोवाद सुत्त" को उपदेश दिनुभयो । राहुलको तर्कनाको दिशा बदलियो ।

अब राहुलको उमेर २०-वर्ष पुग्यो । वहाँ उपसम्पन्न भिक्षु भयो । भिक्षु भएर एक वर्ष नबित्दै" "चूल राहुलोवाद सुत्त" को उपदेश सुन्नपायो । उपदेशको अन्तमै एकलाख कोटि भन्दा बढी देवताहरू संगसंगै राहुल आश्रवक्षीण अरहन्त हुनुभयो । अब त आयुष्मान राहुल सदा सदाको निमित्त भद्र राहुल, राहुल-भद्र हुनु भयो ।

राहुलको त्यही अपरिर्वतनीय भद्रत्वलाई प्रदर्शित गर्न भगवान् बुद्धले आर्यसंघ बीच राहुललाई बुद्ध-शासनमा शिक्षाकामीहरू मध्ये अग्रश्रेष्ठ घोषितगर्दै "एतदग्ग" पदले विभूषित पार्नुभयो ।

अब राहुल, भद्र राहुल, आयुष्मान राहुलभद्रको आफ्नै अभिव्यक्ति पनि हामीले थाहा पाइहालौं ।

जातिसम्पदा र प्रतिपत्ति सम्पदा दुबै सम्पदाले सम्पन्न मलाई सब्रह्मचारीहरूले राहुलभद्र भनी जान्दछन् । म बुद्धको औरसपुत्र पनि हुँ । साथै लौकिक र लोकोत्तरधर्ममा अथवा चतुसत्य-धर्ममा मार्ग-प्रज्ञाचक्षु भएको पनि म हुँ ।

जुन कारणले मेरो आश्रव क्षीण भयो, अनि जुन कारणले म फेरि जन्म लिनुनपर्ने भएँ, (त्यसैले) अब म अरहन्त हुँ; दाक्षिणेय्य हुँ; त्रिविद्याधारी हुँ; अमृत निर्वाणलाई मैले दृष्टिगत गरिसकें पनि ।

जालको मुखमा अथवा बल्सिको टुप्पोमा माछाहरू जस्तै कामवासनाले अन्धा भएका वा कामवासनामा (दोष) देख्न नसकी)



Downloaded from http://dhamma.digital

अन्धा भएका, तृष्णाजालले बेरिराखेका, तृष्णाबिर्कोले छोपिराखेका सत्त्वप्राणीहरू मारको बन्धनमा परिरहन्छन् ।

त्यस्तो स्वभाव भएको बन्धनरूपी कामलाई पूर्वभाग प्रतिपत्तिद्वारा त्यागी, क्लेशमार बन्धनलाई आर्यमार्ग शस्त्रले बाँकी साँकी नराखिकन छेदनगरी, अविद्यानामक मूल सहितको कामतृष्णादिलाई उखेलेर सम्पूर्ण क्लेशरूपी डाह अभाव भइसकेकोले शीतलरहेको सउपादिशेष निर्वाण धातुद्वारा निर्वाणप्राप्त अथवा शान्त भएको म भइसकें ।

निब्बानस्स पच्चयो होतु ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# रक्षक नै भक्षक

पालि वाङ्मय अंगुत्तर निकायमा भगवान् बुद्धले प्राणीजगतलाई उपकारहुने प्रकाशहरू चार प्रकारको भएको कुरा बताउनु भएको थियो । सूर्यको प्रकाशकिरण विश्वका जैविक प्राणीहरूको जीवन जिउनको निमित्त महत्वपूर्ण अवस्थामा प्रतिष्ठापित छ, अन्तर्निहित छ । त्यस्तै रात्री समयमा चन्द्रको प्रकाशकिरण र मनुष्य निर्मित (बिजुली) बत्ती मानव मात्रको जीवनमा अत्यावश्यक अवस्थामा, अत्यन्त उपकारक स्थितिमा अन्तर्निहित छ । तर उपर्युक्त सूर्यप्रकाशकिरण चन्द्रप्रकाशकिरण र बत्तीहरू रातोदिन निरन्तर बालिराखे तापनि, अर्को शब्दमा, बाह्य संसारको अन्धकारलाई हटाई प्रभासित हुनसके तापनि सत्त्वहरूको आन्तरिक आध्यात्मिक अन्धकार त्यसबाट मासेर गयो, खिएर गयो, कम भएर गयो, पातुलो भएर गयो, नाश भएर गयो भन्ने छैन । यथावत् अन्धकारकै रूपमा रहिरहेको हुन्छ, अँध्यारो परिरहेको परि रहेकै हुन्छ ।

अतएव सूर्यप्रकाशकिरण, चन्द्रप्रकाशकिरण र बत्तीहरू सत्त्वलोकको निमित्त अत्यन्त उपकारक रहे तापनि तिनीहरूले परिधि र सीमाना भित्र रहेर मात्र प्रकाशछर्न सक्छन् । अति शक्तिशाली तिनीहरूको प्रज्वलनले सत्त्वहरूको आन्तरिक अन्धकारलाई भने छिर्नै सक्तैनन् ।



Downloaded from http://dhamma.digital

खास त प्रज्ञा-ज्योतिको सहाराले मात्र सत्त्वहरूको मोह-अन्धकारलाई भेदनगरी जान्नु बुझ्नुपर्ने कुराहरूलाई जान्ने बुझ्ने अवसर मिल्दछ; हेर्नु देख्नुपर्नेलाई हेर्नदेख्न पाइन्छन्। त्यस अवस्थामा त्याग्नुयोग्यलाई त्यागी पालनयोग्यलाई पालना गर्नसक्तछन्। वर्जनीयलाई वर्जितगरी धारणीयलाई धारणगर्न सक्तछन्। प्रज्ञा-ज्योतिको सिलसिलेवार तहलाग्दै मानवीय गुणहरू माथि चढ्दै जाने गर्छन्। त्यसैले - **"पञ्ञासमा आभा नत्थि प्रज्ञाशक्ति जस्तो प्रकाश अर्को छैन" "पञ्ञा नरानं रतनं-प्रज्ञा नै मनुष्यमात्रको रमणीय रत्न हो"** भन्ने निष्कर्षवचन प्रकट भएर आएको हो।

उपर्युक्त जीवनको अग्रगामी प्रज्ञाको ज्योति बिलीन भएर गएमा वा प्रज्ञा-ज्योति लोप भएर गई मोह-अन्धकारमा पर्न गएमा मनुष्य भयावह स्थितिमा पुगी उसको जीवन धरासायी हुनसक्ने कुरालाई भने जानिराख्नु नै पर्ने हुन्छ। जीवनको उच्च नीचता, उतार चढाउ प्रज्ञाज्ञानमा नै आधारित रहेको तथ्यबाट दृष्टि ओझलपार्नु हुँदैन। प्रज्ञाज्ञान साथमा रहेमा मनुष्य जस्तो उच्च शिखरमा पुग्नसक्ने अरू नभए जस्तै प्रज्ञाज्ञान हीन भएमा मनुष्य जीवन जति निष्क्रिय निरर्थक, काम नलाग्ने, निःसार अर्को केही हुनसक्तैन। यो तथ्य स्वभावलाई सम्झाउन निम्न: धार्मिक कथावस्तु उल्लेखनीय छ।

बुद्धकालीन अवस्थाको घटना हो। वाराणसीमा असाध्य धनी सेंठ परिवार थियो। महाधन सेंठ र कोटी लक्ष्मी सैठानीहरू। दुबै दम्पत्ति अत्यन्त धनाढ्य कुलबाट आएका थिए। अघि दुबै दुबैतिरका आमाबाबुका एकलौटे छोरा र छोरीहरू। पुलपुल्याइराखेका; खानु, लाउनु, पिउनु, मोज मज्जा गर्नुमा नै झुल्याइराखेकाहरू। दुबै कुल ८०-८० करोड सम्पत्तिका धनी मालिक। के को भुख्खा। केही



Downloaded from http://dhamma.digital

कामसाम नगरी बसीबसी खुट्टा हल्लाएर खाइरहेपनि जीवनभर खाएर नसकिने । त्यसैले किन दुःखगरी एकलौटे छोरा र छोरीहरूलाई पढाई लेखाई गराइराख्ने ? पर्दैन, मोज मस्तीमै रमाउन् हाम्रा छोरा र छोरीहरू । भनी पढाई लेखाईमा पटक्कै ध्यान न दिलाउने आमाबाबुहरू बस, उनीहरूको लागि पढाई वढाई भनेको काला अक्षर भैंसी बराबर थिए ।

धनसम्पत्ति नै उनीहरूको जीवन बीमा थियो । त्यसैलाई नै सर्वेसर्वा ठानिराखेका थिए । बिस्तारै बिस्तारै दुबै कुलका छोरा र छोरीहरू हुर्कंदै गए । उमेरदार हुँदै गए । विवाह योग्य भए । संयोगवश उनीहरूको आ-आपसमा विवाह पनि भयो । ज्ञान ध्यान शिल्प विद्या शिक्षा दीक्षा खाली; रमझम नाच गान हाँसी खेली खेलवाडमा दिनहरू बित्दै गए । लट् बस्यो; बानी पऱ्यो । कालान्तर मा दुबै कुलका आमाबाबुहरू पनि एकपछि अर्को गरी बितेर गए । बाँकी रह्यो उनीहरूले छोडेर गएका दुबै कुलका मिलाएर १६० करोड नगद सम्पत्ति, जायजेठा र एकजोडी दम्पत्ति । के छ र अब ! चोर डाँकु जाली फटाहा र लुच्चा छुच्चाहरू उनीहरूको वरीपरी ओइरिन थाले । दिनहुँ मोजमस्ती मच्चिन थाल्यो । अर्काको सम्पत्तिमा मोज गर्न पाएपछि सबै हुरुक्क । जुका भएर रगत चुस्न पाए पछि के को धन्दा ! दुबै दम्पत्ति पनि लट्ठ र फुरुक्क । के खोज्छस् काणा, आँखा' भने जस्तै सुरा सुन्दरीमा पौडी खेल्न पाएपछि भविष्यको बारेमा सोच विचारगर्ने बुद्धि कहाँ; विवेक कहाँ !

बाह्य दृष्टिले मोटामोटि तवरबाट मात्र हेर्ने हो भने ती दम्पत्तिहरूको जोडी सूर्य र चन्द्र जस्तै, सून र माणिक जस्तै । उनीहरूका आमाबाबुहरूको सोचाई पनि त त्यस्तै थियो - "हामीमा



Downloaded from http://dhamma.digital

भएका यत्तिका सम्पत्तिहरू जीवनभर बसेर खाए पनि सकिन्न। किन बिनसित्तैमा समय र सम्पत्तिखर्च गरेर यिनीहरूलाई शिल्प विद्याहरू सिकाउन लगाउनु परेको छ नि; केही पनि दुःख गर्नुपर्दैन हाम्रा छोरा र छोरीहरूले; कुनै चीजको लागि पनि चिन्ता गरिरहनुपर्दैन यिनीहरूले !" "अहा ! क्या मजाको विचारधारा, होइन र ? आमाबाबु भनेका त्यस्ता हुनुपर्ने नि त; खोइ हाम्रा त ......!

त्यसैले ज्ञान बुद्धि विवेक खाली भएका ती दम्पत्तिले अरू केही बुझ्नसकेका थिएनन्। जीवनलाई संरक्षणगर्न पनि जानेका थिएनन्। न त उनीहरूमा धनसम्पत्ति रक्षागर्नसक्ने क्षमता नै थिए। कुलवंश, धर्मकर्मको निमित्त प्रयासगर्नुपर्छ भन्ने पनि थाहा थिएनन्। यस परि स्थितिमा खास भन्ने हो भने दुबैको जोडी अन्धा-जोडी थियो । उनीहरूमा आफूमा भएका सम्पत्ति भनेको जीवन बीमा होइन रहेछ। बुद्धि विवेकले मात्र सम्पत्तिको रक्षा हुनसक्ने रहेछ। जीवन भनेको पनि बुद्धि विवेकले मात्र सुरक्षा हुँदारहेछन् । अब त उनीहरूमा त्यसखाले बुद्धि विवेक शून्य नै थियो। त्यसो भएर केही समय के बित्यो, जालि फटाहा लुटेराहरूले कहिले फकाएर कहिले फुल्याएर त कहिले धम्की देखाएर लुँछाचुँडी गर्नथाले। यस उसले गर्दा केही समयमै सारा सम्पत्ति सखाप भएरगए।

ऊनीहरू आफैले केही सोचविचार गर्न नसक्दा राम्रो नराम्रो पनि छुटयाउन सकेनन्। कारणाकारण पनि बुझ्नसकेनन्। दुष्टलाई साधु र साधुलाई दुष्ट थान्नेभए । अन्त्यमा जँडयाहा, सुराधुर्त र क्सीबाजहरूको संगतमा परी दुबैजना दम्पत्ति पनि रक्सीबाज सुराधुर्त, जुवाडे, स्त्रीधुर्त हुनपुगे। धनसम्पत्ति, खेतबारी, जग्गाजमीन घरबार सारा सक्याइहाले । आखिरमा घरबार विहीन टुहुरा भई



Downloaded from http://dhamma.digital

माग्ने भाँडो हातहातमा लिई घरघरपिच्छे माग्दै खानुपर्ने स्थितिमा पुगिहाले । परिसकेको नराम्रो बानि र लट पनि सुध्रिन सकेन । त्यसरी ऊनीहरूको अमूल्य जीवन सित्तैमा खेरो गए; नष्ट भ्रष्टभए ।

साहु महाजनको जीवन पाए तापनि निरर्थक भए । १६०-करोडको सम्पत्ति लाभ त भए, त्यो पनि अर्थहीन हुनपुगे । बुद्धि विवेक सोचविचार नभएपछि पाएर के गर्ने , कस्तो दु:खलाग्दो कुरो । ऊनीहरूको भाग्यको त लेखाजोखा नै थिएन । तर भाग्य मात्रै भएर नपुग्ने रहेछ यो जीवनमा ।

भौतिक जीवनको हिसाबले पनि अरबपति । आध्यात्मिक जीवनको हिसाबले पनि बेला मौकैमा सोचविचार पुऱ्याई साँच्चै ने प्रयासरत रहेमा अरहन्तसमेत हुनसक्ने भाग्य महाधन सेंठमा रहेको थियो । सेंठानीको पनि अनागामीसम्मको लोकोत्तर ज्ञानमा पुग्नसक्ने क्षमता थिइन् रे । तसर्थ ऊनीहरूको अतीतकर्म संस्कारप्रति निक्ति सम्भनु हुँदैनथ्यो । महाजन्न महाजननी सेंठ सेंठानी मात्रै नभएर अरहन्त र अनागामीसमेत हुनसक्ने भाग्य बोकेर आएका थिए ऊनीहरूले । अतीत कर्मसंस्कारको भाग्यले त्यतिको साथ दिएका भए पनि वर्तमान जीवनमा ठीक बेठीक राम्रो नराम्रो बाटो खोलिदिने बुद्धि, विवेक र चाहिंदो उद्योग र प्रयास नभएपछि अरहन्त हुनु त परै जाओस् वर्तमान जीवनमा आमाबाबुहरूले अंश दिएका १६० - करोड नगद सम्पत्ति समेत केही समय भित्रै संरक्षण गर्न नजानी तहसनहस पारी माग्ने भाँडो हातमा लिई मागेर खानुपर्ने भए ।

त्यसैले, लाभ त पाए-तर बेफ्वाँकमा निरर्थक हुनपुगे । बुद्धि विवेक जस्तो रत्न नभएपछि अतीतकर्मसंस्कार वर्तमान कर्मसंस्कार हरूले प्रतिफल दिए अनुसार (जीवनमा) पाउन त पाए तर केही पनि



Downloaded from http://dhamma.digital

बाँकी नरही दुःख भोग्नुपर्ने अवस्थामा पुगे भन्दाखेरि अत्यन्त दर्दनाक स्थिति भन्नुपर्‍यो । यो भो बुद्धि विवेक हीन भई उद्योग वीर्य शून्य भएर जीवनमा दुःख भोग्न परेका दुईजना दम्पत्तिहरूका यथार्थ कारुणिक घटनाहरू ।

यस कथावस्तुद्वारा (१) बुद्धि विवेक र प्रज्ञा नै मनुष्य जीवनको रत्न हो भन्ने (२) मान पदवी धन सम्पत्ति आदि नाना थरीका जीवनप्रदत्त स्थितिहरू प्रज्ञाज्ञान माथि निर्भर रहेमा मात्र मूल्यवान् हुन्छ भन्ने र (३) बुद्धि विवेक नभएको जीवनमा पाइने जत्ति पनि हानिकारक हुनगई पाउनुपर्ने मौकाहरू गुमेर जान्छन् भन्ने शिक्षा हासिलगर्नु नै हो । पाठकवृन्दहरू पनि प्रज्ञाज्ञान जस्ता रत्नहरू अधीनस्थ पार्न प्रयत्नरत रहन सकी महाधन सेंठ र कोटी लक्ष्मी सेंठानीहरूको जीवनजस्तो "पाउन त पाए तर निरर्थक भए" भन्ने जीवनबाट टाढा टाढा रहन सकून् ।

भवतु सब्बमङ्गलं ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# धेरै जान्दैमा धर्मधर बन्दैन

सद्धर्म अथवा सत्पुरुषधर्म धारण गरिराख्ने व्यक्तिलाई 'धर्मधर' भनिन्छ। धर्म वचन द्वारा पनि धारण गरिन्छ; हृदयद्वारा पनि जान्नुस्वभावले पनि धारण गरिन्छ; विदयमान स्वभावले पनि। अध्ययन अन्वेषण गर्नु श्रवण गर्नु सम्झनु आदिद्वारा कण्ठस्थपारी धारण गरिराखेका धर्महरू प्रत्यक्ष जीवनमा प्रयोगगरी आचरण अभ्यास र उदयोग नगरेमा आफ्नो अन्तस्करणमा बिल्कुल नअडी ओठको टुप्पोमा मात्र अडिरहने भएकोले त्यसलाई ओठे-धारण भन्नुपर्ने हुन्छ। संज्ञाज्ञान संकेतज्ञानको रूपमा धारण गरिराखेको धर्म बहुश्रुतको रूपमा मात्र रहने भएकोले र आफ्नो अधीनस्थ विदयमान नरहेकोले जान्नुस्वभाव मात्र भएको "ज्ञानधारण" भन्नुपर्ने हुन्छ।

त्यस्तो नभई कण्ठस्थपारी ओठले धारण गरिराखेका धर्महरूलाई प्रत्यक्ष जीवनमा प्रयोग गरी आचरण अभ्यास र अभिबृद्धि गरिराखेका आफ्नो अन्तस्करणमा प्रतिपत्तिधर्मको रूपमा दृढ स्थिर पूर्वक प्रतिस्थापित भइरहने भएकोले हृदयग्राही भन्नुपर्ने हुन्छ। प्रज्ञाज्ञान, सत्यज्ञानको रूपमा सोझै धारण गरिराखेको धर्म बहुश्रुतज्ञान स्वभाव भन्दा माथि उठी आफैमा अन्तर्निहित विदयमान स्वभाव भएर धारण गरिएको भनेर पनि भन्नुपर्ने हुन्छ।

लोकजनहरूले धर्मलाई ओठे-धारण गरिराखेको व्यक्तिको कुरालाई भन्दा हृदय देखी धारण गरिराख्ने व्यक्तिको कुरालाई बढी मान्यता दिन्छन्। ज्ञानस्वभावद्वारा धारण गरिराखेको व्यक्तिको



Downloaded from http://dhamma.digital

धर्मलाई भन्दा विदद्यमान स्वभावद्वारा धारण गरिराखेको व्यक्तिको धर्मलाई बढी मूल्यवान ठान्छन् । लोकजनले सद्धर्मको मूललाई पुद्गल अधिष्ठानद्वारा निर्णय गर्दैन; धर्म अधिष्ठानद्वारा निर्णय गर्छन् ।

यस तथ्यलाई निम्न कथावस्तुद्वारा प्रष्टयाउन सकिन्छ ।

बुद्धकालीन अवस्थामा एकजना कुलपुत्र बुद्धशासनमा श्रद्धाराखी भिक्षु भए । उमेर ढल्कीसकेको थियो । धर्मग्रन्थ अध्ययन गर्न समय दिन सकिन्नथ्यो । एक दुई कुरा अध्ययन गरे । भावना धर्म उदद्योग र अभ्यासगर्ने प्रक्रिया सिके । अप्रमाद स्मृतिमार्गलाई मात्र राम्रो कल्याण मित्रसमक्ष सिके । जंगल भित्र पसी एक्लै ध्यानभावनामा लीनभए । मार्ग निर्देशन अनुसार कार्यरत भए । केही समय भित्र मै चारमार्ग चारफल ज्ञान लाभगरी अरहन्त भए ।

एक्लै जंगलमा बस्ने भएकोले र धेरै अध्ययनगर्न नपाएकोले एउटा गाथा मात्र वहाँलाई आउँथ्यो । गुरू आचार्यहरूले सिकाएर ल्याएको अप्रमादमार्ग निर्देशन । त्यसैले जंगलमा एक्लै बस्दाबस्दै त्यही एउटा गाथा पाठगर्ने बानि थियो । वहाँले त्यो गाथा पाठ सक्याउने प्रत्येक अवस्थामा जहिले पनि वन जंगल पहाड पर्वत निवासी देवी देवताहरूले सारा ठाउँ गुञ्जित हुने गरी साधुवाद दिनेगर्थे । देवताहरूले "ज्ञान र आचरण कस्तो मिलेको; बुझिराखेको धर्मलाई साक्षात् रूपमा आचरण, अभ्यास र उदद्योगगर्न कसरी जानेको; लक्ष्यसम्म पुग्नेगरी कसरी उदद्योगगर्न जानेको" भनी वहाँलाई प्रशंसागर्दै साधुवाद दिन्थे ।

वहाँमा एउटै मात्र गाथा आउने भएकोले वहाँको पुरानो नाउँसमेत लोपभई एक+उदान=एकुदान स्थविर भन्ने नाउँ रहनगयो ।



Downloaded from http://dhamma.digital

एकसमयमा एकुदान स्थविरको बसोबास स्थल त्यस जंगलमा दुई जना त्रिपिटकधर स्थविरहरू आइपुगे। एक एक जनाको ५००-५०० शिष्यहरू पनि साथमा थिए। त्रिपिटकधर स्थविरहरू आइपुगे भन्ने सुन्ने बित्तिकै एकुदान स्थविर एकदम हर्षित भए। आउने बित्तिकै उपदेशको लागि प्रार्थना गर्नथाले- "भन्ते, म बुढेसकालमा प्रव्रजित भएँ। केही पनि अध्ययन गर्न पाइएन। उपदेश सुन्ने मेरो ठूलो इच्छा छ। मप्रति अनुकम्पाराखी उपदेश गर्नोस्।" अरहन्तमा पनि उपदेश सुन्ने मनसाय छ। वहाँले त्यही धर्ममार्ग अपनाएर आफ्नो स्तर माथि उचाल्नसकेकोले धर्मको गुण उपकार जानी धर्मलाई अत्यधिक महत्व दिनेगर्छ।

एकुदान स्थविरको त्यो प्रार्थना सुनी त्रिपिटकधर स्थविरले "यो जंगलमा धर्मश्रोता परिषद् छ त ?" भनी सोधे।

"भन्ते, मनुष्य परिषद्को रूपमा त म एक्लै नै छु। तर देवताहरू त थुप्रै छन्। तिनीहरूले पनि उपदेश सुन्छन्। मैले राती राती एउटै मात्र गाथा पाठगर्दामा समेत जंगलभरी गुञ्जिने गरी साधुवाद दिन्छन्। देवताहरू उपदेशसुन्न असाध्य मनपराउँछन्।"

त्यसो भएर दुईजना त्रिपिटकधर स्थविरहरूले पालै पालोगरी उपदेश गर्नथाले। सम्पूर्ण त्रिपिटक कण्ठस्थ पारिराखेका; सारा धर्मका कुरा आउने भएकोले कर्णप्रिय हुनेगरी विभिन्न प्रकारले अलंकृतपारी उपदेशदिए। उपदेशको अन्त्यमा एकुदान स्थविरले साधुवाद दिए। तर एउटा पनि देवताको साधुवाद सुनिएन।

त्यसैले दुबैजना स्थविरहरूले एकुदान स्थविरसंग सोधे-"कस्तो त भाइ, तपाईंले त अघि देवताहरू उपदेश सुन्न मनपराउँछन् रे नि। हामीहरू उपदेश गर्दागर्दा थाकिसक्यौं; कोही पनि देवताले साधुवाद भनेन नि त ? देवताहरूले उपदेश नै सुनेनन् कि क्या हो ?"



Downloaded from http://dhamma.digital

एकुदान स्थविरले "हो भन्ते, मैले उपदेशगर्दा यतिका उपदेशहरू कहाँ हुन्थे; खाली एउटै मात्र गाथा त हो नि । तैपनि प्रत्येकवार सारा वन जंगल पहाड पर्वतवासी देवताहरूले सम्पूर्ण क्षेत्र नै गुञ्जिने गरी साधुवाद दिनेगर्छन्; तपाईंहरूले दिएका उपदेश माथि देवताहरूले साधुवाद नदिनुको बारेमा त मैले केही पनि निवेदनगर्न जानिन भन्ते" भनी बिन्तिगरे ।

अनि दुईजना त्रिपिटकधर स्थविरहरूले एकुदान स्थविरलाई "त्यसो भए तपाईंले जहिले पनि उपदेशगर्ने त्यो गाथा एकचोटी भन न त " भनी प्रेरणा दिए । एकुदान स्थविरले आफूमा आइराखेको एउटा गाथाको उपदेश नै तुरुन्त पाठ गरिहाले । त्यसबेला वन जंगल निवासी देवताहरूले सारा जंगल नै उन्नादित हुनेगरी साधुवाद दिए । त्यसो हुँदा दुईजना त्रिपिटक धरहरूले त केही भनेनन् । तर वहाँहरूका शिष्य एकहजार परिषद्मा असन्तुष्टि फैलियो । यी देवताहरू अन्यायी छन् । हाम्रा गुरुहरूले त्यस्तो ब्याख्यागरी उपदेशदिंदा भने यी देवताहरूले साधुवाद दिएनन् । खाली एउटा मात्र गाथा पाठगर्दा भने साराजंगल गुञ्जिनेगरी साधुवाद दिन्छन् । यी देवताहरूले मुख हेरेर काम गर्छन् ।" उनीहरूले उपहास गर्नथाले ।

देवताहरूले साधुवाद नदिनाको कारण के थियो भने एकुदान स्थविरले एउटै मात्र गाथा पाठ गरे तापनि साधुवाद दिनुमा "वहाँ जान्नु हुन्छ; जानेकै रूपमा आचरण गर्नुहुन्छ; ज्ञान र आचरण मिल्छ । अरहत्तफल समेत लाभ हुनेगरी आचरण गरिराख्नु भएको भएपछि वहाँले धारण गरिराख्नु भएको धर्म ओठे-धारण मात्र नभई साँच्चिकै आचरणको रूपमा हृदयग्राही पारेर धारण गरिराख्नु



Downloaded from http://dhamma.digital

भएको कारणले वहाँको धर्म नै खास आत्मीयधर्म; विदयमानधर्म हो । त्यसरी अन्तस्करण देखी नै धारण गरिराखेको धर्म; आत्मीय विदयमान धर्मलाई मात्रै देवताहरूले साधुवाद दिन्छन् रे ।

दुबैजना त्रिपिटकधर स्थविरहरूले दिनुभएका उपदेश नराम्रा त होइनन् । उपदेश असाध्य राम्रा छन् । तर दुबै त्रिपिटक स्थविरहरू साधारण पृथग्जन नै रहेका छन् । खालि त्रिपिटक मात्र ओठले धारण गरिराखेका छन् । आफ्नो लागि मार्गज्ञान, फलज्ञान लाभ हुनेगरी उदयोग र अभ्यास गरेका छैनन् । तसर्थ ओठले धारण गरिराखेता पनि खालि श्रुतज्ञान मात्र रहेका छन्; विदयमान प्रत्यक्षीकृत आत्मीय निजी धर्म भएका छैनन् रे ।"

यस कथावस्तुको सारांश हो-

जान्नु मात्र , बिना आचरण, पर्दैन मन कसैको ।
बन्छ औषधी खाँदैन बैदयले, भने जस्तै हुन्छ यो ।
भएमा आचरण, हुन्छ प्रशंसा, बुझिन्छ चित्त भो ॥

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# धर्मद्वीप ! अनन्य शरण

मलाई दर्शन छाँट्न आउँदैन । किनकि म दार्शनिक होइन । धर्मको वास्तविक अर्थ के हो, अतिविस्तृत र व्यापक क्षेत्रयुक्त भएकोले व्याख्यानगर्न पनि त्यति साह्रो सामर्थ्य भएको देख्दिन । किनकि त्यसको लागि मेरो ज्ञान अहिलेसम्म त्यतिको छिप्पिएको छैन । तड्क भड्ककासाथ मीठो मीठो शब्द रचनाद्वारा पाठकवर्गहरूलाई मन्त्रमुग्ध पार्ने पाराले लोभ्याई लोभ्याई तान्दै लानसक्ने गरी केही रच्न पनि जान्दिन । किनकि म लेखक होइन । मसक्क मस्काई चसक्क चस्काई मुटु छुने गरी अलंकारभर्न वा अलंकृतपार्न पनि सिपालु नभएकोले मनमा लागेको केही कुरा मात्र यहाँ पोख्न आँट गर्दैछु ।

बुद्धगयाको निग्रोधवृक्षमुनि, कपिलवस्तुका ऐश्वर्यशाली राजकुमार अन्तिम जन्मधारी महान बोधिसत्त्व सिद्धार्थ गौतमको बोधिज्ञान र सर्वज्ञता-ज्ञान प्राप्ति पछि, जसलाई ठूलो गौरवशाली वृक्षको रूपमा सम्मान प्रकटगर्दै श्रद्धालु भक्तजनहरूले विश्वभरमै फैलिने गरी "बोधिवृक्ष" को संज्ञादिइयो; आफ्नो प्रथमबोधिको अवस्थामा सप्तसप्ताह त्यस बोधिवृक्षको वरिपरि विमुक्ति-सुखको अनुभवगर्दै आफूले अथक परिश्रम एवं पराक्रमगरी युगयुगान्तर सम्मको अतुलनीय अद्वितीय पारमी, त्याग, चर्या, तपस्या, संघर्ष, बलिदान र आत्म उत्सर्गद्वारा मात्र पाएको धर्मको अथवा अमृत-ज्ञानको अनुलोम प्रतिलोम प्रत्यवेक्षण, निरीक्षण, परीक्षण र



Downloaded from http://dhamma.digital

विमंशनको रूपमा गम्भीर चिन्तनमनन गरेर बिताइसक्नु भएपछि आठौं सप्ताहमा जब तथागत सम्यक्-सम्बुद्धले त्यस बोधिज्ञान अरूहरूसमक्ष पनि पुऱ्याउनको निमित्त सोचविचार गर्नुभएको थियो; तब वहाँले (तथागतको अन्तस्करणले) व्यक्तगर्नु भएका निम्न: कुर ाहरू यहाँ उल्लेख गरी आफ्नो कुरा अगाडि सार्दैछु।-

किच्छेन मे अधिगतं; हलं दानि पकासितुं ।
रागदोसपरेतेहि; नायं धम्मो सुसम्बुधो ॥
पटिसोतगामिं निपुणं; गम्भीरं दुद्दसं अणुं ।
रागरत्ता न दक्खन्ति; तमोक्खन्धेन आवुटा ॥

(विनयपिटक महावग्ग पालि)

अर्थात्- "मैले (तथागतले) यो बोधिज्ञान बडो दुष्करताका साथ अधिगमनगरें; प्राप्तगरें । (त्यसलाई बुझिलिने सत्त्वहरू बिरलै हुने हुनाले) यसलाई प्रकाशगर्नु अहिले अनुपयुक्त देखिन्छ; किनकि राग, द्वेषहरूले पीडित सत्त्वहरूले यो धर्म सुसम्बोधगर्न, सहीढंगले राम्ररी अवबोधगर्न सक्दैनन् । यो धर्म प्रतिश्रोतगामी धर्म हो । (आलयमा रमाई रमाई सांसारिक अमली, खिचडी खेलखेल्नमा मस्तभई भूलभुलैयामा भुलिरहेका सत्त्वहरूको लागि यो धर्म सुल्टो छैन ।) निपुण छ यो धर्म । गम्भीर छ यो धर्म । दुर्दश्य छ यो धर्म । छ अनि अतिसूक्ष्म अणु । रागमा आरक्त सत्त्वहरूले यसलाई देख्नसक्तैनन् । किनकि तिनीहरू तमस्कन्धद्वारा अथवा अन्धकारको बाक्लो घनत्वद्वारा बेरिईराखेकाछन्; बुनिईराखेका छन्; घेरिईराखेका छन्; जेलिईराखेका छन्; छोपिईराखेकाछन् र ढाकिईराखेका छन् ।"

भगवान् बुद्धको यस कथनद्वारा स्पष्ट छ । बुद्ध किन यस धरतीमा प्रादुर्भाव हुनुभएको थियो । वहाँ तथागत यस धरतीमा कुनै



Downloaded from http://dhamma.digital

वाद, कुनै सिद्धान्त, कुनै मत, कुनै सम्प्रदाय, कुनै यान खडा गर्नको लागि आउँनुभएको थिएन । वहाँ सम्यक्सम्बुद्धको आगमनको मूललक्ष्य त "**बुद्धो बोधेय्यं; मुत्तो मोचेय्यं; तिण्णो तारेय्यं**" अर्थात् "सर्वप्रथम आफूले अवबोध गर्नुपर्ने सत्य, तथ्य ज्ञानलाई पत्ता लगाई त्यस अनुरूप अरूहरूलाई अवबोध गराउनको निमित्त; आफू स्वयं यस दुःखग्रस्त, कलंकित, प्रपञ्चित, शोषित, पीडित, असन्तुष्ट, सन्त्रस्त, भयावह, लुब्ध, क्षुब्ध, नष्ट, भ्रष्ट सांसारिक दुरावस्थाबाट सदाको निमित्त मुक्तभई अरूहरूलाई पनि ती नारकीय यातनाभोगी अवस्थाहरूबाट मुक्तगराउनको निमित्त र आफू पनि यस विश्व ब्रह्माण्डको काम, भव, दृष्टि र अविद्या रूपी बाढीबाट उत्तीर्ण भई अरूहरूलाई पनि पूर्णतः ती स्थितिहरूबाट उत्तीर्ण गराउनको निमित्त थियो । त्यसैले त्यो बुद्धप्रवेदित धर्म सार्वदेशिक, सार्वभौमिक, सार्वयानिक, सार्वभाषिक, सार्वजातिक, सार्वकालिक, पारलौकिक, असाम्प्रदायिक धर्म रहेको थियो, रहेको छ र रहिरहने छ पनि ।

त्यसको लागि तथागत सम्यक्सम्बुद्धले अनन्त अप्रमेय्य कालसम्म बोधिसत्त्वको रूपमा रही जुन किसिमको दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य पारमितादि अनुपम महान दुष्करकार्य गर्नु भएको थियो; त्यसलाई सबै सत्त्वहरूले रंगीन चश्मा नलगाई गम्भीर रूपमा तटस्थतामा रही ध्यान पुऱ्याउनुको साथै तदारूकताका साथ जागरूक र सचेत भई कार्यरूपमा परिणत गरेर हेरेको, बुझेर लिएको प्रत्यक्षीकरण गरेको खण्डमा कसैले कसैसित प्रतिस्पर्धाको दृष्टि राखी घृणाकोभाव जगाई बाजी थापेर हिंडिरहनुपर्ने भृकुटी टन्काई टेढिएको आँखाले हेरिरहनुपर्ने अवस्थाको सृजना हुनसक्तैन; न त कुनै किसिमको वादविवाद, तर्कवितर्क, रोधप्रतिरोध गरिरहनुपर्ने स्थिति नै देखापर्न आउँने नै छ ।



Downloaded from http://dhamma.digital

तर के गर्नु, हुन त यो युग वैज्ञानिकयुग भनिन्छ । यहाँ सत्यासत्यको छिनफान बुद्धि विवेक पुऱ्याएर गर्नुपर्छ । कसैको लहलहैमा जानु हुँदैन, भेंडा बाखाको बथान जस्तो हुनु हुँदैन, कौवाले कान लग्यो भन्दैमा कानै नछामिकन त्यतातिर दौड्नु हुँदैन आजकाल भनिन्छ, वास्तवमा खोइ त त्यस प्रकारको कामकार्य भइरहेको ! यहाँ त अझ पनि कुहिएको फर्सिको ब्यापार छ; मेरो गोरुको बाह्रै टकाको मोलतोल र बोलबाला छ; घमण्डको पराकाष्ठा छ; विभिन्न दार्शनिक, साम्प्रदायिक सिद्धान्तको र व्यक्तिगतस्वार्थको मतलबी आडलिएर आ-आफ्नो डम्फू बजाउने काम बाहेक केही भएको देखिँदैन । एक अर्काको खुट्टा तानेर बहादुरी देखाई आ-आपसमा पछाड्न खोज्नु बाहेक केही छैन । अन्धाले हात्ती छाम्ने काम बाहेक केही भएको पाइँदैन । आ-आफ्नै तर्कमा सबै अड्किरहेको छ; आ-आफ्नै धुनमा मस्किरहेकोछ, आ-आफ्नै गुणगानमा झुम्मिरहेको छ; आ-आफ्नै मादल घन्काइरहेको छ; आ-आफ्नै गर्वमा टन्किरहेको छ; आ-आफ्नै स्वरले पड्किरहेको छ, कुवाको भ्यागुटोको गीतमै भन्किरहेको छ । कसैको केही सुन्नको लागि, कसैको केही जान्नको लागि कसैको केही बुझ्न र सम्झनको लागि एकछिन भए पनि ठीक बेठीक सत्यासत्य उचित अनुचित सोच विचारगरी कसौटीमा कोरेर हेर्नको लागि को तयार छ यहाँ ? कसैको कान जान्छ त्यहाँ ! कसको ध्यान पुग्छ त्यहाँ ! विज्ञानलाई माटोमा मिलाई अभिमानको आगो सल्काइरहनु घमण्डको राँको डन्काइरहनु बाहेक यहाँ अर्को के भइरहेको छ र एकरूपता र एकताको मधुरध्वनि यहाँ गुञ्जन पाऊन् !

सर्वज्ञ हुनु भएको वैशारद्य ज्ञानाधिकारी सम्यक्सम्बुद्धलाई चेलोजस्तो बनाई आ-आफू आचार्य प्राचार्य अत्याचार्य हुन



Downloaded from http://dhamma.digital

चाहनेहरूको आवाज ठूलो भइरहेको यो धरतीमा भगवान् बुद्धको त्यो सरल, स्वच्छ, निर्जट, मुक्तिदायक, सु-आख्यात, सान्द्रिष्ट्रिक, अकालिक, एहिपश्यिक, औपनेयिक र प्रत्यक्ष विज्ञ वेदितब्य गुणयुक्त धर्मप्रति चासो राखी अरहत्, सम्यक्सम्बुद्ध, त्रिविद्या अष्टविद्या र पन्द्रह चरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर पुरुषदम्य सारथी, देव मनुष्यको शास्ता, बुद्ध, भगवान् गुणालंकृत तथागतप्रति प्रसन्न प्रफुल्लित मनसा श्रद्धा र आस्था जगाएर त्यस अनुरूप धर्मलाई भेदविमुक्त चित्तद्वारा धारण, पालन र आचरण गरी धर्मानुधर्म प्रतिपन्न हुनसक्ने को होला ? परियत्ति शुद्ध बुद्ध-शासनको आद्योपान्त गहन अध्ययन गरी तदनुसार, अभ्यासमा उतारी प्रतिपत्ति बुद्ध-शासनलाई आत्मसात पारी त्यसको प्रत्यक्षानुभूति प्रतिवेध-बुद्ध-शासनको रसास्वादन गरी परमानन्द लाभगर्ने कसले ? त्यसको सत्ता आ-आपसमा नै कुस्ती खेली ढाक रवाफ जटाई म ठूलो तँ सानोको अहंकार मचाई गर्वित हुनचाही आ-आफ्नो फाइँफुइँको झण्डा फर फराउन चाहनेवालाहरूले त्यो धर्म बुझोस् पनि कसरी ?

आफू झगडालू भई अरूहरूमाथि औंला ठड्याइरहने; आफू धूर्तभई अरूहरूलाई धूर्त्याइँको आरोप लगाएर हिंड्ने; आफू बेइमानभई अरूहरूप्रति बेइमानीको झूठो लांछना दिने; आफू पापी, अधर्मी दुराचारीभई अरूहरूको बदनामी चाहनेजस्ता व्यक्तिहरूद्वारा के न हुन सक्ला यहाँ !

एकता र समताको खाँचो छ यहाँ यस धरतीमा अवश्य; तर त्यसको लागि सर्वप्रथम बुद्धिमान विज्ञ भनाउँदाहरूले सच्चा बुद्धिमानिताको यथार्थ परिचय नभुक्याई दिनु आवश्यक छ; इमान्दारिताको झण्डा इमान्दारपूर्वक फहराइनुपर्छ; सिदासादा



Downloaded from http://dhamma.digital

स्वच्छ निष्कपट ऋजु व्यवहारको साँचो प्रदर्शनहुन नितान्त वांछनीय छ; छ अनि सही सलामत तथागत सम्यक्सम्बुद्धलाई न झुक्याई काँधमा काँध मिलाई बोकेर हिंड्नु, न कि नाना थरीका आचार्य प्राचार्य अत्याचार्य भनाउँदाहरूको जिउँदो लाश पिठ्यूँमा बोकी पछि पछि लाग्दै आशीर्वाद र वरदानको आशामा अल्झी चाकरी चुगली र चापलुसी गर्दै हिंड्नु ।

आज सम्यक्सम्बुद्ध तथागतको अनर्घरत्नतुल्य त्यस शुद्ध सत्य अविहिंसात्मक उपदेशको अथवा धर्मको कत्रो उपेक्षा भइराखेको छ, त्यो विवेकपूर्ण संवेदनशील कुनै पनि विवेकी दूरदर्शीको दृष्टिबाट ओझेल भएको छैन । जबसम्म त्यो अधार्मिक व्यवहार रोकिंदैन; तबसम्म दुःखमुक्ति मार्गप्रदर्शक सत्यमूर्ति बुद्धको वास्तविक आदर हुनसक्तैन; न त त्यस धर्मको गौरवपूर्ण मूल्यांकन नै गर्नजान्ने छ । त्यो हुन नसकेसम्म व्यर्थ तर्क र वादविवादमा नै सबै अल्झिरहने छ; बकम्फुसे बदख्वाइँ बढिरहने छ । एकता र समताको कुरा एउटा वाहियात नाराको र निष्क्रिय सौखको कुरा मात्र रहिरहने छ ।

त्यसैले आजको युगको निमित्त तथागत बुद्धको त्यो वचनमा कस्तो अकाट्य सत्य लुकेको छ । – "नाहं **भिक्खवे लोकेन विवदामि, लोकोव मया सद्धिं विवदति**=भिक्षुहरू, म तथागत लोकसित झगडा गर्दिन; लोक नै मसित झगडा गरिरहन्छ ।" यही स्थिति र वातावरण आजको जमानाको छ । बुद्ध भन्दा पनि माथि उठ्न चाहेका ती पाखण्डी घमण्डी अभिमानीहरूको समुपस्थितिमा बुद्धजस्तो विश्वविभूति महापुरुष समेतलाई गौण गराइन्छ भने अरू अरूको त के कुरा !

वस्तुतः धर्मको मर्मलाई यथार्थतः सम्झी बुझी स्वच्छ, शुद्ध,



Downloaded from http://dhamma.digital

निश्छल, निष्कपट, निर्मल धर्मलाई आफ्नै स्वानुभूतिद्वारा कर्म, वीर्य, ज्ञानलाई अगाडि सारी साक्षात्कार र प्रतिवेध गर्नसकून्; चार स्मृतिप्रस्थान, चार सम्यक्प्रधान, चार ऋद्धिपाद, पाँच बल, पाँच इन्द्रिय, सप्त बोध्यंग र आर्य अष्टांगिक मार्ग जस्ता अविवादास्पद निष्कलंकित विज्ञप्रसंशित सर्वबुद्ध सेवित सप्तत्रिंशत् बोधिपक्षीय सत्यधर्म अपनाउन सकी चतुर्ब्रह्मविहार अभिवृद्धि गर्नसकून् र बुद्धको निम्न: वचनलाई सार्थक तुल्याउन सकून् ।

तद्यथा- "**यो धम्मं पस्सति, सो मं पस्सति । यो मं पस्सति, सो धम्मं पस्सति ।**" अर्थात् "जसले यथार्थ सत्यधर्मलाई देख्छ; त्यसले म तथागतलाई देख्छ । जसले म तथागतलाई वास्तविक रूपमा देख्छ; त्यसले सत्य तथ्य धर्मलाई देख्छ ।"

"**धम्मदीपा भिक्खवे विहरथ धम्मसरणा; अनञ्ञसरणा ।**"

अर्थात् "भिक्षुहरू, धर्मद्वीप भएका भई विहार गरून्; धर्मशरण भएका भई; न धर्म बाहेक अन्य शरण भएका भई ।" अस्तु ।

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# सर्वोत्कृष्ट संग्रह ?

मनुष्यलोक मनुष्यभव भूमिमा एउटै घर, एउटै विहार मन्दिर, एउटै शहर-नगर, एउटै गाउँघर आदिहरूमा बसोबास गरिरहने व्यक्तिहरू परस्परमा संग्रह सहयोगगरी बस्ने गर्दछन् । परस्परमा संग्रहगर्नु सहयोगगर्नु नभएमा नानाथरीका दुःख कष्टहरू सहनुपर्ने, भोग्नुपर्ने हुन्छन् । परस्पर एक अर्कोमाथि संग्रहगर्नु सहयोगगर्नु भएमा मात्र वर्तमान जीवन र भविष्य जीवनहरूमा आफू र अरूहरूले सुखसुविधा पाउनसक्ने छन् । त्यसैले संग्रहधर्म चारलाई तथागत सम्यक्सम्बुद्धले उपदेश दिएर जानुभएका थिए ।

संग्रह धर्म चार (४) हुन् :

१. **दान** = दान प्रदान गर्नु; दिनु
२. **पेय्यवज्ज** = प्रेमपूर्वक मधुर बोली बोल्नु
३. **अत्थचरिय** = अर्थ र लाभ हुनेगरी आचरणगर्नु
४. **समानत्तता** = आफू सरह व्यवहारगर्नु (अं.३, १७४)

**स्मरणिका** : दिनु दान मधुर बोली; अर्थ हिताचरण र गर्नु व्यवहार आफू जस्तै; संग्रह वस्तु चार हुन् ।

१. **दान**=दान प्रदानगर्नु दिनु भनेको दानग्राहक व्यक्तिको मनपर्ने दानहरू विभिन्न प्रकारका छन् । अन्न भोजन दानगर्नु, पिउने पदार्थ दानगर्नु, लुगाफाटा दानगर्नु, शयनासन दानगर्नु, चढ्न, लगाउन यान रथ जुत्तादि दानगर्नु, औषधी मूलो दानगर्नु, कथाभन्नु, उपदेशदिनु जस्तो धर्मदानगर्नु भनी धेरै प्रकारका छन् ।



Downloaded from http://dhamma.digital

ती विभिन्न प्रकारका दानहरूमध्ये धर्मउपदेश गर्नुद्वारा दानप्रदान गर्नेखालको धर्मदान सर्वोत्कृष्ट दान हो। सर्वोत्कृष्ट संग्रह पनि हो । "धर्मदान निर्वाण दान नै भयो" भनी तथागत सम्यक्सम्बुद्धले बताइराख्नु भएको छ ।

उपदेश सुन्न पाउँदाखेरि मात्र मार्गधर्म फलधर्म र निर्वाणधर्म लाभगर्न सक्तछन् । सम्यक्सम्बुद्ध र प्रत्येकबुद्धहरू बाहेक धर्मउपदेश नसुनीकन निर्वाण सुखतिर पुगेका व्यक्तिहरू भनी हुँदैनन् । अग्रश्रावक भएका आयुष्मान सारिपुत्र आयुष्मान मौद्गल्यायनहरूले समेत आयुष्मान अस्सजी समक्ष धर्मउपदेश सुन्न पाएर मात्र निर्वाण मार्गफल धर्महरू प्राप्तगरेर गएका हुन् । तसर्थ धर्मदान सर्वोत्कृष्ट सर्वोत्तम दान नै हुन् । धर्मदानद्वारा संग्रहगर्नु सहयोगगर्नु सर्वोत्तम संग्रह र सहयोग नै हुन् ।

२. **पेय्यवज्ज** = प्रेमपूर्वक मधुरबोली बोल्नु भनेको–

श्रोतागणको मनपर्ने कुराहरू धेरै प्रकारका छन् । समय वा अवस्थाहेरी प्रेमपूर्वक मधुर बोलीबोल्नु, सही विषयहरूद्वारा प्रेमपूर्वक मधुर बोलीबोल्नु, नरम बोली हितकारी बोलीहरूद्वारा प्रेमपूर्वक मधुर बोलीबोल्नु, श्रोतागणहरूले मनपराउने चाहनागर्ने धर्म उपदेशहरूलाई उपदेश दिनुद्वारा प्रेमपूर्वक मधुर बोलीबोल्नु भनी विभिन्न थरीका छन् ।

ती प्रेमपूर्वक मधुर बोलीद्वारा बोलिने बिभिन्न प्रकारका बोलीहरूमध्ये श्रोतागणले मनपराउने चाहनागर्ने धर्मउपदेशहरूलाई प्रेमपूर्वक मधुर बोलीले उपदेशदिनु सर्वोत्तम बोलीवचन नै हुन् । श्रोतागणमा **धम्मस्सवन सप्पाय** = उचित अनुकूल धर्मउपदेश सुन्नपाउनुको कारणले मार्ग, फल, निर्वाण नामक विशिष्टधर्म



Downloaded from http://dhamma.digital

उत्तमधर्म लाभगर्न पाउनुसम्मको प्रतिफलहरू लाभ गरेर जानसकिन्छन् । तसर्थ श्रोतागणको मनपर्ने चाहनाहुने धर्मउपदेशहरूलाई प्रेमपूर्वक मधुर बोलीले उपदेश गरिदिनु सर्वोत्तम बोली हुने भएकोले सर्वोत्कृष्ट संग्रह र सहयोग नै हुन् ।

३. **अत्यचरिया=** अर्थ र लाभ हुनेगरी आचरणगर्नु भनेको-

अर्थ र हितकामी व्यक्तिमा अर्थ हितकारी आचरणहरू विभिन्न प्रकारका छन् । भौतिक व्यावसायिक शिल्प विद्या पारंगत हुनेगरी आचरण गरिदिनु, धनसम्पत्ति वृद्धि हुने गरी आचरण गरिदिनु, स्वास्थ्य लाभ हुनेगरी आचरण गरिदिनु, श्रद्धा नभएको व्यक्तिमा श्रद्धा सम्पन्न हुनेगरी आचरण गरिदिनु, शीलविहीन व्यक्तिलाई शीलधर्म सम्पन्न हुनेगरी आचरण गरिदिनु, दानदिने त्यागगर्ने बानि नभएको व्यक्तिलाई त्यागी हुनेगरी आचरण गरिदिनु, बुद्धिविवेक ज्ञानप्रज्ञा नभएको व्यक्तिलाई बुद्धिविवेक ज्ञानप्रज्ञाले सम्पन्न हुनेगरी आचरण गरिदिनु भनी धेरै किसिमका छन् ।

त्यसरी अर्थ हित हुनेगरी विभिन्न प्रकारले आचरण गरिदिनु मध्येमा श्रद्धाधर्म नभएको व्यक्तिलाई श्रद्धाधर्मले सम्पन्न हुनेगरी, शीलधर्म नभएको व्यक्तिलाई शीलधर्मले सम्पन्न हुनेगरी त्यागी स्वभाव नभएको व्यक्तिलाई त्यागी स्वभावले सम्पन्न हुनेगरी प्रज्ञाज्ञान नभएको व्यक्तिलाई प्रज्ञाज्ञानले सम्पन्न हुनेगरी आचरण गरिदिनु सर्वोत्तम अर्थ हित हुनेगरी आचरण गरिदिनु हो । सर्वोत्कृष्ट प्रतिफल हुनेगरी संग्रहगर्नु सहयोगगर्नु हो ।

४. **समानत्तता =** आफू सरह व्यवहार गर्नु भनेको-

आफू पृथग्जन भएर पृथग्जन व्यक्तिहरूसित एकसाथ बसोबास गर्दामा खानपीन गर्दाखेरी एकैसाथ खानपानगर्नु, यान



Downloaded from http://dhamma.digital

वाहनहरूद्वारा आवतजावत गर्दा एकैसाथ आवतजावतगर्नु आदिद्वारा ती पृथग्जन व्यक्तिहरूलाई संग्रह र सहयोग गर्नुपर्दछ।

श्रोतापन्न भएको व्यक्तिले श्रोतापन्न भएको व्यक्तिसित, सकृदागामि भएको व्यक्तिले सकृदागामि भएको व्यक्तिसित, अनागामि भएको व्यक्तिले अनागामि भएको व्यक्तिसित, अरहन्त भएको व्यक्तिले अरहन्त भएको व्यक्तिसित एकैसाथ खानपानगर्ने, एकैसाथ बसोबासगर्ने, एकैसाथ आवतजावतगर्ने आदिद्वारा व्यक्ति पर स्पर संग्रह र सहयोग गर्नुपर्दछ। यसरी पृथग्जनको रूपमा रहेर संग्रह र सहयोगगर्नु र श्रोतापन्न, सकृदागामि, अनागामि, अरहन्तको रूपमा रहेर संग्रह र सहयोगगर्नु भनी २-प्रकारले रहेकोमा श्रोतापन्न, सकृदागामि, अनागामि, अरहन्त भएको रूपमा संग्रह र सहयोगगर्नु सर्वोत्तम संग्रह र सहयोगगर्नु हो।

यसरी विभिन्न प्रकारले संग्रह र सहयोगगर्नुहरू मध्येमा–

धर्मउपदेश दिने भन्ने धर्मदानद्वारा संग्रह र सहयोगगर्नु; धर्मउपदेश दिनुद्वारा मधुर बोलीले संग्रह र सहयोगगर्नु; श्रद्धा, शील, त्याग, प्रज्ञाहरूले सम्पन्न हुनेगरी आचरणगर्नुद्वारा संग्रह र सहयोगगर्नु; श्रोतापन्न सकृदागामि अनागामि, अरहन्तको रूपमा र हेर संग्रह र सहयोगगर्नु सर्वोत्तम संग्रह र सहयोगगर्नु नै हुन् भनेर तथागत सम्यक्सम्बुद्धले उपदेश गर्नुभएको छ।

आफ्नो अर्थ हित, अरूहरूको अर्थ हितलाई चाहना र कामनागर्ने मनपराउने कुलपुत्र कुलपुत्रीहरूले तथागत सम्यक्सम्बुद्धले उपदेश दिइराख्नु भए अनुसार सर्वोत्तम सर्वोत्कृष्ट संग्रह र सहयोगले सम्पन्न हुनेगरी उद्योग र अभ्यासगर्नु योग्य छ।



Downloaded from http://dhamma.digital

मनुष्य जीवन बुद्ध-वचन अनुसार सारपूर्ण जीवन हो । दुर्लभ जीवन पनि साथै अत्यन्त अमूल्य पनि । यस्तो जीवन चाहे पुरुषले प्राप्त गरेको होस् या त नारीले; सार्थक तुल्याउन सकेको खण्डमा यस जीवनले के प्राप्त गर्न न सकिने छ र ? सर्वदर्शी, सर्वज्ञ सम्यक्सम्बुद्धत्व समेत प्राप्तगर्नसक्ने यो जीवन हो । तर यसलाई, यसलाई राम्ररी स्याहार सम्हार गरी समाउन सकिएन भने पूर्णरूपमा नै यो उल्टिन्छ, पल्टिन्छ, जथाभावी हुनजान्छ । नरकको खाल्डोमा खसिन्छ, जाकिन्छ । बरबाद हुन पुगिन्छ ।

## सारपूर्ण जीवन

सौभाग्यवती गणेशकुमारी थिइन् । वहाँले मानवीय जीवन, सारजीवन प्राप्तगरिन् । प्राप्त भएको मनुष्य जीवनलाई अझ सारपूर्ण बनाउन कलिलो उमेर देखि भावी अय्या धम्मवती नारी प्रतिको शोषणयुक्त जंजीर तोड्न तम्सिइन् । वहाँमा १२-१३ वर्षको उमेरमैं विद्रोहको भावना जागिहाल्यो । निरक्षर भईबस्नुको अभिशापलाई हटाउन साक्षर बन्न वहाँ छट्पटाइन् । मौका पाउना साथ त्यसको सदुपयोग गर्न वहाँ पछि परिनन् । एक्लै भए तापनि त्यस्तो कलिलो उमेरमा समेत अरू अरू महिलाहरूले बटुल्ननसक्ने शक्ति र साहस बटुली घनघोर जंगलको बाटोघाटो पारगरी वहाँ येन केन प्रकारेन बर्मा (म्यान्मार) पुगि छाडिन् । सारपूर्ण जीवनलाई चम्काउन वहाँले १३ वर्षसम्म आफूलाई त्यहाँ घोट्न थालिन् । सारयुक्त बुद्ध-शासनमा आफूलाई समर्पित गरी बुद्ध-शिक्षाको भण्डार आफूमा भर्नथालिन्; भरिन् पनि ।



Downloaded from http://dhamma.digital

## अथक परिश्रमी

आ-आफ्ना लक्ष्यमा पुग्न उद्यमी र परिश्रमी नभइकन सम्भव छैन । साहसको साथ साथै उदद्योग पनि त्यतिकै महत्वपूर्ण छ । अय्या धम्मवतीमा त्यो गुण छ छैन त्यसको लेखा जोखा वहाँको उपलब्धिले नै दर्शाइराखेको छ । अर्काको देशमा गई त्यहाँको वातावरणमा भिजी त्यहिंको परिवेशमा रही त्यहाँकै भाषा सिकी आफ्नो लक्ष्यमा पुग्नु सानो तिनो उद्योग र परिश्रमले हुने कुरो होइन । खाई नखाई सुखदु:ख झेली हासिल गर्नुभएको सफलताले नै वहाँ कत्तिको उद्यमी र परिश्रमी वीर्यवती हुनुहुन्छे भन्ने कुरा स्पष्ट छ ।

## सक्षमयोग्य नेतृ

कहिलेकाँहीं हामी पाउँछौं शिक्षाको क्षेत्रमा शीर्षस्थ अवस्थामा पुगेर पनि कार्यक्षेत्रमा असक्षम व्यक्तिहरू । सक्षमनेतृ बन्न खुबीको जरूरत पर्दछ । त्यस किसिमको खुबी र दक्षता अय्या धम्मवतीमा प्रशस्त रहेको हामी पाउँछौं । वहाँमा कुशलनेतृ बन्ने क्षमता छ । त्यसैले आज आएर कठिन परिस्थितिमा पनि सयौं नारीहरूलाई आफ्नो कमाण्डमा लिन वहाँ सक्षम भएकी छिन् । सबैको श्रद्धापात्र बनेकी छिन् । प्रिया भएकी छिन् । गौरवनीया बनेकी छिन् । अनुशासन गर्न अपवाद सहन समस्या निराकरणगर्न सिपालु भएकी छिन् । भावनीया बनेकी छिन् ।

## वक्तृत्वशक्ति सम्पन्ना

ज-जसले अय्या धम्मवती प्रदत्त उपदेश सुनेका छन्, तिनीहरू सबैले वहाँको मुक्तकण्ठ प्रशंसा गरेका छन् । वक्ता प्रवक्ताको रूपमा, कुशल उपदेशिकाको रूपमा मानिआएका छन् । धेरैजसो वहाँको उपदेश उदाहरणमय, व्यावहारिक, सरल, बुझ्न सजिलो भएको पाइन्छ । गम्भीर



Downloaded from http://dhamma.digital

कुरालाई सम्झाउन बुझाउन उपमामय भाषाको प्रयोग नितान्त आवश्यक हुन्छ । ग्रन्थमा पनि भनिएको छ **"उपमायमिधेकच्चे अत्थं जानन्ति पण्डिता"** अर्थात् "यहाँ धेरैजसो व्यक्तिहरूले अथवा पण्डितजनहरूले उपमाद्वारा गम्भीर अर्थलाई जान्न बुझ्न पाइन्छ, जान्न बुझ्न सकिन्छ ।" त्यो भाव राम्ररी बुझेकी अय्या धम्मवतीको उपदेश र भाषणमा त्यसको राम्रो प्रयोग भएको कारणले वहाँको उपदेश र भाषण आकर्षक, रुचिकर एवं कर्णप्रिय भएको देखिन्छ ।

## राम्री व्यवस्थापिका

शिक्षित हुनु, बोल्न जान्नु आदि मात्रले मानिस सफल हुने होइन; आफ्नो लक्ष्यमा सफलता पूर्वक पुग्न व्यवस्थापनमा पनि प्रगुणता हुनु आवश्यक पर्दछ । सुव्यवस्थित रूपमा व्यवस्था मिलाउन जानेमा नै अरूहरू आफूप्रति आकर्षित हुन्छन्; योग्य व्यक्तिको रूपमा स्थान दिने गर्दछन् ।

अय्या धम्मवतीले भरखर भरखर नेपाल फर्कंदा कस्तो कस्तो किसिमको कठिनाई भोग्नु परेको थियो, गाँस बासको व्यवस्था मिलाउनु परेको थियो । त्यसलाई नियालेर हेर्दा आजको स्थितिमा पुग्न सजिलो न भएको स्पष्ट छ । तर वहाँको व्यवस्थापन कुशलताले गर्दा उच्च सिंढीमा चढ्न वहाँ समर्थ भएकी हुन् । वहाँले आफूमा भएको शीप र जाँगरलाई खेरोफाल्नु भएन । एक एकलाई एकदम व्यवस्थितढंगले वहाँले प्रयोग गर्नुभो । शनैः शनैः वहाँले जनताको आस्था र विश्वासलाई जित्दै जानुभो । आफ्नो कार्यक्षेत्र विस्तारगर्दै जान वहाँलाई कठिनाइ भित्रमा पनि कुनै कठिनाइ सहनु परेन । ठाउँ ठाउँमा नयाँ नयाँ केन्द्र खोल्दै जानुभो । वहाँ नेपालको मात्र नभई अन्तरराष्ट्रको अय्या धम्मवती हुनुभो ।



Downloaded from http://dhamma.digital

**भ्रमण प्रेमी**

ज्ञानोपार्जन गर्न किताबी ज्ञानमा मात्र भरपरेर पुग्दैन । ठाउँ ठाउँ क्षेत्र क्षेत्रको विभिन्न बहुश्रुत आर्जन गर्नुपर्दछ । अनि मात्र व्यक्ति बहुश्रुतिक बन्न पाइन्छ । अनुभवज्ञान प्रशस्त मात्रामा मनमस्तिष्कमा थुपारेको हुनुपर्दछ । त्यस कारण भ्रमण प्रेमीहुनु जरुरी छ । त्यो स्वभाव अय्या धम्मवतीमा स्वत: प्रस्फुटित भइराखेको पाइन्छ । त्यसैले गर्दा नेपाल अधिराज्यको प्रमुख प्रमुख क्षेत्रहरूमा देश विदेशको थुप्रै ठाउँहरूमा वहाँले भ्रमण गरिसक्नु भएको छ । अनेकौं बहुश्रुतहरू बटुलिसक्नु भएको छ । बुद्ध-पूजा मनाउनुको रूपमा पनि तीर्थयात्रा आयोजिकाको रूपमा पनि आफ्नो भ्रमणप्रेमी चरित्रलाई वहाँले चरितार्थ पार्नुभएको छ ।

**समाज सेविका :** सामाजिक सेवामा पनि वहाँको हात पछि परेको छैन । बेलाबखतमा गरीब गुरूवाहरूलाई, याचक मगन्तेहरूलाई, बृद्धबृद्धाहरूलाई अस्पतालमा रोगीहरूलाई विभिन्न खादय पदार्थहरू वितरणगर्ने लुगाफाटाहरू बाँडिदिने सक्दोरूपमा आर्थिक सहयोग दिने, समाज सुधारको लागि विभिन्न प्रकारको प्रदर्शनी आदिको आयोजनागर्ने कुरीति कुप्रथा हटाउन व्यवहारमुखी शिक्षा दीक्षादिने काममा सतत संलग्न रहिरहेकी छिन् ।

**जस्तो नाम उस्तै काम**

बुद्धोपदेशले धर्मगर्नुको रूपमा विशेषत: दान शील भावना र शील समाधि प्रज्ञाको रूपमा विषयवस्तुहरू क्रमबद्ध तरिकाले दिइराख्नु भएको छ । यी धर्महरूमा अय्या धम्मवती आफू स्वयं पनि सक्रिय रूपमा अभ्यासरत भई अरूहरूलाई पनि आफू संगसंगै दोऱ्याउँदै लगिरहेकी हुँदा वहाँलाई "जस्तो नाम उस्तै काम" भएकी भनेर भन्न



Downloaded from http://dhamma.digital

एकदम सुहाएकोमा दुइमत अवश्य हुने छैन । त्यसैले वहाँले आफ्नो धम्मवती नामलाई सार्थक तुल्याउँदै काम पनि त्यही अनुरूप गर्दै आइर हेकीमा हामीले निकै गौरब मानिआएका छौं र मानेरै रहिरहन पाउँ भन्ने सदिच्छाका साथ वहाँको गृहत्यागी प्रव्रजित जीवन ५० वर्ष पुगी सुवर्णजयन्ती मनाउँन पाएकोमा आफूलाई धन्य सम्झँदै निम्न शुभकामना अगाडि सार्दै बिदालिन चाहन्छु ।

**चिरं जीवतु अय्या धम्मवती ।**
**सुखी होतु अय्या धम्मवती ॥**
**अरोगा निद्दुक्खा निस्सोका, निब्भया**
**होतु अय्या धम्मवती ॥।**
**साधु । साधु ॥ साधु ॥**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# महासंघदान

२०५६ फागुन १३ गते तदनुसार २५ फरवरी २००० मा स्टाफ् कलेज हल, जावलाखेल, ललितपुरमा भिक्षु भावना चित्त सुन्दर तथा भिक्षु थवी पफसरोको नेतृत्वमा पाल्नुभएका थाइलैण्डका श्रद्धालु भिक्षु तथा उपासक उपासिकाहरूबाट दुण्डवहादुर वज्राचार्यज्यूद्वारा नेपालीमा अनुदित 'दीघनिकाय' महानग्रन्थ पुनर्मुद्रणगरी थेरवादी भिक्षुमहासंघ एवं अनागारिकाहरूलाई सो ग्रन्थसहित विभिन्न उपयोगी दानदातब्यहरू महासंघदानको रूपमा भव्यताका साथ दान प्रदान गरेकाथिए।

त्यस महान सुअवसरमा प्रस्तुत प्रवचनको छोटकरीमा यहाँ उल्लेखगर्नु प्रासंगिक ठान्दछु।

"महासंघदान" मा महा+संघ+दान भनी यसरी तीन शब्दहरू जोडिएका छन्। यो ब्याकरणको दृष्टिले समासशब्द हो। "महन्त" शब्दबाट 'महा' बनीरहेको हो। "दीघनिकाय" महानग्रन्थको सबभन्दा पहिलो सूत्र ब्रह्मजाल-सुत्तमा यो शब्दको प्रयोग "महता भिक्खुसंघेन सद्धिं पञ्चमत्तेहि भिक्खुसतेहि" भनी यसरी प्रयोग भइरहेको पाइन्छ। त्यसको अर्थकथामा दुई प्रकारले अर्थ लगाइएको छ। "महताति गुणमहत्तेनपि महता; सङ्ख्यामहत्तेनापि महता। सो हि भिक्खुसंघो गुणेहिपि महा अहोसि, अप्पिच्छतादि गुणसमन्नागतत्ता। सङ्ख्यायपि महा पञ्चसतसङ्ख्यत्ता।" अर्थात् गुणमहानताको कारण र संख्या महानताको कारणले त्यो भिक्षुसंघलाई महाभिक्षुसंघ



Downloaded from http://dhamma.digital

भनिएको हो। यहाँ महा शब्दले श्रेष्ठ, पवित्र उत्तम अर्थ र संख्यात्मक हिसाबले धेरै भन्ने अर्थ व्यक्तगर्दछ। निस्सन्देह त्यो भिक्षुसंघ अल्पेच्छु, सन्तुष्टि, सल्लेख आदि उत्तमगुणले महान थियो भने पाँचसय संख्या भएकोले गिन्तिको हिसाबले पनि महान थियो। यी दुबै अर्थ यहाँ यो संघदानमा पनि प्रयोगमा ल्याउन सक्दछ।

'संघ' शब्दको ब्याख्या यसरी दिइराखेको पाइन्छ। "दिट्ठिसीलसामञ्ञसङ्घातसङ्खातेन समणगणेन। अर्थात् जुन श्रमण समूहमा मेलखाने, एकजूट हुने, एकतामा बाँधिने, एउटै राय मिल्ने दृष्टि छ, धारणा छ, सिद्धान्त छ; नीति नियम शील सदाचारितामा पनि त्यस्तै किसिमको सामञ्जस्यता छ। त्यसरी दृष्टि र शील सदाचारितामा एउटै धेय, लक्ष्य, उद्देश्य बोकी मेलमिलापका साथ एकजूट भई बस उठगर्ने श्रमण समूहलाई "संघ" भनिन्छ। यहाँ उल्लेखित दृष्टिको पनि निम्नानुसार विवरण दिइराखेको छ- "**यायं दिट्ठि अरिया निय्यानिका निय्याति तक्करस्स सम्मा दुक्खक्खयाय; तथारूपाय दिट्ठिया दिट्ठिसामञ्ञगतो विहरति।**" अर्थात् जुन दृष्टि आर्यगुणयुक्त, नैर्यानिक, सम्यक् रूपले दुःखक्षयार्थ त्यतातिर लम्किर हेको हुन्छ, त्यस प्रकारको दृष्टिद्वारा दृष्टि सामञ्जस्यता भएकोभई विहारगर्दछ। दृष्टिविशुद्ध भएजस्तै शीलसदाचारिता पनि खण्डित न भएको, प्वाल न परेको, टाटे पाते न भएको, दाग नलागेको, स्वतन्त्र खालको, विज्ञ प्रशंसित, तृष्णा र मिथ्यादृष्टिद्वारा अपरामर्शित, समाधि उत्पादन गराउने खालको हुनुपर्दछ। यी गुणले सम्पन्न विमुक्त श्रमणगण "संघ" कहलाइन्छ। यस्तै यस्ता गुणले सम्पन्न हुनुको लागि प्रयत्नरत पृथग्जनहरूमा पनि दृष्टि शील सामञ्जस्यता रही एकजूट हुने स्वभाव उपलब्ध हुन्छ नै। त्यसैले पृथग्जन श्रमण समूहलाई पनि "संघ" शब्द भित्र समावेश गर्नसकिने कुरा स्पष्ट छ।



Downloaded from http://dhamma.digital

अनि "दान" भनेको दिनुपर्ने विषयवस्तुहरू जम्मै र दिनु जम्मैलाई भन्दछ। दान दुई प्रकारका छन्। (१) कुशलपुण्यको विषय भएको पुण्यविषय दान र (२) कुशल पुण्यको विषय नभई यस लोकमा आचरण गर्नुपर्ने कर्तव्यधर्म अनुसारको लोकविषय दान। निर्मल विशुद्ध श्रद्धाधर्मद्वारा दिनु जम्मै पुण्यविषय दान हो। यो नै साँच्चिकैको मुक्तितिर लैजाने दान हो। श्रद्धा पूर्वक दिनु नभई, रिसाएर दिनु, डराएर दिनु, मूर्ख भएर दिनु देखि लिएर एकदम कमसल खालको दण्डदिनु, मृत्यु दण्डदिनु सबै लोकविषय दान हो। यस्तो खालको दान मुक्तिसित सम्बन्धित छैन।

दान दिनलाई आवश्यक दातब्य तत्त्वहरू दश प्रकारका छन् :-

१) अन्न २) पान ३) यान ४) वस्त्र ५) माला ६) गन्ध ७) विलेपन ८) शय्या ९) आवास १०) प्रदीप। यी दश प्रकारका दातब्य पदार्थहरू दिनको लागि अभिप्रेरित चेतना दान हो।

दान दिने काम सिद्धगर्न सफलपार्न चाहिने अंग अथवा तत्त्वहरू ४ छन् :- १) दान दिने व्यक्ति अथवा दाता हुनुपर्ने (२) दान दिने पदार्थ दातव्यवस्तु सरसामान विद्यमान रहनुपर्ने (३) दान ग्रहणगर्ने ब्यक्ति दानप्रतिग्राहक पनि भइरहनुपर्ने र (४) दिन मनलाग्ने प्रेरितगर्ने चेतना पनि जागृत हुनुपर्ने।

दान ग्रहणगर्ने प्रतिग्राहक व्यक्तिलाई दुई किसिमले छुट्याउन सकिन्छ- पुद्गलिक अथवा व्यक्तिगतदान र सामूहिक अथवा संघगतदानको हिसाबले। ती मध्ये पुद्गलिक दान १४-प्रकारले विभाजित गर्नसकिन्छ :- १) सम्यक्सम्बुद्ध स्वयंलाई दिनु (२) प्रत्येक बुद्धलाई दिनु (३) बुद्ध-श्रावक अरहन्त अथवा अरहन्तफलमा



Downloaded from http://dhamma.digital

प्रतिष्ठित व्यक्तिलाई दिनु (४) अरहन्त फलमा पुग्न प्रयत्नरत व्यक्ति अथवा अरहन्तमार्गमा प्रतिष्ठित व्यक्तिलाई दिनु (५) अनागामी फलमा प्रतिष्ठित ब्यक्ति (६) अनागामीमार्ग प्रतिष्ठित व्यक्ति (७) सकृदागामीफलमा प्रतिष्ठित ब्यक्ति (८) सकृदागामीमार्ग प्रतिष्ठित ब्यक्ति (९) श्रोतापत्तिफल प्रतिष्ठित ब्यक्ति (१०) श्रोतापत्तिमार्ग प्रतिष्ठित व्यक्ति (११) बुद्ध-शासन नहुने बेलामा ध्यान अभिज्ञा लाभी ऋषिमुनिहरूलाई दिनु (१२) शीलवान् सदाचारी पृथग्जन व्यक्तिलाई दिनु (१३) दुःशील दुराचारी पृथग्जनलाई दिनु (१४) पशु पंक्षी तिरश्चिन प्राणीलाई दिनु ।

अनि फेरि सांघिक दानलाई पनि ७-प्रकारले विभाजन गर्न सकिन्छ :- (१) सजीव बुद्धको पालामा भए सम्यक्सम्बुद्ध प्रमुख भिक्षुसंघ भिक्षुणीसंघलाई दिनु (२) सम्यक्सम्बुद्धको महापरिनिर्वाण पछि भिक्षुसंघ भिक्षुणीसंघलाई दिनु (३) भिक्षुसंघलाई मात्र दिनु (४) भिक्षुणी संघलाई मात्र दिनु (५) दुबै पक्षका सम्पूर्ण संघहरूलाई दिननसक्दा दुबै पक्षबाट "यति यति जना पाल्नुस्" भनी निवेदनगर्ने बेलामा संघनिर्देशित व्यक्तिसमूहलाई (संघालम्बन चित्त राखी) दिनु (६) भिक्षुसंघ एकपक्षलाई मात्र 'यति यति जना निर्देशित गरी पठाउनुस्' भनी निवेदन गरेर संघनिर्देशित व्यक्ति समूहलाई दिनु (७) भिक्षुणीसंघ एकपक्षलाई मात्र आफ्नो सामर्थ्य र गच्छे अनुसार "यति यति जना निर्देशित गरी पठाउनुस्" भनी निवेदन गरेर संघनिर्देशित व्यक्तिसमूहलाई (संघको भावना राखी) दिनु ।

यसरी दानको विषयलाई विभिन्न प्रकारले बुझ्नुपर्ने हुन्छ । यति मात्र होइन दानका अनेकौं विभाजनहरू धेरै नै छन् । ती जम्मैलाई यहाँ समावेशगर्नु वांछनीय नहुने भएर यतिले नै



Downloaded from http://dhamma.digital

"**महासंघदान**" के हो भन्ने विषयलाई सारांश रूपमा मात्र उल्लेख-गरी आफ्नो लेखन यहीं टुंग्याउँदै छु ।

अन्तमा "महासंघदान" जस्तो पुण्यकार्य बुद्धभूमि नेपालसम्म पाल्नुभई सम्पन्नगर्नु हुने ती जम्मै मित्रराष्ट्र थाइलैण्डका श्रद्धेय भिक्षुसंघ तथा श्रद्धालु उपासक उपासिकाहरूको निमित्त निर्वाण प्राप्तार्थ प्रभावकारी उपनिश्रयप्रत्यय सावित होऊन भन्ने शुभेच्छा एवं मंगल कामना पनि व्यक्तगर्दछु । त्रिरत्न समक्ष हाम्रो यही कल्याणकामी प्रार्थना छ । अस्तु ।

चिरं तिट्ठतु जिनसासनं !

✿

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# हामी के बनौं ?

हामी आज मनुष्य भएर जन्मेका छौं । यो हाम्रो लागि ठूलो सौभाग्यको कुरा हो । यो जीवनलाई सहीढंगले सजाउन सकियौं भने यो अत्यन्त सौन्दर्यले भरिएको हुन्छ । गरिमामय बन्द छ । यो जस्तो सुनौलो जीवन अरू के हुनसक्ला र । हामीले एकचोटी निधारमा हात हालेर सोचौं त - हो कि होइन ?

तर के गर्नु ? बुद्धि र विवेकले भरिएको जीवन पाएर पनि ? कहिलेकांहीं हामीले यसै जीवनलाई अभिशापमय तुल्याइ नरकको खाडलमा पुर्‍याइराखेका हुन्छौं । हामी जिउँदै नरकमा पुगिरहेका हुन्छौं । न त आफैले आफूलाई सच्याउन सक्छौं हामीले, न त अरूको लागि केही गर्न सकेका हुन्छौं । आफैले आफूलाई पनि तापदिई अरूलाई पनि त्यही तापमा होम्न हामी तत्पर भइरहेका हुन्छौं; यो पृथ्वीको निम्ति भार बनेर । यो कस्तो बिडम्बना हामी मनुष्यको ?

आफूमा सबै छ । मानिसले चिताएमा आँट गरेमा गर्न नसकिने केही छैन । जुन कुरा आजको वैज्ञानिक युगले विज्ञानको आधारमा साबित गरेर देखाइसकेको छ, देखाउँदै छ; र देखाइरहने पनि छ ।

आजका जे जति आविष्कारहरू हाम्रा सामू छन्, भौतिक सुख सुविधाका अनेकौं साधनहरू हामीले पाइराखेका छौं, ती कुनै दैवी-शक्तिद्वारा प्रदत्त होइनन्, सबै मनुष्य प्रदत्त वरदानहरू हुन् । मनुष्यले गरेर नहुने केही छ यहाँ ?



Downloaded from http://dhamma.digital

विश्वका ज्योति, ब्रह्माण्डका शास्ता नेपाल सुपुत्र तथागत बुद्धको सन्देश अनुसार देवता बन्ने क्षमता पनि मानिसमै छ, ब्रह्मा बन्ने शक्ति पनि उसैमा छ। सारा ब्रह्माण्ड संचालन गर्नसक्ने कर ामात पनि उसैको हातमा छ। ईश्वर परमेश्वर कहलाउने शक्ति पनि उसैमा छ। उसले चाहेमा परब्रह्म परमात्मा पनि ऊ नै बन्न सक्दछ।

तै पनि आफ्नो क्षमतालाई ताला लगाई कुण्ठित पार्नखोज्ने कुप्रवृत्तिले गर्दा वरदान दिनसक्ने भएर पनि हामी मनुष्य वरदानलिन पल्की रहेकाछौं; त्यसैमा हामी लट्ठ परिरहेका छौं; त्यसैमा रमाइरहेका छौं। दासत्त्व प्रवृत्तिलाई हटाउन हामी सक्षम भएका छैनौं। नोकर शाही नै हामीलाई मन परिरहेको छ। अर्काको आश भोकै बास भएर बस्न हामी बाध्य भइरहेका छौं। आफ्नै करतूटले आफ्नै ढंगले। हात पसार्नमा नै हाम्रो समय व्यतीत भइरहेको छ; आफ्नै कर्मले।

त्यसैले आज हामीले आफैले आफूलाई राम्रोसित नियालेर हेर्नु परिरहेको छ। अर्काको लहलहैमा मात्र हिंडेर हामीले आफूलाई बिर्सिदिनु भएन। आफ्नो यो अमूल्य जिन्दगी खेरोफाल्नु भएन। आफ्नो मनुष्यत्वलाई जगाउनुपर्यो, जोगाउनुपर्यो; आफ्नो मानवीय गुणलाई सजाउनुपर्यो, फलाउनुपर्यो; फुलाउनुपर्यो र जगमगाउनुपर्यो।

आफूले आफूलाई हामीले सर्वप्रथम चिन्ने प्रयास गर्नुपर्यो। आफ्नो अस्तित्वलाई बचाउनु पर्यो। देखावती क्षणिक रंगमञ्चको रमझममा परेर आँखा चिम्ली हिंडिरहनु भएन। मनुष्य जीवनको मूल्य र मान्यतालाई सम्झिदिनुपर्यो। आफ्नो ज्ञान, बुद्धि र विवेकलाई सम्यक् रूपेण प्रयोगगर्न सिक्नुपर्यो। सजग र सचेत हुनुपर्यो।



Downloaded from http://dhamma.digital

सत्कर्मतिर आफूलाई दोऱ्याउनुपर्यो । दुष्कर्महरूबाट पन्छिनुपर्यो । सम्यक् सोचाइ, सम्यक्संकल्प, सम्यक् चिन्तन, यथार्थ विचारलाई प्राथमिकता दिँदै अन्धकारलाई त्यागी उज्यालोतिर लम्कनुपर्यो । ज्ञानको ज्योति दिब्यचक्षु सृजनागरी आफू पनि उँभो लाग्नुपर्यो; अरूहरूलाई पनि त्यही सच्चा आदर्शको पाठ सिकाउनुपर्यो; सत्य-दर्शनको पाठ पढाउनुपर्यो । त्यसैबाट हामी सच्चा मानवधर्ममा प्रतिष्ठित भई धर्मिष्ठ बन्नसक्ने छौं । कर्तव्यनिष्ठ धर्मात्मा बन्ने छौं । आफूलाई पनि धान्नसक्ने अरूलाई पनि सहारा दिएर तान्नसक्ने । यसैलाई वास्तवमा धर्म भन्दछ ।

बिना धर्म हाम्रो जीवन जीवन बन्दैन । हामी जिउँदै मृतकतुल्य बन्नेछौं । जिएर मर्नु भन्दा मरेर जिउनु मनुष्यको लागि श्रेयस्कर छ । जन्मे पछि जो कोही पनि एक न एकदिन त मर्नु नै पर्दछ । यो संसारको कानूनलाई, रीतलाई कसैले पनि हेरफेर गर्नसक्तैन; तोड्नसक्तैन । त्यसैले सत्यधर्म सत्धर्मको आधार लिएर हामीले जिउन पनि सिक्नुपर्यो, मर्न पनि जान्नुपर्यो । त्यसैमा हामी मनुष्यहरूको कल्याण निहित छ । हाम्रो मनुष्य जीवन सार हुनेछ । तसर्थ हामी मनुष्य बनौं; हामी कर्तव्यनिष्ठ सच्चा धर्मिष्ठ बनौं ।

✿



Downloaded from http://dhamma.digital

# मानवता कि दानवता ?

प्राणी जगतमा मानव प्राणी अत्यन्त उच्चस्थ अवस्थाको जीव हो । यसको अस्तित्व र महत्त्व अन्य कुनै प्राणीहरूसित दाँज्न र तुलनागर्न सकिन्न । हरेक क्षेत्रमा यसको स्थान उच्चस्तरीय छ । आफ्नो अन्तर्निहित क्षमतालाई उजागर गर्नसकियो भने यसले गर्न नसकिने यो संसारमा केही पनि छैन । जुन कुरा आजको युगले प्रमाणित गरेर देखाइसकेको छ । भविष्यको संसारले त के के गरेर देखाउँदै गइरहने छ त्यसको लेखाजोखा कसैले पनि गर्नसक्ने छैन । किनभने मानव मन र मस्तिष्कले प्रत्येक क्षण प्रत्येक पलमा एक न एक नयाँ नयाँ आविष्कार गर्दै गइरहेको हुन्छ । त्यो गति रोकिएको हुँदैन ।

भगवान् बुद्धले भन्नुभएको छ- **"लोकविसयो अचिन्तेय्यो"** अर्थात् "यो संसारको विषयलाई चिन्तनागरेर साध्यहुँदैन । कारण गमनद्वारा यसको अन्तगर्न सक्तैन । चलायमान संसारको अन्त्य कहिल्यै हुँदैन ।

आविष्कार गर्नुभनेको नै एक पछि अर्को नयाँ नयाँ निर्माण एवं उत्पादन गर्दैजानु हो । पहिलेको पुरानो हुन्छ, सेलाएर जान्छ, बिलाएर जान्छ; नयाँ नयाँ जन्मदै जान्छ, उत्पन्न हुँदै गइरहन्छ; आविष्कार हुँदै रहिरहन्छ । मानवको अगाडि फेलापर्नु र नपर्नुमा मात्रै फरकपर्ने हो र मानव मन र मस्तिष्क पनि कहिल्यै नरोकिने गतिशील प्रक्रिया हो । जुन भौतिक प्रक्रियाहरू भन्दा सयौं, हजारौं,



Downloaded from http://dhamma.digital

लाखौं अझ भनौं करोडौं गुणा भन्दा पनि द्रूतगतिले गतिमान रहिरहेको हुन्छ । निरन्तर चलिरहेको हुन्छ । त्यसैले नै मानव मनले यो संसारलाई उथल पुथल पार्नसक्तछ । निर्माणतिर पनि यो सशक्त छ; ध्वंशगर्नेतिर पनि यो प्रबल छ ।

कुन दिशातिर यसलाई दोन्हाउने हो ? त्यसको निर्णय पनि मानवले आफैले गर्नुपर्दछ । उसमाथि आधिपत्य जमाउनसक्ने अन्य प्राणी कोही पनि यो संसारमा छैन । यसको शक्ति अपार छ, अपरम्पार छ ।

मानवले जसलाई सर्वशक्तिमान प्रभुत्वसम्पन्न निर्धारित गरिराखेको छ त्यो पनि त मानवकै मन मस्तिष्कको कल्पना भित्रको उपज नै त हो नि; होइन र । नत्र भने मानवले भने जस्तो, सोचे जस्तो, कल्पना गरे जस्तो मात्र उसले गरिरहने होइन होला नि । उसको अह्राऊ पह्राऊमा नाच्न परिराखेको नै यसको ज्वलन्त उदाहरण र प्रमाण होइन र । त्यो भन्दा माथि पुगेर मानव प्रदत्तशक्ति भन्दा बाहिर गएर उसले पनि त केही गरेर देखाउनुपर्ने थियो । तर खोई, त्यस्तो किसिमको केही असाधारण घटनाहरू यो संसारमा घटिरहेको ।

प्राकृतिक प्रकोपहरू त्यतिकै मच्चिरहेको छ; हिंसा, चोरी, डकैती, लुटमार, अत्याचार, व्यभिचार, भ्रष्टाचार, छलकपट जालझेल आदि आदिहरू; प्राणीमात्रलाई असह्यहुने किसिमका शोक सन्ताप डाह छटपटी गराइने खालका अप्रिय घटनाहरू जघन्य अपराधहरू यो धरतीमा मच्चिराखेकै छन्; रोग भोक पिपाशाहरूले प्राणीमात्र पीडितैछन्; मरणान्तक सास्ति खाएर दुःख भोगेर चित्कार गरिरहेकै छन्; हाहाकारको परिस्थिति भोगिरहेकै छन्; कसैले अहं त्यसको निराकरण गरिदिएको पाइँदैन ।



Downloaded from http://dhamma.digital

त्यसको सट्टामा बरु मानव आफैले त्यसको उपचार सक्दोरूपमा जसो तसो गरिरहेको छ; उपचारको बाटो खोजिरहेको छ। तर..........तर सर्वशक्तिसम्पन्न कसैले पनि "यो गर न" भनी यति मात्र समेत सुभाव पेशगरेको, अर्तिदिएको, समस्या सुल्भाइदिएको, बाटो देखाइदिएको आजसम्म पनि कहीं कतै फेलापरेको पाइँदैन। हरे, यो कस्तो शक्ति हो, त्यो सर्वशक्तिमानको! खोई, सर्वशक्तिमानहरू कहाँ लुकिबसेका छन्! कि त उनीहरू पनि मोजमस्ती मै ब्यस्त छन् कि। हाय! मानव आफैले सबै ठोक गर्नपरिराखेको छ। उसैबाट असल काम पनि भइरहेको छ; खराब काम पनि। अनि उसैबाट राम्रो प्रतिफल पनि निस्किराखेको छ; नराम्रो प्रतिफल पनि। सारा प्रलयको मार पनि उसैको थाप्लोमा बज्रिराखेको छ। अब के भन्ने भन्नुस् त!

जुन मानवमा मानवीय गुण र मानवत्व छ, मानवता जागेको छ, उसबाट असल काम भइराखेको छ, संसारको कल्याण भइराखेको छ। उसको उल्टो जुन मानवमा दानव घुसिराखेको छ उसबाट प्रलयंकारी विध्वंशात्मक क्रियाकलापहरू अगाडि दावानल जस्तै बढिराखेको छ। र त्यसको दुष्परिणाम पनि यो धरतीले भोगिरहनु परिरहेको छ।

मानवता र दानवता दुबै किसिमको स्वभाव पनि मानव मन मस्तिष्कबाट नै उब्जिराखेको छ। त्यसैले आजको संसारमा यदि मानवले साँच्चैको सुखानन्दको प्रतिफल चाहन्छ भने उसले कुचिन्तन, कुदृष्टि, कुभावनाको कारण आफूमा निहित दानव प्रवृत्तिलाई विवेक र बुद्धिको ब्रेक् लगाई रोक्नुपर्‍यो। र सही चिन्तन, सुदृष्टि र सद्भावनालाई अगाडि बढाई आफ्नो मानवत्व तथा



Downloaded from http://dhamma.digital

मानवतालाई जगाई सच्चा मानव बन्नुपर्‍यो । यसैमा उसको मानव स्वरूप जीवित रहिरहने छ र यस विश्व ब्रह्माण्डलाई उसले आफ्नो बनाईराख्न सकिने छ । यसलाई समृद्ध तुल्याई स्वर्ग बनाइराख्न सकिने छ ।

तसर्थ मानवको सबभन्दा महत्वपूर्ण कर्तब्य नै मानवतालाई जोगाइराख्नुमा भरपरिरहेको छ । मानवतालाई जोगाउन के कस्ता साधनहरू जुटाउनुपर्ने माध्यमहरू अपनाउनुपर्ने हो त्यो पनि मानव मन मस्तिष्क मै लुकिराखेको छ । त्यसलाई उसले आफै भित्र अर्नुसन्धान र उत्खनन गर्दै सजगताका साथ ध्यानपुर्‍याई आत्मसातगर्नु र प्रयोगमा ल्याउनु नितान्त आवश्यक छ । यही तथागत सम्यक्सम्बुद्धको पनि महाकरुणायुक्त सन्देश हो ।

यसमा कुनै किसिमको भेदभाव र संकीर्णता लुकिराखेको छैन । चाहे पुरुष होस् या त महिला, जसमा मानवता छ त्यो मानव एवं मानवी हो । जसमा त्यो छैन त्यो दानव एवं दानवी हो ।

खास भन्नुपर्दा यो संसारमा कोही पनि चेतनशील यस्तो प्राणी हुँदैन जसले आफूलाई दानव भन्न रूचाउने हो । अतएव दानवतालाई सदाको लागि त्यागी मानवताले परिपूर्ण मानव बनौं । यही धर्म हो; यही कर्म हो; र यही जीवन जीवनको मूललक्ष्य पनि हो ।

**चिरं तिट्ठतु जिनसासनं ।**

✿



Downloaded from http://dhamma.digital

# असल सन्तान पाउनु कसरी ?

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्णभएका आमाबाबुहरूले छोराछोरीहरूलाई हात दुई औंला काँध दुई इञ्च उमेरदेखि विद्या सिकी उमेरपुगी वयष्कभई मनुष्य संसारमा स्थिर हुन सक्नेगरी ठूलो मैत्रीचित्तद्वारा भरण पोषण लालन पालनगरी संरक्षण प्रदानगरेर आएका हुन्छन् । यसरी भरण पोषण लालन पालनगरी संरक्षण प्रदानगरेर आउनुमा स-साना छोराछोरीहरू ऊपर (५) कारणलाई देखेर) (५) प्रकारका आकांक्षाहरू राखिराखेका हुन्छन् ।–

१. **भतो नो भरिस्सति** = हामी आमाबाबुहरूलाई बदलामा भरण पोषण लालन पालन गरी संरक्षण दिनेछन् ।

२. **किच्चं वा नो करिस्सति**= हामी आमाबाबुहरूको कामकाजलाई फेरी गरिदिने छन् ।

३. **कुलवंसो चिरं ठस्सति**=आमाबाबुहरूको कुलवंशलाई चिरकालसम्म स्थापित हुनेगरी संरक्षण दिनेछन् ।

४. **दायज्जं पटिपज्जिस्सति**= शील र आचरणले पूर्णभई अंशग्रहण गर्नेछन् ।

५. **पेतानं दक्खिणं अनुप्पदिस्सति**=आमाबाबुहरू परलोक भएर जानेबेलामा दान प्रदान गरी पुण्यदान गर्नेछन् । (अं.२-२७)

१. हामी आमाबाबुहरूलाई भरण पोषण लालन पालन गरी फेरि संरक्षण दिनेछन् भनेको–



Downloaded from http://dhamma.digital

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्णभएका आमाबाबुले पछि, गएर आफूहरू वृद्धवृद्धा भई अशक्त हुनेछन् भनी जाने देखेका हुन्छन् । आफूहरूले खानु पिउनुपर्ने खानपान समेत आफू स्वयंले पकाउन नसक्ने, व्यवस्थागर्न असमर्थहुने, आफ्ना लुगाफाटा समेत सफास्वच्छ हुनेगरी धुन नसक्ने, आफ्ना मलमूत्र त्याग्ने कार्य समेत शुद्धस्वच्छ हुनेगरी गर्ननसक्ने रूपमा वृद्ध वृद्धा भएर आउनेछन् भनी जाने बुझेका हुन्छन् ।

यसरी वृद्धवृद्धा भएर आउने बेलामा सानै उमेरदेखि हात दुई औंला काँध दुई इञ्च मात्र भएको अवस्था देखि शिल्पविद्या जानेर मनुष्य संसारमा उभिनसक्ने हुनुसम्म भरण पोषण लालन पालन गरी संरक्षण दिएजस्तै "आमा बाबुहरूलाई पुन: लालन पालनगरी संरक्षण दिने छन्" भनी आकांक्षा राखिराखेका हुन्छन् ।

स्मरणिका - बुबै आमा बाबुहरू; हुने बेला, वृद्धवृद्धा ।
गर्छन् सेवा र सुश्रुषा; ती नै सन्तानहरूले ॥

२. आमाबाबुहरूको कामकाज फेरि गरिदिने छन् भनेको–

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्ण भएका आमाबाबुहरूले पछि गएर आफूहरू वृद्धवृद्धाभई अशक्त हुनेछन् भनी जाने देखेका हुन्छन् । कारण मिलेर जीवित रहेको खण्डमा आफ्ना घरबारका कामहरू शुभ अशुभ कार्यहरू धार्मिक शासनिक कार्यहरू वहन गर्न नसक्नेगरी वृद्धवृद्धा भएर आउने छन् भनी जाने बुझेका हुन्छन् ।

यसरी सामाजिक कामकार्यहरू गर्ननसक्ने स्थितिसम्म वृद्धवृद्धा भएर आउने बेलामा हात दुई औंला काँध दुई इञ्च मात्र



Downloaded from http://dhamma.digital

भएको अवस्थादेखि शिल्प विद्या जानेर मनुष्य संसारमा उभिनसक्ने हुनुसम्म भरण पोषण लालन पालनगरी संरक्षण दिएर आएका छोराछोरीहरूले वृद्धवृद्धा भइसकेका आमाबाबुहरूको घरबारको काम, गाउँघरको काम, धार्मिक शासनिक कामहरूमा आएर सहयोग दिई गरिदिनेछन्' भनी जाने बुझेका हुन्छन् ।

स्मरणिका- **आमाबाबु दुवैहरूमा; गर्नुपर्ने कामकाज; दिन्छन् गरी सहयोग ।**

३. आमाबाबुहरूको कुलवंशलाई चिरस्थायीराख्न संरक्षण दिनेछन् भनेको–

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्णभएका आमाबाबुहरूले "एक न एक दिन आफूहरू निस्सन्देह मर्नुपर्नेछन्" भनी जाने देखेका हुन्छन् । परलोक भएर जाँदा हात दुई औंला काँध दुई इञ्च मात्र भएको अवस्था देखि शिल्प विद्या जानेर उमेर पुगी मनुष्य संसारमा उभिनसक्ने हुनुसम्म भरण पोषण लालन पालनगरी संरक्षण दिएर आएका छोराछोरीहरूले 'आमाबाबुहरूका कुलवंशहरू अध:पतन नहोउन्, चिरस्थायी होऊन् भनी संरक्षण दिनेछन्" भनेर पनि आकांक्षा राखिराखेका हुन्छन् ।

स्मरणिका- **कुलवंश चिरस्थायी; गर्छन् ती सन्तानले ।**

आमाबाबुहरूका कुलवंश दुई प्रकारका छन्-

(क) भौतिक उन्नति वृद्धि भन्ने कुलवंश

(ख) आमाबाबुहरूद्वारा प्रतिस्थापित धार्मिक शासनिक कुलवंश ।

(क) कुलपुत्र कुलपुत्रीहरूले आमाबाबुहरूले गरेर गएका



Downloaded from http://dhamma.digital

सम्यक् आजीविका क्रियाकलापहरूलाई अध:पतन नहुनेगरी, चिरस्थायी हुनेगरी संरक्षण दिनुपर्दछ। आमाबाबुहरू व्यापारी भएमा व्यापारिक श्रेणीहरू अध:पतन नहुनेगरी, चिरस्थायी हुनेगरी संरक्षण दिनुपर्दछ। आमाबाबुहरू सरकारी कर्मचारीहरू भएमा कर्मचारी श्रेणी अध:पतन नहुनेगरी, चिरस्थायी हुनेगरी संरक्षण दिनुपर्दछ।

(ख) कुलपुत्र कुलपुत्रीहरूले आफ्ना आमाबाबुहरूले प्रतिस्थापितगरी पूजा गरेर गएका विहार, मन्दिर, चैत्य र त्यहाँको व्यवस्थापन सम्बन्धी व्रतहरूलाई भंग नहुनेगरी खलल नहुने गरी चिरस्थायी हुनेगरी आफ्ना सम्पत्ति र शक्तिको गच्छे र सामर्थ्य अनुसार संरक्षण दिनुपर्दछ।

४. शील र आचरणले पूर्णभई अंशग्रहण गर्नेछ भनेको-

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्णभएका आमाबाबुहरूले "एक न एक दिन आफूहरू निस्सन्देह मर्नेछन्' भनी जाने देखेका हुन्छन्। आफूहरू परलोक भएरजाँदा जीवनभर खोजीनीति गरी कमाएर गएका धनसम्पत्ति रत्नहरूलाई हात दुई औंला काँध दुई इञ्च मात्र भएको अवस्थादेखि शिल्प विद्या जानेर उमेरदारभई मनुष्य संसारमा उभिनसक्ने हुनुसम्म भरण पोषण लालन पालनगरी संरक्षण दिएर आएका छोराछोरीहरूले "शील र आचरणले पूर्णभई अंशग्रहण गर्न सक्नेछन्" भनी आकांक्षा पनि राखिराखेका हुन्छन्।

**स्मरणिका– भएर योग्य अंशियारी, अंश ग्रहण गर्नेछन्।**

अंश ग्रहणगर्न योग्य छोराछोरीहरू (३) प्रकारका छन्–

(क) अतिजातपुत्र-आमाबाबुहरू भन्दा माथि उठ्ने छोराछोरीहरू
(ख) अनुजातपुत्र-आमाबाबुहरू समान भएका छोराछोरीहरू



Downloaded from http://dhamma.digital

(ग) अवजातपुत्र-आमाबाबुहरूभन्दा तल्लो जातका छोराछोरीहरू ।

(क) अतिजातपुत्र आमाबाबुहरू भन्दा माथि उठ्ने छोरा छोरीहरू भनेको–

जुन छोराछोरीहरू भौतिक जीवन सम्बन्धी आर्थिक उन्नति जीवन यापन सम्बन्धी ज्ञान बुद्धिद्वारा पनि आमाबाबुहरू भन्दा माथि उठी जान्ने सुन्ने हुन्छन्, लोकोत्तर सम्बन्धी धर्म क्षेत्रपट्टी शील, समाधि प्रज्ञाद्वारा पनि आमाबाबुहरू भन्दा बढी सम्पन्न हुन्छन् । ती छोराछोरीहरू अतिजातपुत्र=आमाबाबुहरू भन्दा माथि उठ्ने खालका छोराछोरीहरू हुन् ।

(ख) अनुजातपुत्र = आमाबाबुहरू समान भएका छोराछोरीहरू भनेको–

जुन छोराछोरीहरू भौतिक जीवन सम्बन्धी आर्थिक उन्नति जीवन यापन सम्बन्धी ज्ञान बुद्धिको क्षेत्रमा आमाबाबुहरू समान नै हुन्छन् । लोकोत्तर सम्बन्धी धर्म क्षेत्रपट्टी पनि आमाबाबुहरू समान हुन्छन् । ती छोराछोरीहरू अनुजातपुत्र=आमाबाबुहरू समान भएका छोराछोरीहरू हुन् ।

(ग) अवजातपुत्र = आमाबाबुहरू भन्दा तल्लो श्रेणीका छोरा-छोरीहरू भनेको–

जुन छोराछोरीहरू भौतिक जीवन सम्बन्धी आर्थिक उन्नति जीवन यापन सम्बन्धी ज्ञान बुद्धिको क्षेत्रमा पनि आमाबाबुहरू जति जान्ने सुनेका हुँदैनन्, दक्ष हुँदैनन् । लोकोत्तर सम्बन्धी धर्मक्षेत्रपट्टी पनि आमाबाबुहरू जति सम्पन्न हुँदैनन् । तल्लो तहमा हुन्छन् । ती छोराछोरीहरू अवजातपुत्र=आमाबाबु भन्दा तल्लो श्रेणीका छोराछोरीहरू हुन् ।



Downloaded from http://dhamma.digital

यी ३ - प्रकारका छोराछोरीहरू मध्ये शीलमा बाहेक अन्य भौतिक र आध्यात्मिक दुबै क्षेत्रहरूमा आमाबाबुहरू जति सम्पन्न नभए तापनि शीलाचरणले सम्पन्न भएमा अंशभागी हुन योग्य छोराछोरीहरू नै हुन् । परप्राण हननगर्नु, परसम्पत्ति चोर्नु आदिद्वारा शीलाचरण निकै बिग्रिराखेका छन् भने अंशभागी हुनअयोग्य छोराछोरीहरू नै हुन् । यस्तो नभइकन शीलाचरणले सम्पन्नभई अंशभागी हुनसक्ने होऊन् भनी प्रज्ञावान् आमाबाबुहरूले छोरा-छोरीहरू ऊपर आकांक्षा राखिरहन्छन्- भन्ने तात्पर्य हो ।

५. आमाबाबुहरू परलोक हुँदा दान प्रदानगरी पुण्यदान गर्नेछन् भनेको –

बुद्धि विवेक ज्ञान प्रज्ञाले पूर्णभएका आमाबाबुहरूले बहुकृत्य भएको गृहस्थाश्रममा बस्नु परेको भएर धर्म पूर्णहुने गरी उद्योग गर्ननसक्ने भएकोले परलोकजाँदा हीन नीचकुलमा भवभूमिमा पुग्नसक्ने छन् भनी जाने देखेका हुन्छन् । यदि मरणासन्न अवस्थामा धर्मको आलम्बनगर्न नसक्नाको कारणले हीन नीच भवभूमिमा पुग्न गएको खण्डमा शिशु कालदेखि वयस्क हुनुसम्म भरणपोषण लालन पालनगरी संरक्षण दिएर आएका छोराछोरीहरूले 'परलोक भएर गएका आमाबाबुहरूको निमित्त दान प्रदानगर्नु आदि कुशलहरू सम्पादनगरी पुण्यदान दिनेछन्' भनी आकांक्षा पनि राखिरहन्छन् ।

स्मरणिका - **परलोक भएको बेला; दिएर दान दातव्य, गर्नेछन् पुण्यदान ।**

प्रज्ञावान् आमाबाबुहरूले राखिरहेका ५-आकांक्षाहरूलाई नै सिङ्गालोवाद सुत्तमा छोराछोरीहरूको ५ कर्तव्य व्रत" भनी भगवान् बुद्धले नियमित गरेर उपदेश दिएर जानुभएको हो । यो



Downloaded from http://dhamma.digital

आमाबाबुहरूको ५-प्रकारको आकांक्षा भन्ने छोराछोरीहरूको ५ कर्तव्य व्रतहरूले सम्पन्न भएका कुलपुत्र कुलपुत्रीहरूले वर्तमान जीवनमा पनि शारीरिक सुख र मानसिक सुख एवं लौकिक लोकोत्तर दुबै प्रतिफल धर्महरूलाई वृद्धि हुनेगरी कर्तव्य वहनगर्न सक्नेछन् । पछिल्ला जन्महरूमा पनि साधु सन्त आमाबाबुहरूसंग भेट्नपाई लौकिक लोकोत्तर दुबै प्रतिफल धर्महरू वृद्धि हुनेगरी कर्तव्य वहनगर्न सकिने छन् । निर्वाण सुखतिर पुगुञ्जेलसम्म विभिन्न कुशल प्रतिफल सुखानन्द अनुभवगर्न पाउनुपर्दछ ।

- सद्धम्मरंसी यैता सयादो

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बुद्धधर्ममा द्वन्द समाधान विधि

आज विश्वका प्राय: जसो राष्ट्रहरूमा, देशहरूमा, ठाउँहरूमा हिंसा, झैं-झगडा, कलह, युद्ध, अशान्ति, काटमार, लुटपाट, जस्ता आतंक मच्चिरहेको छ। भयाक्रान्त अवस्थामा मानिस बाँचिरहनु परिरहेको छ। कहीं कतै अहिंसाको झलक शान्तिको आभास झ-झल्किएको पाईंदैन। एक अर्काप्रति द्वन्द, संशय, आशंका, अन्धविश्वास, वैमनस्यता, द्वेष, क्रोध, आघात, आक्रोशले ठाउँ ओगटिरहेको छ। स्नेह माया, ममता, सहिष्णुता, दया, क्षमा, सहनशीलता, मैत्री, करुणा, छचल्किनुको सट्टामा, जगाउनुको ठाँउमा क्रूरता, बर्बरता, अ-सहिष्णुता, रिस-राग, हिंसा, बदला, ईर्ष्या, जलन, कठोरता, छल-कपटको भावना बढ्दै गइरहेको छ। कसैले कसैमाथि सद्भावना सहानुभूति, मित्रता, प्रसन्नता, सौहार्द्रता, आत्मियता, कोमलता प्रदर्शनगर्न सकिएको विरलै मात्र पाइन्छ। हसंमुख अनुहार समेत देख्न मुश्किल भईसकेको भान हुन्छ। सबैजसोको निधार खुम्चिएको, तनावग्रस्त, भृकुटी कस्सिएको तन्किएको, दन्किएको जस्तो देखापर्दछ। यसको प्रभाव अरू-अरू राष्ट्र, देश, ठाउँहरूमा जस्तै हाम्रो राष्ट्र, हाम्रो देश, हाम्रो ठाउँमा पनि त्यतिकै हावी हुँदै गइरहेको देखिन्छ। यसको कारण के होला ?

शान्तिको प्रणेता, शान्तिनायक, शान्तिको पक्षपाती, शान्तिको पूजारी भगवान् गौतम बुद्ध जन्मेको, जन्माएको यो देश नेपाल। शान्तिक्षेत्र बन्न उत्सुक यो देश। शान्तिको ज्योति निरन्तर



Downloaded from http://dhamma.digital

बालिरहन प्रयासरत रहेको यो देश। अहिंसाको बोलबाला मच्चिएको यो देश । शान्तिको ठूलो नारा कानै फुट्ला जस्तो घन्किरहेको बुलन्द भइरहेको यो देश । तर खोइ त यहाँ अहिंसाको रूपरेखा, शान्तिको शीतल छाँया। साँच्चै भन्ने हो भने अहिंसा र शान्ति एक अर्काको पूरक पक्षहरू हुन् । अहिंसा विना शान्ति खप्न सक्तैन, शान्ति विना अहिंसा पलाउन पाइँदैन। तर विडम्बना, आज, यो देश रगतको खोलो बग्ने देश हुनगइरहेको छ । आफ्नै देशका सन्तान दाजुभाई, दिदी-बहिनी, बाल-बालिका, तरुण-तरुणी, युवा-युवती, बाबु-बाजे, मुमा बज्यैहरूको न्यानो तातो रातो रगतको धब्बा लागेको देश हुनपुगेको छ । सारा विश्वका मानिसहरूको हृदय पटलमा शान्त, स्वच्छ, सुन्दर रमणीयरहेको यो देश आज भ्रान्त, आक्रान्त, अशान्त, अमनोरम हुनपुगेको छ । भयावह, स-शंकित, असुरक्षित, आतंकित हुनपुगेको छ। किन होला ?

यहाँनिर अहिंसा र हिंसा शब्दको विषयमा पनि केही चर्चागर्नु सान्दर्भिक हुन्छ जस्तो लाग्छ। अहिंसा अ+हिंसा दुई शब्द जोडेर बनेको शब्द हो। "अ" प्रतिषेध अर्थवाची हो "न" जस्तै, न हिंसा अहिंसा । हिंसामा हिंस धातु आ प्रत्यय जोडिएको छ । हिंस धातुको अर्थ पालि व्याकरण अनुसार हिंसागर्ने अर्थमा व्यक्त छ । हिंसा भन्नाले पौरुष वचनद्वारा अरूलाई पीडा दिनु दण्डादिद्वारा मार्नु, पिट्नु, चोट्पटक पुऱ्याउनु, हत्यागर्नु, शारीरिक मानसिक यातनादिनु, सास्ति गर्नु आदि जम्मै यसै भित्र समावेश भएका हुन्छन्। आफूलाई पनि अरूलाई पनि कष्ट पुऱ्याउनु दुःखदिनु हिंसाको स्वभाव हो। रगत चुसेर दुखाइदिनु पनि हिंसा नै कहलाइन्छ। नाश गरिदिनु विनाश पारिदिनु पनि हिंसा नै हो। हिंसा भइरहेको बेलामा पनि भइसकेको बेलामा पनि यसले हानि नोक्सानी पुऱ्याइराखेकै हुन्छ । हात गोडा, लट्ठी, दण्डी आदि प्रयोगगरी



Downloaded from http://dhamma.digital

हिर्काउनु, हान्नु, लात्मार्नु, लछ्यार पछ्यारगर्नु, सिंगले हान्नु र शारीरिक यातनादिनु, गलाघोट्नु, पिस्तोल बन्दूक आदिले हान्नु, बलात्कारगर्नु, खुकुरी आदिले काट्नु, टाउको आदि छिनाउनु, जबर्जस्ति अन्याय पूर्वक बल प्रयोगगर्नु, आतंकितपार्नु, हमलागर्नु यी सबै नै हिंसा हुन् ।

यी अमानवीय पाशविक व्यवहार क्रियाकलापहरूलाई त्यागी जब मानिस दण्डविधान, शस्त्र अस्त्र विधानबाट अलग्गिएको हुन्छ, मारकाट घाट-प्रत्याघातमा संलग्न हुँदैन, तब त्यसलाई अहिंसाको संज्ञा दिन सकिन्छ । "न हिंसतीति अहिंसा" जसले शरीर, वचन र मनले हिंसा गर्दैन, जसमा हिंसा गरिने चेतना छैन । जसमा अहिंसावर्द्धन स्वभाव मात्र छ, त्यो व्यक्ति नै साँच्चिको अहिंसक भन्न सुहाउँछ, उसमा अहिंसा पलाएको छ भन्न मिल्छ ।

अहिंसा गुणात्मक अथवा भावात्मक शब्द हो । यो अन्तस्करणमा पलाउने र प्रस्फुटित हुने सद्‌गुणपूर्णशुद्ध चरित्र हो । यसको विकासको लागि हामीले भित्री हृदय देखी नै सच्चरित्रताको अभ्यास गर्नुपर्दछ । आफ्नो मनस्थितिलाई दिगो, दरिलो र मजबूतपार्न दीर्घकालीन अभ्यास चाहिन्छ । रीसराग, ईर्ष्या-क्रोध, द्वेष-आक्रोस, बदलाको भावना, आघात, कुण्ठा, म्रक्ष, शठता, कुटिलता, आदि यी मानसिक दुर्गुण र दुर्बलताहरूलाई हटाई क्षान्ति, दया, क्षमा, धैर्य, मित्रता, करुणा, परोपकारिता, सद्‌भावना, सहिष्णुता, आत्मियता, भ्रातृत्व, अपनत्व, त्याग, उदारता, सहनशीलता, इमान्दारिता आदि मानसिक सद्‌गुणहरू र दृढ सन्तुलित मानसिक क्षमतालाई सतत सचेत गराई निगरानी राखी उत्पादन गराउनुको साथै त्यसमा अभ्यस्त भएर पनि रहनु अति आवश्यक हुन्छ ।

यदि त्यस किसिमको मानसिकतालाई सबल पारेर सक्षम तुल्याइराखेको छैन भने कारण नजुधेसम्म त आफू अति नै



Downloaded from http://dhamma.digital

क्षमाशील, दयावान्, मैत्रीपूर्ण, धैर्यधारी, सहनशील, धर्मात्मा ठानि राखिने भएता पनि जब त्यस्तै कारण र घटनासित सामना गर्नुपर्ने अवस्था आउँछ तब आफू पराजित भएर बस्नुपर्ने स्थितिमा पुगिहाल्दछ । अहिंसाको पक्षपाती हुँदाहुँदै पनि आखिरमा बाध्यतावश हिंसाको क्षेत्रतिर धकेलिन पुगिन्छ र चाही नचाहिकन पनि आतंक र बर्बरतालाई अपनाउनुपर्ने स्थिति आइलाग्दछ । यस्तो स्थितिमा मैले के नै गर्नसक्छु र । यस्तै परिस्थितिको सृजना भइहाल्यो क्यार । भनेर गुनासो पोख्नु तोहपार्नु बाहेक अर्को केही उपाय गर्ने बाटो सुल्झिदैन । कमजोर मानसिकता र अनभ्यस्त चरित्रताको परिचय नै यही हो ।

साँच्चिकै, यो देश हाम्रो नेपाल विभिन्न दृष्टिकोणले सही रूपमा शान्तिक्षेत्र नै हुनुपर्ने देश थियो र छ पनि । शान्तिक्षेत्र बन्न यो देशमा के को कमी थियो र ? तै पनि आज यो देश भ्रान्तिपूर्ण र हनगयो । यस्तो हुनुमा दोष कस्को ? जिम्मेवारी को नि त ? व्यक्ति विशेष नै हो कि अथवा अन्य कुनै रहस्यपूर्ण कारण रहेको छ ? यदि व्यक्ति विशेष नै हो भने त्यो व्यक्ति को नि त ? वास्तवमा कुनै एकजना व्यक्ति विशेषलाई दोषीको रूपमा औंल्याउन सजिलो हुँदैन । हुन पनि सक्तैन । किनभने यस भित्र व्यक्ति नभई कसैको भावना लुकेको हुन्छ । संकल्प लुकेको हुन्छ, विचार लुकेको हुन्छ, चिन्तन मनन प्रणाली लुकेको हुन्छ, व्यक्तिको तर्कनाले लुकामारी खेलिराखेको हुन्छ, धारणा लुकेको हुन्छ, सोचाइ लुकेको हुन्छ, अनि हुन्छ दृष्टि लुकेको । जब मानिसको संकल्प मिथ्या हुन्छ, भावना गलत हुन्छ, विचार चिरिएको हुन्छ, चिन्तन मनन प्रणाली भिन्न खालको हुन्छ, तर्कनाले मिथ्या रूप लिएको हुन्छ, तब धारणा पनि मिथ्या हुन्छ, सोचाइ ठीक ठाउँमा हुँदैन, अन्तर्मनले हेर्ने दृष्टि



Downloaded from http://dhamma.digital

बाँगिएको हुन्छ । दृष्टि बाँगिए पछि उनको दर्शन ठीक ठाउँमा रहँदैन । भुलभुलैयामा पर्नजान्छ, भ्रमात्मक हुन्छ । विपर्यासले भरिएको हुन्छ । त्यो बेला असारलाई सार र सारलाई असार भनेर लिने गर्दछ । मिथ्यासंकल्पलाई गौचरण बनाउने त्यो व्यक्तिको मनले कहिल्यै सारको पत्ता लगाउनसक्तैन । खोक्रोलाई ठोस सम्झन्छ । खालीलाई भरिएको ठान्दछ । बिग्रेकोलाई सप्रेको मान्दछ । बाटोमा गुट्मुटिराखेको डोरीलाई साँप सम्झन्छ । अँध्यारोमा झारपातको थुम्कोलाई हात्ती सम्झन्छ । खेतमा ठड्याइराखेको बुँख्याक्लाई साँच्चिको मान्छे ठान्दछ । मृगतृष्णालाई साँच्चिको पानी सम्झन्छ । केराको बोटलाई अगराठको खम्बा सम्झन्छ । फलामे दण्डीलाई सुकेको काठ सम्झन्छ । सही के हो छुट्याउन सक्तैन । आजकलको नक्कली प्लाष्टिकको चीजबीज फलफूलहरू जस्तै । कुन सक्कली हो कुन नक्कली हो छुट्याउन नै गाऱ्हो ।

त्यस्तै किसिमको स्थितिले गर्दा आज यो देशको अवस्था नाजुक भइराखेको स्पष्ट छ । जे जति मिथ्यासंकल्पहरू छन्, ती जम्मै नेतृत्ववर्गको मनमस्तिष्कमा भरिराखेको जस्तै भानहुन्छ । किनभने जे जति समस्याका मूलकारणहरू छन् ती जम्मै उनीहरूले आ-आफ्ना मन मस्तिष्कमा थुपारिराखेका देखिन्छन् । स्वार्थपरायणता, अहंकार, अ-सहिष्णुता, असामंजस्यता, अकर्मण्यता, अनुदारता, असद्भावना, एकता भावनाको अभाव, पृथक्तावादिता, कुण्ठितपन, हिंसात्मक प्रतिक्रिया, क्रूरता, निर्दयिता, सम्मोह, पदलोलुपता, असमानता, अधिकार लोलुपता, व्यापाद, शस्त्रास्त्रको होड्बाजी, शस्त्रास्त्रको दुरुपयोग, दुष्कर्म प्रति लज्जा शर्मको अभाव, मिथ्या जीविका, असमान वितरण, अधिकारको दुरुपयोग, अविश्वसनीयता, शंकालुपन आदि इत्यादिले गर्दा उनीहरूको मनमस्तिष्कले



Downloaded from http://dhamma.digital

वास्तविकताको दर्शन गर्नसकेको देखिंदैन । जुन गलत धारणा र मिथ्या सोचाई लिएर उनीहरू रमाइरहेका छन्, त्यसबाट छुट्कारा पाउँन नसकेसम्म यो भयावह स्थितिबाट कोही पनि कहिल्यै मुक्त हुनसक्ने छैनन् र प्रतिकूल वातावरणमा नै उनीहरू हुर्किरहने छन् । त्यसैलाई आफ्ना जीवनका लक्ष्य मानी रहनेछन् । मार्नु मर्नु बाहेक उनीहरूको सोचाइमा अरू केही हुने छैनन् । जसको फलस्वरूप यो देशको स्थिति यस्तै प्रकारले गुज्रिरहनुपर्ने हुनेछन् ।

यो स्थितिबाट मुक्ति पाउन उनीहरूले सर्वप्रथम सम्यक्-संकल्पको गौचरणगर्नु आवश्यक छ । अनि मात्र उनीहरूको तर्कना, विचार, चिन्तन मनन, सोचाई, धारणा, दृष्टि सही हुनपुग्नेछन् । दृष्टि सही भएमा मात्र यथार्थ दर्शन उनीहरूमा उप्केर आउनेछन् । जसबाट माथि उल्लिखित सम्पूर्ण विकारहरूबाट उनीहरूको मनस्थिति बसमा आउँनेछन् र सही वस्तुस्थितिलाई पत्ता लगाउन सक्षम हुनेछन् ।

त्यस पछि जब उनीहरूले आफ्नो अन्तस्करण शुद्ध स्वच्छ, निर्मल र परिशुद्ध पार्नचाहने छन्, तब त्यसबेला उनीहरूले पुरानो अकर्मण्य भावनाको परिवर्तनगर्न उदारता, नैतिकता, त्याग, विवेकशीलता, प्रयत्नशीलता, सहनशीलता, क्षान्ति, धैर्य, सत्य, दृढ निश्चयता, मित्रता, समता, सन्तुलनताको अभ्यासगर्दै निस्वार्थता, कोमलपन, सहिष्णुता, सामंजस्यता, कर्मण्यता, अनुशासन, सम्यक्संकल्प, अनुकूल विचार, प्रमुदितता, सद्भावना, एकता, अहिंसात्मक विचार, दया, असम्मोह, समानता, कर्तब्य परायणता, अद्वेष अक्रोध, शस्त्रास्त्रको सही नियन्त्रण, सम्यक्जीविका, समान वितरण, विश्वसनीयता, सही निर्णय, आदि जस्ता सद्गुणहरू प्रयोगमा ल्याई सन्तुलित अवस्थाको वातावरण सृजना गर्नसक्नेछन् ।



Downloaded from http://dhamma.digital

त्यो बेलामा मात्र यथार्थमा द्वन्दात्मक समस्याको निराकरण भई शान्ति, सुख, अमनचयनको सृजना यो ठाउँमा हुनसक्नेछन्। अन्यथा त्यो जस्तोसुकै प्रयत्न गरेता पनि सम्भवहुने छैन। किनभने उपर्युक्त भावनात्मक गुणहरू अन्तस्करणमा प्रस्फुटित नभईकन उनीहरूको क्रियाकलाप शुद्ध, स्वच्छ, निष्कलंकित दागरहित हुनै सक्तैन। मैत्री पूर्वगामी, काय, वची मनोकर्मको कार्यन्वयन विना हिंसा, मारकाट, लुट्पिट् आतंक शमन होला, शंकास्प्रद नै हुन्छ। यी स्वच्छ छबिले युक्त क्रियाकलापहरू सबल तुल्याउन दृढ निश्चयता, सतत जागरूकता, निरन्तर पराक्रम स्थिर स्वच्छ समाधियुक्त मनस्थिति र निरीक्षण, परीक्षण, सुपरीवेक्षण, यथार्थ दर्शन उपलब्धि विना सम्भव हुँदैन।

माथि उल्लेखित अवगुणहरूलाई त्यागी सद्‌गुणहरूलाई नेतृत्ववर्गका प्रत्येक ब्यक्तिले एक-एक गरी आत्मशात गरेर अहिंसालाई साकार तुल्याएर कार्यन्वयनगरी कार्यक्षेत्रतिर अगाडि बढेको खण्डमा त्यो-त्यो ब्यक्तिले आफूले आफूलाई सहीढंगले कसरी माया गर्नुपर्दछ, पर्दोरहेछ भन्ने कुरा सजिलै बुझ्नेछ र सहीढंगले उसले आफूलाई पनि माया गर्दै अगाडी बढ्ने छ। जुन ब्यक्तिले साँच्चिकै आफूले आफूलाई मायागर्न जानेको छ, त्यो ब्यक्तिले अरूलाई पनि सहीढंगले मायागर्न जानेकोहुन्छ। आफूले आफूलाई सहीढंगले मायागर्नु भनेको तृष्णा र अज्ञानता (अविद्या) लाई अंगालो मारेर होइन बल्कि श्रद्धा र प्रज्ञालाई काखी च्यापेर मायागर्न जान्नुपर्छ। नत्र भने त्यो माया, माया नभइकन अभिशाप बन्न पुग्दछ। त्यसो भयो भने त्यो ठूलो विडम्बना नै हुनजान्छ।

साँच्चिकै मायागर्ने ब्यक्तिले आफूले आफूलाई खाल्डोमा पुर्‍याउने काम कुनै हालतमा पनि गर्नेछैन। किन कि उसको लागि



Downloaded from http://dhamma.digital

यो संसारमा आफू भन्दा प्यारो अरू कसैलाई उनले देख्नै सक्तैन । यो संसारमा आफ्नो लागि आफु भन्दा प्यारो अरू केही पनि हुनै सक्दैन । अरूलाई जति सुकै प्राण भन्दा प्यारो गर्छु भनेता पनि वास्तवमा त्यो आफूलाई नै औंल्याउन खोजेको हो । प्राण भन्दा पनि प्यारो गर्छु भनेर अरूलाई मायागरेको के को लागि ? आफ्नै ईच्छा, आकांक्षा र वासनालाई तृप्त पार्नको लागि नै त होनि । होइन र ! त्यसैले त भगवान् बुद्धले पनि "**नत्थि अत्तसमं पेमं** = अर्थात् आफू जस्तो प्रियलाग्ने अरू कोही छैन" भनेर स्पष्ट रूपमा व्यक्तगर्नु भएको । जसले साँच्चिकै आफूलाई असीम मायागर्छ उसले त सधैंभरी आफूलाई सुखदिने शान्ति दिने, आनन्ददिने काम मात्रै गरेको हुनुपर्छ । त्यसको विपरीत खालको काम गऱ्यो भने त सुखको सट्टामा दु:खको परिणाम मात्र निस्किहाल्छ । त्यस्तो दु:खद परिणाम आफूले रुचाएको परिणाम हुनै सक्दैन । त्यो माया पनि साँच्चिको माया हुनैसक्तैन ।

त्यस कारण जसले सहीढंगले आफूले आफूलाई मायागर्न जान्दछ, त्यसले अरूलाई पनि आफू जस्तै ठानी जब साँच्चिको मायादिन लाग्दछ, त्यो सुखदपूर्ण माया नै हुनुपऱ्यो । अतएव अरूलाई सुखदिन चाहने व्यक्तिले सर्वप्रथम आफूले आफूलाई सहीढंगले मायागर्न सिक्नुपर्दछ । जसरी आफूले आफूलाई सही सलामत मायागर्ने व्यक्तिले निस्वार्थ भइकन आफूले आफूलाई माया दिन खोज्ने हो, त्यसरी नै अरूलाई पनि मायादिन लागेको खण्डमा द्वन्दात्मक समस्या उठ्ने कुरै आउँदैन र सजिलैसित त्यो समस्याको समाधानहुन पुग्दछ । त्यसैले भगवान् बुद्धले "आफूलाई नमूनाको रूपमा अगाडी राखी कसैको हत्या पनि नगर, घात पनि नगर" भनी उपदेश दिइराख्नु भएको । यो कुरालाई आत्मशात गर्नसकेको खण्डमा हिंसात्मक प्रतिक्रिया बन्दहुन



Downloaded from http://dhamma.digital

गई द्वन्दात्मक समस्या पनि समाधान हुनसक्ने कुरामा द्विविधा संशय गरिरहनुपर्ला जस्तो लाग्दैन ।

यसै सन्दर्भमा केही बुद्ध-वचनहरू उल्लेखगर्नु सधैंभरी चिन्तन मनन र अभ्यास गरिराख्नुको निमित्त पनि नितान्त आवश्यक देखिन्छ । बुद्ध-वचनहरू यस प्रकार छन् :-

"त्यस्तो कामगर्नु सम्रो हुँदैन, जुनकामले गर्दा गहभरी आँसु पारेर पश्चाताप लिनुपर्ने हुन्छ । दुष्परिणाम पनि नराम्रो रूपले भोगिरहनुपर्ने हुन्छ ।"

"एउटा शत्रुले एउटा वैरीले जस्तो किसिमको हानी-नोक्सानी पुऱ्याउँदछ, त्यो भन्दा पनि सयौं हजारौं गुणा बढी हानी-नोक्सानी गलत मिथ्या तरीकाले प्रयोग गरिराखेको आफ्नो चित्तले पुऱ्याउँदछ ।"

"त्यस्को विपरीत राम्ररी सहीढंगले प्रयोगमा ल्याइराखेको राम्ररी सही तरीकाले दोऱ्याइराखेको आफ्नो चित्तले आमा-बाबु ज्ञातिबन्धु समेतले दिन नसकिने श्रेष्ठोत्तम सुपरिणाम दिलाउन सक्दछ ।"

"हामी वैरीहरूको माझमा अवैरी भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं । वैरभावयुक्त मनुष्यहरू प्रति अवैरभाव जगाई हामी विहार गर्नेछौं ।"

"हामी राग द्वेषादिले आतुर भइराखेका व्यक्तिहरू बीच आतुर ता रहित भई अत्यन्त सुख पूर्वक बाँचिरहने छौं । आतुरयुक्त व्यक्तिहरू प्रति अनातुरभाव जगाई हामी विहार गर्नेछौं ।"

"हामी ईर्ष्याभिभूत व्यक्तिहरूबीच ईर्ष्या रहित भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं । ईर्ष्याभावयुक्त व्यक्तिहरूप्रति ईर्ष्याविहीनभाव जगाई हामी विहार गर्नेछौं ।"



Downloaded from http://dhamma.digital

"जबसम्म कसैले प्राणीहिंसा गर्दछ, तबसम्म त्यो व्यक्ति आर्य (श्रेष्ठ) उत्तम व्यक्ति कहलाइन्दैन । सबै प्राणीहरूप्रतिको अहिंसा नै "आर्य" भनाउनसक्ने गुण हो ।"

"सुखापेक्षी सत्त्वहरूले आ-आफ्नो सुखको गवेषणगरी यदि दण्डद्वारा हिंसा गर्दछन् भने ती सत्त्वहरूले पछि सुख पाउँने छैनन् ।"

"सुखापेक्षी सत्त्वहरूले आ-आफ्नो सुखको खोजीनितिगरी यदि दण्डादिद्वारा हिंसा गर्दैनन् भने त्यस्ता सत्त्वहरूले पछि सुख पाउँने छन् ।"

"यो संसारमा साराका-सारा प्राणीहरू दण्ड देखी तर्सिन्छन्, मृत्यु देखि भयभीत हुन्छन्, तसर्थ आफैले आफैलाई उदाहरणको रूपमा अगाडि राखी कसैको हत्या पनि नगर, घात पनि नगर ।"

"यो संसारमा साराका-सारा प्राणीहरूलाई आ-आफ्नो जीवन प्यारो लाग्छ । तसर्थ आफैले आफूलाई साक्षीराखी कसैको हत्या पनि नगर, घात पनि नगर ।"

यी माथि उल्लिखित बुद्धवचनहरूलाई जान्न-बुझ्न सम्झन आफैलाई अगाडि साक्षीको रूपमा प्रस्तुत नगरिकन सम्भव छैन । जबसम्म अरूको दु:खदर्द पीडा मर्कालाई आफैले प्रत्यक्ष अनुभव गरेको हुँदैन, तबसम्म अर्काको घाउ कति कष्टदायी छ भन्ने कुरा ख्याले हुँदैन । गोरुको घाउ कौवाले थाहा न पाउँने जस्तै अर्काको घाउ दु:ख दर्दलाई त त्यसै-त्यसै हावामै उडाइ दिन्छन्, मानिस भनाउँदाहरूले । आफूलाई सियोले घोचेकोलाई असह्य सम्झने व्यक्तिहरूले अरूलाई खुकुरीले हान्नुलाई खेलवाड र हाँसीखेली सम्झन्छन् यी मानिस भनाउँदाहरूले । आफ्नो सानो-तिनो



Downloaded from http://dhamma.digital

समस्यालाई भने तीलको ताड सम्झने अरूको मरणान्तिक वेदनालाई भने नगण्य ठान्ने बानी छन् यो संसारमा । किनभने स्वार्थले उनीहरूलाई अन्धो तुल्याइराखेको हुन्छ । भुक्तभोगीले मात्र त्यसको मर्म बुझ्नसक्छ । त्यसैले भगवान् बुद्धले आफूलाई नै साक्षी स्वरूप अगाडि प्रस्तुत गर्नुपर्ने कुरा व्यक्त गरिराख्नु भएको हो । यो कत्तिको महत्वपूर्ण कुरा हो, सबैले बुझिदिनु परेको छ । महसूस गरिदिनु परेको छ । जसले यसलाई बुझ्दछ, महसूस गर्दछ, त्यसैले हिंसाको वास्तविकता र अहिंसाको सत्यतालाई थाम्नसक्ने हुन्छ । त्यसैबाट अहिंसाको महत्वबोध हुनजान्छ । जिब्रोको टुप्पोमा मात्र "अहिंसा परमो धर्मः" अल्झिराखेको छ । तर वास्तविकता चाहिं त अर्कै भइराखेको छ । यो सुल्टोको उल्टो स्वभावलाई यो धरतीका मानिस भनाउँदाहरूले कहिले सच्याउने हो, कसलाई के थाहा !

आजको यो विश्वमा जुन किसिमको हिंसा, बर्बरता, क्रुरता र आतंकले आकाश छुन लागिरहेको छ, त्यसलाई हेर्ने हो भने आशा पलाउनुको सट्टामा निराशा पछ्याउनुपर्ने स्थिति छ । कारण ज-जस्ले यो धरतीमा अहिंसाको पाठ पढाउन प्रतिष्ठा बढाउन खोजेका छन्, त्यसलाई अंगाल्न लागेका छन्, ती जम्मैलाई हिंसाले धराशायी पारि दिएका छन् । जुन कुराको हाम्रो साम् इतिहास साक्षी छ । अहिंसाको सन्देश प्रचारक शिक्षा दायक भगवान् बुद्धलाई अपवादको रूपमा राखी अन्य अहिंसाका पूजारी परमोपासकहरू हिंसाका शिकार भएको कुरा उनीहरूको रगतले सिञ्चित् भई दाग परेको यो धरती अहिलेसम्म पनि साक्षीको रूपमा मौन धारणगरी मूकदर्शक भएर विद्यमान छँदैछ । यो हो यो संसारको वास्तविक अनुहार । यो अनुहार फेर्नसक्ने को हुनसक्ला यो ब्रह्माण्डमा ? व्यक्तिको रूपमा त



Downloaded from http://dhamma.digital

फेलापार्नसक्ने स्थिति नै छैन । हिंस्रक मनोवृत्तिलाई पूरै परिवर्तन नगरिकन यो सम्भव छैन । यसको लागि उपाय के छ ? साधन के हो ? माध्यम कहाँ छ ? आफै आफैमा नखोजिकन फेलापर्दैन । त्यसैले पनि भगवान् बुद्धको मार्ग प्रदर्शन अति महत्वपूर्ण र प्रभावकारी रहेको छ । आफैले आफैलाई साक्षी राख्नु, नमूना अथवा उदारहणको रूपमा आफैलाई अगाडि उभ्याउनु, प्रस्तुत गर्नु ।

वस्तुत: अरूलाई आफू समान ठान्न नसक्नु, भेदविभेदको दृष्टि सृजना गरेर तँ-तँ म-म गर्ने प्रवृत्तिलाई बढावा दिइराख्नुले नै समस्या माथि समस्या थप्न गई समस्याहरू जटिल हुँदै गइराखेका हुन् । "म" र "तँ" भन्ने भावना जगाउनुको सट्टा यदि ती व्यक्तिहरूले "हामी" भन्ने भावना जगाउन सकेको खण्डमा आजको जुन हालत र हविगत यो देशले खपिराख्नु परेको छ, त्यो पूर्णत: शान्त भएर नजाला भन्न सकिन्न । वास्तवमा आजको द्वन्दात्मक समस्या भन्नु नै "म" र "तँ" ले सृजना गरिरहेको लक्ष्मण रेखा हो । त्यस्लाई मेटाउन "हामी" हुनु परेको छ । निर्बाध "हामी" बन्नको लागि चाहिने जे जति अवस्था र वातावरणहरू हुन् माथि नै उल्लेख भइसकेका छन् । त्यसलाई आत्मसातगरी सम्पूर्ण नेपाली "हामी नेपाली" बन्न सकून् यही सदिच्छा एवं शुभकामनाका साथ बिदा लिंदै छु ।

सबैको मंगल होस् । सबैको कल्याण होस् ।

✿



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Dhamma.Digital

**<u>सम्पादिकाको प्रकाशित पुस्तकहरू :</u>**

१) बुद्धयात गथे म्हसीके गु ?

२) रचना संग्रह

३) ख्वम मना

Downloaded from http://dhamma.digital